महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७८
कर्णाली प्रदेश



महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

कर्णाली प्रदेश



महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७८
कर्णाली प्रदेश



महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

Serving the Nation and the People

दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

मूल्य मान्यता (Core Values)

निष्ठा	(Integrity)
स्वतन्त्रता	(Independence)
व्यवसायिकता	(Professionalism)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)

नेपालका महालेखापरीक्षक

बबरमहल, काठमाडौं
नेपाल

पत्र संख्याः २०७८।७९
च.नं. ६१

मितिः २०७८।५।४

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

विषयः वार्षिक प्रतिवेदन

माननीय प्रदेश प्रमुखज्यू,
प्रदेश प्रमुखको कार्यालय,
कर्णाली प्रदेश, सुर्खेत ।

नेपालको संविधानको धारा २४१ बमोजिम कर्णाली प्रदेशको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी धारा २९४ को उपधारा (३) बमोजिम वार्षिक प्रतिवेदन पेस गरेको छु ।

भवदीय

(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

फोन नम्बर ४२६२९५८ फ्याक्स नम्बर ४२६८३०९ पोष्ट बक्स नम्बर १३३२८

विषय-सूची

परिच्छेद	शीर्षक	पृष्ठ
महालेखापरीक्षकको भनाइ		
लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति		
संचितकोष उपर राय		
परिच्छेद १	**लेखापरीक्षण गरिएका निकायको विवरण**	१
परिच्छेद २	**लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति**	४
परिच्छेद ३	**लेखापरीक्षणबाट देखिएका व्यहोरा**	७
	लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा	७
	मन्त्रालय र निकायगत ब्यहोरा	१६
	१. प्रदेश सभा सचिवालय	१६
	२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	१८
	३. आर्थिक मामिला तथा योजना मन्त्रालय	२१
	४. आन्तरिक मामिला तथा कानुन मन्त्रलय	२७
	५. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	३०
	६. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	३३
	७. भौतिक पूर्वाधार विकास मन्त्रालय	३८
	८. सामाजिक विकास मन्त्रालय	४९
	९. मुख्य न्यायाधिवक्ताको कार्यालय	५३
परिच्छेद ४	**प्रतिवेदन कार्यान्वयन स्थिति**	५४
परिच्छेद ५	**सुधारका क्षेत्रहरू**	५५
	अनुसूचीहरू	५९

महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ र लेखापरीक्षण ऐन, २०७५ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय, पूर्ण स्वामित्व भएका संगठीत संस्था र संघीय कानुन बमोजिम महालेखा परीक्षकबाट लेखापरीक्षण हुने भनी तोकिएका संस्था वा निकायको नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको आधारमा लेखापरीक्षण हुने व्यवस्था छ । नेपालको संविधानको धारा २९४(३) बमोजिम संवैधानिक निकायले प्रत्येक प्रदेशको काम कारवाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेश गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा १९(४) मा महालेखापरीक्षकले प्रदेश प्रमुख समक्ष वार्षिक प्रतिवेदन पेश गर्ने र सोही ऐनको दफा १९(५) मा उक्त प्रतिवेदन मुख्यमन्त्री मार्फत प्रदेश सभामा पेश हुने व्यवस्था छ । उल्लेखित व्यवस्था बमोजिम आर्थिक वर्ष २०७६/७७ को लेखापरीक्षण गरी यो प्रतिवेदन तयार पारिएको छ । प्रतिवेदनमा लेखापरीक्षण गरिएको निकायको विवरण, लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति, लेखापरीक्षणबाट देखिएका मुख्य व्यहोराहरू, लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन स्थिति र भविष्यमा गर्नुपर्ने सुधार समावेश गरिएको छ । प्रस्तुत प्रतिवेदन प्रदेश सभा, सार्वजनिक लेखा समितिमा छलफलद्वारा कार्यान्वयनमा आई आर्थिक अनुशासन कायम गर्न महत्त्वपूर्ण योगदान पुग्ने कुरामा विश्वस्त छु ।

नेपालको संविधान, लेखापरीक्षण ऐन, संघ एवं प्रदेशले तर्जुमा गरेका कानुन, लेखापरीक्षण मानदण्ड एवं असल अभ्यासहरू अनुसरण गरी वस्तुनिष्ठ ढंगले यो प्रतिवेदन तयार गरिएको छ । सरकारी लेखापरीक्षकहरूको आचारसंहिता लागु गरी सो को पालना सुनिश्चित गर्न अनुगमनको समेत व्यवस्था मिलाईएको छ । लेखापरीक्षणको क्रममा लेखा उत्तरदायी अधिकृत लगायत सम्बद्ध पक्षसँग आवश्यक छलफल गरी प्राप्त राय, सल्लाह र सुझाव बमोजिम लेखापरीक्षणलाई उद्देश्यमूलक बनाउने प्रयास गरिएको छ । लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न गुणस्तर आश्वस्तता पुनरावलोकन प्रणालीलाई सुदृढ तुल्याईएको छ ।

यस वर्ष कानुनको पालना, जवाफदेहिता वहन, लेखापालन र आर्थिक कारोबारको स्थिति, सार्वजनिक सम्पत्ति र स्रोत साधनको उपयोग, सार्वजनिक निर्माण र सेवा प्रवाह जस्ता विषयलाई लेखापरीक्षणको क्षेत्रमा समावेश गरिएको छ । यो वर्ष प्रदेश अन्तर्गत मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सहित मन्त्रालय र मातहतका कार्यालय, प्रदेशसभा सचिवालय, मुख्य न्यायधिवक्ताको कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालय समेत १२८ निकाय र विषयको रु.२३ अर्ब ४३ करोड ९५ लाख ६० हजार लेखापरीक्षण सम्पन्न भएकोमा रु.८३ करोड ४७ लाख ८१ हजार बेरुजु कायम भएको छ । यो बेरुजु कुल लेखापरीक्षण अङ्कको ३.५६ प्रतिशत हुन आउँछ । गत वर्ष लेखापरीक्षण अंकको २.७२ प्रतिशत बेरुजु कायम भएकोमा यस वर्ष ३.५६ प्रतिशत कायम भएकोले बेरुजु प्रतिशत बढेको छ । यस वर्ष म्याद ननाघेको पेस्कीलाई लगती बेरुजु मानिएको छैन ।

प्रदेश अन्तर्गतका कार्यालयहरूको लेखापरीक्षणबाट मुख्य रूपमा कतिपय आवश्यक कानुन निर्माण गर्नुपर्ने, दरबन्दी बमोजिमका कर्मचारीको पदपूर्ति गर्नुपर्ने, बजेटमा समावेश भएका नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने र प्रदेशस्तरका सेवा प्रवाहलाई नियमित एवं व्यवस्थित गर्न एकीकृत कार्यालयको अवधारणा अनुसार सीमित संख्याका कार्यालयबाट कार्यसम्पादन गर्ने व्यवस्था गरिनुपर्ने देखिएको छ । प्रदेश र स्थानीय तहका पदाधिकारीले प्राप्त गर्ने सेवा सुविधामा एकरुपता कायम गर्नुपर्ने, राजस्व सङ्कलनलाई प्रभावकारी बनाई संघीय सरकारबाट प्राप्त हुने अनुदानप्रतिको निर्भरतालाई न्यूनिकरण गर्ने, अनुत्पादक खर्च नियन्त्रण गर्न मितव्ययिता सम्बन्धी नीतिलाई प्रभावकारी रूपले कार्यान्वयन गर्ने, दिगो विकास लक्ष्यलाई प्राप्त गर्ने योजना तथा कार्यक्रममा समावेश गरी संघीय सरकार तथा स्थानीय तहसँग समन्वयात्मक ढङ्गले कार्य गर्नुपर्दछ ।

विकास निर्माणतर्फ परियोजना बैंकमा संकलित योजनामध्ये बढी उपलब्धीमुलक छनौट गरी कार्यान्वयन गर्ने, संघ, प्रदेश र स्थानीय तहमार्फत एकै प्रकृतिका कार्यक्रमहरू सम्पादन भई दोहिरिने, खप्टिने तथा टुक्रिने प्रवृत्ति नियन्त्रण गर्ने, साना तथा टुक्रे आयोजनमा लगानी नगर्ने, अनुदान र सहायता जस्ता वितरणमुखी कार्यक्रमहरूमा बजेट परिचालित गर्दा उपलब्धिको सुनिश्चितता गर्ने, अनुदानको अनुगमन प्रभावकारी बनाउने र जटिल प्रकृतिका निर्माण सुधारका कार्यहरू समेत उपभोक्ता समितिबाट गराउने प्रक्रियामा सुधार गरी जनसहभागिता जुटाई कार्यक्रम कार्यान्वयन गर्नुपर्ने देखिन्छ । त्यस्तै फजुल खर्च घटाउने, अनावश्यक खर्च कटौती गर्ने, प्रदेश सरकार र मातहतका निकायमा हुने अनियमितता, भ्रष्टचारजन्य क्रियाकलाप नियन्त्रण गर्न नियमित अनुगमन, निरीक्षण तथा सुपरिवेक्षण गरी सुशासन कायम गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

प्रदेशस्तरमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहलाई नमूनाको रूपमा सञ्चालन गर्ने गर्न सकिने देखेको छु । यस प्रतिवेदनमा प्रदेश सरकारको कार्य क्षेत्र र मन्त्रालय तथा निकायहरूको विस्तृत विश्लेषण सहित समावेश भएका प्रतिवेदनका व्यहोरा र सुझावबाट प्रदेशस्तरको शासकीय व्यवस्था र विकास निर्माण कार्य सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरिएको छ । महालेखापरीक्षकले प्रदेश प्रमुखसमक्ष पेश गरेको प्रतिवेदन यथासमयमा प्रदेश सभामा पेश हुनु पर्दछ । यसबाट जनप्रतिनिधिको थलोमा समयमै प्रतिवेदनउपर छलफल भए समस्या समाधान गर्न सहज हुने भएकोले यस्तो प्रतिवेदन पेश भएपछि प्रदेश सभामा तत्काल पेश गरी छलफलको व्यवस्था हुनुपर्दछ ।

प्रदेश सरकारलाई संघ र स्थानीय तहबीच समन्वय कायम गरी वित्तीय अनुशासन कायम गर्न र उपलब्ध स्रोत साधनको अधिकत्तम प्रयोग गर्दै विकास निर्माण, सेवा प्रवाह र रोजगारी सिर्जना जस्ता कार्यमा महत्त्वपूर्ण योगदान पुऱ्याउन सक्ने अवसर प्राप्त भएको छ । नेपालको संविधान बमोजिम आन्तरिक आय परिचालन गरी आत्मनिर्भर हुनेतर्फ प्रदेश सरकारका काम कारवाही निर्देशित गर्नुपर्ने देखिन्छ ।

अन्त्यमा, लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा अमूल्य सुझाव दिई सहयोग गर्ने माननीय प्रदेश प्रमुखज्यू, माननीय मुख्यमन्त्री तथा मन्त्रीज्यूहरू, माननीय प्रदेश सभाका सभामुख तथा उपसभामुखज्यू, प्रदेश सभा सदस्यज्यूहरू लगायत प्रदेशका सबै निकाय र पदाधिकारी तथा विकास साझेदार, नागरिक समाज र सञ्चारकर्मीहरूप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, कोरोना भाइरसको महामारीको बाबजूद अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीहरूलाई विशेष धन्यवाद दिन चाहन्छु ।

(टंकमणि शर्मा, दंगाल)

महालेखापरीक्षक

लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

१. **संवैधानिक तथा कानुनी व्यवस्था** : नेपालको संविधानको धारा २४१ बमोजिम प्रदेश सभा, प्रदेश सरकार र प्रदेश सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३३ मा प्रत्येक कार्यालयले सबै प्रकारका आयव्यय तथा कारोबारको तोकिएबमोजिमको लेखा र वित्तीय विवरण पेश गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ ।

२. **उद्देश्य** : सार्वजनिक स्रोतको प्राप्ति र उपयोग तथा सार्वजनिक सेवा प्रवाहको सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा लेखापरीक्षण गरी उचित निष्कर्ष र सुझाव प्रदान गर्न तथा वित्तीय प्रतिवेदनउपर आश्वस्तता प्रदान गर्नु लेखापरीक्षणको प्रमुख उद्देश्य रहेको छ । देहायका विषयहरू सुनिश्चित गर्नु लेखापरीक्षणको अन्य उद्देश्यहरू रहेका छन्:

- आर्थिक विवरण तोकिएको ढाँचामा तयार गरी यथार्थ स्थिति चित्रण गरेको,
- प्रदेश सञ्चित कोष तथा अन्य सरकारी कोषको हिसाब यथार्थपरक रहेको,
- प्रदेश विनियोजन ऐनबमोजिम स्वीकृत सीमाभित्र रही तोकेको कार्य र प्रयोजनमा खर्च गरेको,
- राजस्वलगायत समस्त आम्दानी र धरौटी असुली एवं दाखिला गरेको,
- सरकारी सम्पत्तिको व्यवस्थापन एवं स्रोतको हानि नोक्सानी र दुरुपयोग हुन नपाउने गरी आन्तरिक नियन्त्रण व्यवस्था गरेको र सोको कार्यान्वयन भएको,
- आर्थिक कारोबार गर्दा प्रचलित ऐन कानूनको परिपालना गरेको एवं पुष्ट्याई गर्ने प्रमाण यथेष्ठ राखेको,
- स्वीकृत कार्यक्रमअनुसार निर्धारित समयभित्र लक्ष्य र उपलब्धि हासिल गरेको,
- सार्वजनिक निकायले तोकिएबमोजिम विकास निर्माण र सेवा प्रवाह गरेको,
- आर्थिक कारोवार गर्दा मितव्ययिता कार्यदक्षता र प्रभाकारितामा पर्याप्त ध्यान दिएको,
- सार्वजनिक निकायले जवाफदेहिता वहन गरेको,
- कोभिड १९ को विश्वव्यापी महामारीको रोकथाम, नियन्त्रण तथा उपचार सम्बन्धमा सञ्चालित क्रियाकलाप र खर्च कानूनसम्मत एवं प्रभावकारी तवरले गरेको ।

३. **क्षेत्र** : यो वर्ष प्रदेश सभा, प्रदेश मन्त्रालय, संवैधानिक अंग, प्रदेश कार्यालय र समिति तथा अन्य संस्था समेत १२८ निकायको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षणको क्रममा कानुनको परिपालना, विकास निर्माण र सेवा प्रवाहको स्थिति मूल्यांकन गर्न सूचना तथा तथ्यांकसमेत संकलन गरी अध्ययन एवं विश्लेषण गरिएको छ ।

४. **पद्धति** : लेखापरीक्षण ऐन, २०७५ मा उल्लेखित व्यवस्था, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय, कार्यमूलक, प्रकोप व्यवस्थापन तथा अन्य सान्दर्भिक लेखापरीक्षण निर्देशिका, मार्गदर्शन र असल अभ्यासको अनुसरण गरी लेखापरीक्षण गरिएको छ । समग्र लेखापरीक्षण गर्नुपर्ने निकायहरूलाई जोखिम मूल्यांकनको आधारमा न्यून, मध्यम र उच्च जोखिमयुक्त निकायमा वर्गीकरण गरी उच्च

जोखिमयुक्त ३६ निकायको विस्तृत लेखापरीक्षण, मध्यम जोखिमयुक्त ५२ निकायको प्रदेश एकल कोष खाताबाट छनौट गरिएका कारोवारको परीक्षण र न्यून जोखिमयुक्त ४० निकायको सम्बन्धमा दूर लेखापरीक्षण कार्यविधि अवलम्बन गरी लेखापरीक्षण गरिएको छ ।

यसका अलावा लेखापरीक्षणबाट देखिएका व्यहोराउपर सम्बन्धित निकायका प्रमुखसँग छलफल गरेपश्चात् लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी गरिएको र सो उपर निकायबाट प्राप्त जवाफ/प्रतिकृया समेतलाई आधार मानी यो प्रतिवेदन तयार गरिएको छ । लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न उच्च तहबाट सुपरीवेक्षण, स्थलगत निरीक्षण, लेखापरीक्षण सम्पन्न फाइल तथा प्रतिवेदनको पुनरावलोकन र छनौट भएका लेखापरीक्षण फाइलको गुणस्तर पुनरावलोकनसमेत गर्ने गरिएको छ । नीतिगत विषयमा राय लिन लेखापरीक्षण सल्लाहकार समिति गठन गरिएको र विभिन्न क्षेत्रका विषयविज्ञ संलग्न गराइएको छ ।

५. **छलफल र अन्तर्क्रिया** : महालेखापरीक्षकको २०७६/७७ को लेखापरीक्षणको सिलसिलामा कर्णाली प्रदेशका सम्पूर्ण निकायका उच्च पदस्थ पदाधिकारीहरूसँग लेखापरीक्षणमा महालेखापरीक्षकको भूमिका, जवाफदेहिता, पारदर्शिता र लेखापरीक्षण कार्यक्रम सम्बन्धमा भर्चुअल माध्यमबाट छलफल भएको थियो ।

६. **वार्षिक प्रतिवेदन** : महालेखापरीक्षकले प्रत्येक प्रदेशमा आफूले गरेको काम कारवाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेश गर्नसक्ने नेपालको संविधानको धारा २९४ को उपधारा (३) को व्यवस्था अनुसार यो प्रतिवेदन तयार गरिएको छ । यस प्रतिवेदनमा ५ परिच्छेद तथा १५ अनुसूची रहेका छन् । परिच्छेद १ मा लेखापरीक्षण गरिएका निकायको विवरण, परिच्छेद २ मा लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति, परिच्छेद ३ मा लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा, परिच्छेद ४ मा प्रतिवेदन कार्यान्वयन स्थिति र परिच्छेद ५ मा सुधारका क्षेत्रहरू उल्लेख गरिएको छ ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्याः २०७८/७९
च.नं.: ९३५

मितिः २०७८/५/३

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

श्री सचिव,
आर्थिक मामिला तथा योजना मन्त्रालय,
कर्णाली प्रदेश, सुर्खेत ।

विषयः प्रदेश सञ्चितकोषको आर्थिक विवरण उपर लेखापरीक्षण प्रतिवेदन ।

कैफियत सहितको राय

हामीले कर्णाली प्रदेश सञ्चित कोषको आर्थिक वर्ष २०७६।७७ को प्राप्ति भुक्तानीको एकीकृत वार्षिक आर्थिक विवरण, मन्त्रालयगत बजेट तथा खर्च विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू (अनुसूची-१४) को लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को प्राप्ति भुक्तानीको एकीकृत वार्षिक आर्थिक विवरण, मन्त्रालयगत बजेट तथा खर्च विवरण र त्यससंग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको आर्थिक विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान र आर्थिक कार्यविधि र वित्तिय उत्तरदायित्व ऐन तथा प्रचलित कानुन बमोजिम सारभूत रूपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

कैफियतसहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रूपमा आर्थिक विवरणलाई सारभूत असर पार्ने ब्यहोरा निम्नानुसार छनः

१. प्रदेश सञ्चित कोषको स्वीकृत ढाँचा प्रयोग गरी आर्थिक विवरण तयार गरेको छैन ।
२. प्रदेश सरकारका मन्त्रालय र मातहतको लेखापरीक्षणबाट रु. ८३ करोड ४७ लाख ८१ हजार बेरुजु देखिएको छ । सो मध्ये असुल गर्नुपर्ने रु.१४ करोड ५८ लाख ९८ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.३१ करोड ९९ लाख २५ हजार, नियमित गर्नुपर्ने रु.२२ करोड ८ लाख १५ हजार र पेस्की बाँकी रु.१४ करोड ८१ लाख ४३ हजार रहेको छ।
३. प्रदेश सरकारले स्थिर सम्पतिको अवस्था आर्थिक विवरणमा खुलासा गरेको छैन । सम्पतिको बिस्तृत विवरण खुलासा नगरेको कारण मुल्याङ्कन गर्न सक्ने अवस्था रहेन । सम्पतिको मुल्यांकनका आधार समेत स्पष्ट छैन ।
४. गत वर्षको सञ्चित कोषको मौज्दात रु.११ अर्ब ६२ करोड ८८ लाख ९६ हजार रहेकोमा यस वर्ष रु.१० अर्ब ४ करोड ९६ लाख ८ हजार जिम्मेवारी सारेकाले रु.१ अर्ब ५७ करोड ९२ लाख ८८ हजार घटी जिम्मेवारी सारेको देखियो । सोको आधार पेश हुनुपर्दछ ।
५. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार बाँडफाँड गर्नुपर्ने सवारी साधन कर संकलन वापतको रकम प्रदेश विभाज्य कोषमा जम्मा गर्नु पर्ने र सो मध्ये ६० प्रतिशत प्रदेश संचित कोषमा र ४० प्रतिशत स्थानीय संचितकोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । विभाज्य कोषमा रहेको सवारी साधन कर तर्फ रु. ९ करोड १३ लाख ४९ हजार मौज्दात रकमको बाँडफाँड गरेको छैन ।

६. प्रदेश र स्थानीय तह बीच बाँडफाँड हुने राजस्व जम्मा हुने गरी खडा गरिएको प्रदेश बिभाज्य कोषमा रु.१७ करोड ३३ लाख ३० हजार रहेको छ । प्राप्त हुनुपर्ने सबै रकमको अध्यावधिक विवरण तयार भएको पाइएन ।

७. समपूरक अनुदान वापत संघीय सरकारबाट यो वर्ष प्रदेश सरकारलाई रु. ४६ करोड ८९ लाख प्राप्त भएकोमा प्रदेश सरकारको यो वर्ष ५० प्रतिशत र संघीय सरकारको ५० प्रतिशत लागत सहभागितामा योजना तथा कार्यक्रम संचालन गर्ने व्यवस्था अनुरुप सोही बराबरले हुने रकम कार्यक्रम, बजेट तथा अख्तियारीमा खुलाई रकम पठाउनुपर्ने र समपूरक तर्फ बजेट समेत छुट्याउनु पर्नेमा नेपाल सरकारको अंश मात्र रु. १६ करोड ५३ लाख ७३ हजार निकासा दिएको छ । सो खर्च रकमको ५० प्रतिशतको हिसावमा संघीय सरकारलाई रु.८ करोड २६ लाख ८७ हजार प्रदेश सञ्चित कोषबाट फिर्ता गर्नुपर्ने देखिन्छ ।

८. प्रदेश सरकारको स्रोतबाट ७९ स्थानीय तहलाई समपूरक अनुदान रु.३९ करोड ४० लाख २७ हजार हस्तान्तरण गरेको छ । प्रदेश लेखा नियन्त्रक कार्यालयले २०७७ आषाढ मसान्तसम्मको सम्बन्धित स्थानीय तह अनुसार वास्तविक खर्च तथा फिर्ता गर्नुपर्ने रकम भिडान नगरी हस्तान्तरण गरेको सबै रकमलाई खर्चमा खुलासा गरेको छ । यथार्थ खर्चको विवरणको आधारमा फिर्ता गर्नुपर्ने रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्नेमा गरेको देखिएन ।

९. कार्यालयगत राजश्वको आर्थिक विवरणअनुसार कुल राजश्व रु.४ अर्ब ८८ करोड ८४ लाख ४१ हजार र सञ्चित कोषको विवरणअनुसार कुल राजश्व रु.५ अर्ब २२ करोड १७ लाख ८ हजार रहेकोले रु. ३३ करोड ३२ लाख ६७ हजार फरक देखिएको छ । सोको हिसाब मिलान गर्नुपर्दछ ।

१०. ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र स्रोत सुनिश्चितता, राजस्व असुली, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाहलगायतका विषयमा कमी कमजोरी देखिएका छन् ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । संञ्चितकोषको आर्थिक विवरण तयार गर्ने प्रदेश लेखा नियन्त्रकको कार्यालयसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामान बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रूपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी प्रदेश सरकारमा रहेको छ । प्रदेश मन्त्रालयका लेखाउत्तरदायी अधिकृतहरू प्रदेश संञ्चितकोषको आर्थिक प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्ततालेसामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रूपमा गलत आँकडा मानिएको छ ।

(रामाया कुँवर)
उप-महालेखापरीक्षक

परिच्छेद –१

लेखापरीक्षण गरिएका निकायको विवरण

- **समष्टिगत लेखापरीक्षण स्थिति**

लेखापरीक्षण गरीएका निकाय	संख्या	रकम (रु. हजारमा)
१. सरकारी कार्यालय	११८	२३०९१३१०
२. अन्य संस्था तथा समिति	१०	३४८२५०
जम्मा	१२८	२३४३९५६०

यो वर्ष प्रदेश मातहतका ११८ सरकारी निकायको रु.२३ अर्ब ९ करोड १३ लाख १० हजार र समितितर्फ १० निकायको रु.३४ करोड ८२ लाख ५० हजार समेत रु.२३ अर्ब ४३ करोड ९५ लाख ६० हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षण गरीएका कार्यालयहरूको विवरण अनुसूची–१क मा उल्लेख छ ।

१. **सरकारी निकाय :** यो वर्ष ११८ सरकारी निकायको विनियोजन राजस्व धरौटी र अन्यतर्फ निम्नानुसार लेखापरीक्षण सम्पन्न भएको छः-

(रु. हजारमा)

क्र.सं.	कारोबार	लेखापरीक्षण सम्पन्न		
		२०७६।७७ को रकम	बक्यौता	जम्मा
१.	विनियोजन	**१६८७५४२३**	०	**१६८७५४२३**
२.	राजस्व	४८८८४४१	०	४८८८४४१
३.	धरौटी	५२९८२७	०	५२९८२७
४.	अन्य	७९७६१९	०	७९७६१९
जम्मा		**२३०९१३१०**	**०**	**२३०९१३१०**

लेखापरीक्षण सम्पन्न निकाय र लेखापरीक्षण रकमको विवरण **अनुसूची-२** मा उल्लेख छ ।

२. **समिति र अन्य संस्था** : यो वर्ष १० समितिको रु.३४ करोड ८२ लाख ५० हजारको लेखापरीक्षण गरिएको छ । विस्तृत विवरण **अनुसूची ४ र ५** मा उल्लेख छ । लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा परिच्छेद-३ को मन्त्रालय खण्डमा समावेश छ ।

३. **प्रदेश बजेट कार्यान्वयन स्थिति :** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार २०७६।७७ को बजेट अनुमान र यथार्थ खर्च निम्नानुसार छः-

(रु. हजारमा)

शीर्षक /क्षेत्र	२०७६।७७ को		
	बजेट अनुमान	यथार्थ खर्च	प्रतिशत
चालु	१३०५९६५३	७३४४९३१	४३.५१
पुँजिगत	२१२९३७७२	९५३५२७३	५६.४९
जम्मा	३४३५३४२५	१६८८०२०४	४९.१४

४. **खर्चको स्थिति** : प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार यो वर्ष कुल चालु र पुँजिगत खर्चको विवरण निम्नानुसार छ :-

(रु. हजारमा)

सि.नं.	निकाय	शुरु बजेट		यथार्थ खर्च	
		चालु	पूजिगत	चालु खर्च	पुजिगत खर्च
१	प्रदेश व्यवस्थापिका	१२३१७६	४१८००	९७८७०	९१५२
२	मुख्य न्यायधिवक्ताको कार्यालय	१११८८	५०७५	८५५२	८४५
३	मुख्य मन्त्रि तथा मन्त्रिपरीषदको कार्यालय	१७८८२७८	३४९३३५०	५१७८४७	७३९०९०
४	आर्थिक मामिला मन्त्रालय तथा योजना मन्त्रालय	१०६१२३	२२५४७	६४९८७	९२६८
५	उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय	१०८१४८१	१७८४२६२	६१८८५०	८७५१५१
६	भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय ,	२३३६५२९	१०९४०५०	१७३७५७३	९७०२७९
७	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	२८८४२४	४११५००	३६४५५८	६४३४२
८	भौतिक पूर्वाधार विकास मन्त्रालय	५५३७९२	१०१५१०३१	२६९२५१	४६३०४०२
९	सामाजिक विकास मन्त्रालय	२९२५४७२	१७७४७९७	१८११२२५	११८१९३३
१०	कर्णाली प्रदेश योजना आयोग	४५८७४	१२६३५	११९८२	२३४१
११	प्रदेश लोक सेवा आयोग	२७०३६	२७२५	०	०
	जम्मा	**९२८७३७३**	**१८७९३७७२**	**५५०२६९५**	**८४८२८०३**
१२	**अर्थ वित्तीय व्यवस्था**	०	२००००००	०	०
	कर्मचारी सुविधा तथा सेवा निवृत्त सुविधा	१२००००	०	०	०
	अर्थ विविध	२८५२२८०	५०००००	०	०
१३	**स्थानीय तह**	८०००००	०	१८४२२३६	१०५२४७०
	जम्मा	**१३०५९६५३**	**२१२९३७७२**	**७३४४९३१**	**९५३५२७३**

५. **स्थानीय तहलाई बजेट** : प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेटको उद्देश्य परिपूर्तिका लागि प्रदेश कानुन बमोजिम विकास निर्माण तथा सेवा प्रवाहका कार्य अगाडि बढाउनुपर्नेमा प्रदेशले विनियोजन गरेको बजेटबाट स्थानीय सरकारका कार्यक्रम संचालन गर्न रु.९९ करोड ९ लाख २४ हजार समेत चालुतर्फ रु.१ अर्ब ८४ करोड २२ लाख ३६ हजार र पुँजीगततर्फ रु.१ अर्ब ५ करोड २४ लाख ७० हजार समेत रु.२ अर्ब ८९ करोड ४७ लाख ६ हजार हस्तान्तरण गरेको छ । अन्य सरकारलाई बजेट दिएको विवरण **अनुसूची १३** मा उल्लेख गरिएको छ ।

६. **स्रोतगत अनुमान र यथार्थ खर्च** : प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार २०७६।७७ को अनुमान र यथार्थ खर्चको स्रोतगत विवरण निम्नानुसार छः

(रु. हजारमा)

स्रोत	२०७६।७७ को		अनुमानको तुलनामा खर्च प्रतिशत
	अनुमान	यथार्थ खर्च	
संघीय सरकार तर्फ	**१६९३३२००**	**३५४२०४७**	**२०.९२**
समानीकरण अनुदान	९८४८३००	८२२९११	८.३६
सशर्त अनुदान	५२७२७००	२२८३३५३	४३.३०
समपूरक अनुदान	९०००००	१६५३७३	१८.३७
विशेष अनुदान	९१२२००	२७०४१०	२९.६४
प्रदेश सरकार तर्फ			
प्रदेश सरकारको खर्च	**१७४२०२२५**	**१३३३८१५७**	**७६.५७**
जम्मा	**३४३५३४२५**	**१६८८०२०४**	**४९.१४**

आर्थिक वर्ष २०७६।७७ मा प्रदेश सरकारको कुल खर्चको २०.९८ प्रतिशत संघीय सरकारबाट हस्तान्तरण भई आएको अनुदान र प्रदेश सरकारको श्रोत तर्फ ७९.०२ प्रतिशत रहेको छ ।

७. **राजस्व असुली :** प्रदेश सरकार संचालनको मूल आधार राजस्व संकलन र परिचालन रहेको छ । प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार आर्थिक वर्ष २०७६।७७ मा प्रदेश सरकारले प्राप्त गरेको राजश्व तथा आयको विवरण निम्न अनुसार छ:-

(रु. हजारमा)

शीर्षक	राजश्व संकेत	राजश्व अनुमान	राजश्व असुली	असुली प्रतिशत
कर राजश्व	११०००	७४४४३००	५१३०२५१	९८.२५
अन्य राजश्व	१४०००	२७८४४१	९१४५७	१.७५
	जम्मा	**७७२२७४१**	**५२२१७०८**	**१००**

७.१. आर्थिक वर्ष २०७६।७७ मा प्रदेश सरकारले प्राप्त गरेको रु.५ अर्ब २२ करोड १७ लाख ८ हजार मध्ये सँघीय सरकारबाट प्राप्त राजश्व बाँडफाँट रकम रु.४ अर्ब ८९ करोड ४२ लाख ४६ हजार (९३.७३ प्रतिशत) रहेको छ । प्रदेश सरकारले उक्त बाँडफाँट राजश्व मध्ये सवारी साधन कर बापत रु.८ करोड ९३ लाख ७ हजार संकलन गरेको छ ।

७.२. कार्यालयगत राजश्वको आर्थिक विवरणअनुसार कुल राजश्व रु.४ अर्ब ८८ करोड ८४ लाख ४१ हजार र सञ्चित कोषको विवरणअनुसार कुल राजश्व रु.५ अर्ब २२ करोड १७ लाख ८ हजार रहेकोले रु. ३३ करोड ३२ लाख ६७ हजार फरक देखिएको छ । सोको हिसाब मिलान गर्नुपर्दछ ।

७.३. प्रदेशलाई घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन, कृषि आयमा कर, सेवा शुल्क दस्तुर, दण्ड जरिवाना कानुन बनाई कर तथा शुल्कका दर तोक्ने व्यवस्था छ । आर्थिक वर्ष २०७६।७७ मा पेश भएको बजेटमा आन्तरिक आम्दानी रु.२५ करोड १० लाख ४१ हजार प्राप्त हुने लक्ष्य लिएकोमा रु.२३ करोड ४४ लाख ७४ हजार (९३.४० प्रतिशत) प्राप्त भएको छ ।

८. **वित्तीय हस्तान्तरण :** आर्थिक वर्ष २०७६।७७ मा प्रदेश संचित कोषबाट स्थानीय तहमा गरेको वित्तीय हस्तान्तरणको विवरण निम्न छ :-

(रु. हजारमा)

स्रोत	बजेट	हस्तान्तरण	हस्तान्तरण प्रतिशत
समानिकरण अनुदान	८००००	८००००	१००
शसर्त अनुदान	१२०८९६१	५२७८४५	४३.६६
विशेष अनुदान	३०००००	१८१९१०	६०.६४
समपूरक अनुदान	१००००	३९४०२७	३९४०.२७
जम्मा	**३३०८९६१**	**१९०३७८२**	**५७.५३**

प्रदेश सरकारले वित्तीय हस्तान्तरण मार्फत यो वर्ष ७९ स्थानीय तहमा रु.१ अर्ब ९० करोड ३७ लाख ८२ हजार उपलव्ध गराएको छ ।

परिच्छेद -२

लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति

१. **बेरुजु** : प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २(द) मा प्रचलित कानुनबमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमुनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औँल्याइएको वा ठहऱ्याएको कारोबारलाई बेरुजुको रूपमा परिभाषित गरेको छ ।

सोही ऐनले बेरुजुलाई असुल गर्नुपर्ने, नियमित गर्नुपर्ने र पेस्की गरी ३ वर्गमा वर्गीकरण गरेको छ । यस कार्यालयले बेरुजु वर्गीकरण गर्दा असुल गर्नुपर्ने बेरुजुमा हिनामिना र मस्यौट, हानी, नोक्सानी र अन्य असुल गर्नुपर्ने गरी ३ समूहमा, नियमित गर्नुपर्ने बेरुजुलाई अनियमित भएको, प्रमाण कागजात पेश नभएको, जिम्मेवारी नसारेको र शोधभर्ना नलिएको गरी ४ समूहमा र पेस्कीलाई कर्मचारी, मोबिलाइजेसन, प्रतीतपत्र र संस्थागत पेस्की गरी ४ समूहमा वर्गीकरण गरेको छ ।

यो वर्ष प्रदेश सरकारी कार्यालय र समिति तथा अन्य संस्थातर्फ लेखापरीक्षणबाट औँल्याइएको बेरुजु रु.८३ करोड ४७ लाख ८१ हजार रहेको छ । सो बेरुजु अंकको वर्गीकरण निम्नानुसार छः

(रु. हजारमा)

वर्गीकरण	सरकारी कार्यालय	समिति र अन्य संस्था	जम्मा	कुल बेरुजूको प्रतिशत
जम्मा बेरुजु	**८३४७८१**	**०**	**८३४७८१**	**१००**
१.असुल गर्नुपर्ने	**१४५८९८**	**०**	**१४५८९८**	**१७.४७**
२. नियमित गर्नुपर्ने	**५४०७४०**	०	**५४०७४०**	**६४.७८**
• अनियमित भएको	२२०८१५	०	२२०८१५	२६.४६
• प्रमाण कागजात पेस नभएको	३१९९२५	०	३१९९२५	३८.३२
• जिम्मेवारी नसारेको	०	०	०	०
• शोधभर्ना नलिएको	०	०	०	०
३.पेस्की	**१४८१४३**	**०**	**१४८१४३**	**१७.७५**
• कर्मचारी पेस्की	४२१३३	०	४२१३३	५.०५
• मोबिलाइजेसन पेस्की	०	०	०	०
• प्रतीतपत्र पेस्की	०	०	०	०
• संस्थागत पेस्की	१०६०१०	०	१०६०१०	१२.७०

बेरुजु वर्गीकरणको विवरण **अनुसूची-१० र ११** मा उल्लेख छ ।

२. **अद्यावधिक बेरुजु :** गत वर्ष सम्म रु. ५१ करोड ७१ लाख ७० हजार बेरुजु रहेकोमा यो वर्ष रु.४ करोड ४ लाख २ हजार सम्परीक्षण भई रु.४७ करोड ६७ लाख ६८ हजार बाँकी रहेको र यो वर्ष रु. ८३ करोड ४७ लाख ८१ हजार थप भई जम्मा बेरुजु रु.१ अर्ब ३१ करोड १५ लाख ४९ हजार कायम भएको छ । यस सम्बन्धी विवरण **अनुसूची -१२** मा रहेको छ ।

(रु. हजारमा)

क्र.सं.	विवरण	गत वर्षसम्म	यस वर्ष	जम्मा रकम
१	प्रदेश सरकारी कार्यालयको बेरुजु	४७१८१०	८३४७८१	१३०६५९१
२	अन्य संस्था तथा समितिको बेरुजु	४९५८	०	४९५८
	जम्मा	**४७६७६८**	**८३४७८१**	**१३११५४९**

३. **बेरुजु विश्लेषण :** प्रदेश सरकारी कार्यालय, अन्य संस्था र समितिको बेरुजुको अवस्था निम्नानुसार रहेको छ :

३.१ प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३७ मा लेखापरीक्षणबाट औँल्याइएको बेरुजु सम्बन्धमा प्रमाण पेश गरी वा नियमित गरी गराई वा असुलउपर गरी फर्स्यौंट गर्ने दायित्व सम्बन्धित कार्यालय प्रमुख र आर्थिक प्रशासन प्रमुखको हुने व्यवस्था छ । सोही ऐनको दफा ३५ मा औँल्याइएको बेरुजुको ३५ दिन वा म्याद थप भएकोमा सो म्यादभित्र फर्स्यौंट गर्ने र फर्स्यौंट नगरेमा लेखाउत्तरदायी अधिकृत र विभागीय मन्त्री वा राज्यमन्त्रीलाई जानकारी दिने उल्लेख छ । सोही व्यवस्था बमोजिमको प्रक्रिया पुरा गर्दा समेत २०७६।७७ को बेरुजु फर्स्यौंट नभएकाले सो अवधिमा कार्यरत लेखाउत्तरदायी अधिकृतहरूको नामावली र बेरुजु रकम **अनुसूची—१४** मा समावेश गरिएको छ ।

३.२ सरकारी कार्यालय अन्य संस्था तथा समितितर्फ यो वर्ष रकमगत आधारमा बढी बेरुजु हुने निकाय निम्नानुसार छन् :-

क्र.स.	मन्त्रालय	लेखापरीक्षण अङ्क	बेरुजु अंक				कुल बेरुजुको प्रतिशत	ले.प.अङ्कको तुलनामा बेरुजु प्रतिशत
			असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने	पेस्की बाँकी	जम्मा		
१.	सामाजिक विकास मन्त्रालय	३२११३७५	२३७१३	२०४२२५	८३७९५	३११७३३	३७.३४	१.३०
२.	भौतिक पूर्वाधार विकास मन्त्रालय	५४०१४९५	११०१७	१५६९८३	३२२३८	२००२३८	२३.९९	३.७१
३.	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	२७२६०९१	९७९४१	६९३७४	३१०७२	१९८३८७	२३.७७	७.२८
४.	उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	१८००७००	११५६२	१०८१६६	१०३८	१२०७६६	१४.४७	६.७१
५.	प्रदेश सभा सचिवालय	१०८००१	१४३१	१४९२	०	२९२३	०.३५	२.७१
६.	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	७३१९०७	०	५००	०	५००	०.०६	०.०७
७.	मुख्य न्यायधिवक्ताको कार्यालय	९६४३	१२५	०	०	१२५	०.०१	१.३०
८.	आर्थिक मामिला तथा योजना मन्त्रालय	७७६५८०७	१०९	०	०	१०९	०.०१	०.००१

सरकारी कार्यालयतर्फ सामाजिक विकास मन्त्रालय बढी बेरुजु हुने मन्त्रालय तथा निकायको क्रममा पहिलो स्थानमा रहेको, भौतिक पूर्वाधार विकास मन्त्रालय दोस्रो, भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय तेस्रो र उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय चौथो नम्बरमा रहेका छन् ।

३.३ यो वर्ष ११८ प्रदेश कार्यालय र १० अन्य संस्था तथा समितिको लेखापरीक्षण गरेकोमा २७ कार्यालय (२१.१० प्रतिशत) मा बेरुजु देखिएन ।

३.४ यो वर्ष प्रदेश मातहतका सरकारी कार्यालय ११८ को लेखापरीक्षण गरेकोमा ६ कार्यालयमा लगती बेरुजु देखिएको छैन । समिति तथा अन्य संस्था १० मा बेरुजु देखिएको छैन।

३.५ यो वर्ष १०१ प्रदेश कार्यालयको १ हजार ५ सय ८५ दफा बेरुजु देखिएकोमा ९७२ दफा सैद्धान्तिक र ६१३ दफा लगती बेरुजु कायम भएको छ ।

३.६ प्रदेश सरकारी कार्यालयतर्फ गतवर्षसम्मको पेस्की रु.२२ करोड ९३ लाख ४३ हजार बाँकी रहेकोमध्ये रु.३० हजार (०.०१ प्रतिशत) फस्यौंट भई बाँकी रु.२२ करोड ९३ लाख १३ हजार र यो वर्ष थप रु.३१ करोड ८६ लाख ३ हजार समेत कुल पेस्की रु.५४ करोड ७९ लाख १६ हजार बाँकी रहेको छ । यो वर्ष थप भएकोमध्ये म्याद ननाघेको पेस्की रु.१७ करोड ४ लाख ६० हजार र म्याद नाघेको पेस्की रु.१४ करोड ८१ लाख ४३ हजार रहेको छ । सोमध्ये कर्मचारीतर्फ रु.८ करोड ३१ लाख ९५ हजार (१५.१८ प्रतिशत), मोबिलाइजेशनतर्फ रु.४३ करोड ४७ लाख ४९ हजार (७९.३५ प्रतिशत) र अन्य पेस्की रु.२ करोड ९९ लाख ७२ हजार (५.४७ प्रतिशत) रहेको छ । यस सम्बन्धी विवरण **अनुसूची ६** मा छ ।

३.७ प्रदेश सरकारी कार्यालय अन्य संस्था तथा समितितर्फ यो वर्ष लेखापरीक्षणबाट असुल गर्नुपर्ने देखिएको रु.१४ करोड ७४ लाख ९७ हजारमध्ये २५ कार्यालयले लेखापरीक्षणको क्रममा रु.१५ लाख ९९ हजार र सम्परीक्षणबाट रु. १ लाख समेत रु.१६ लाख ९९ हजार असुल गरेका छन । यससम्बन्धी विवरण **अनुसूची–७** मा छ ।

३.८ सरकारी कार्यालय, अन्य संस्था तथा समितितर्फ ३३ निकायको रु. ३८ लाख ९ हजार अग्रिम कर कट्टी नगरेको ब्यहोरा औंल्याएकोमा असुल गर्न बाँकी छ । यस सम्बन्धी विवरण **अनुसूची–८** मा उल्लेख छ ।

३.९ प्रदेश सरकारी कार्यालय अन्य संस्था तथा समितितर्फ यो वर्षको लेखापरीक्षण र बेरुजु अङ्कको तुलनात्मक स्थिति निम्नानुसार छः-

(रु. हजारमा)

प्रतिवेदन	कुल लेखापरीक्षण अङ्क	बेरुजु अङ्क	प्रतिशत	पेस्की बाहेकको बेरुजु	पेस्की बाहेकको बेरुजु प्रतिशत
२०७५	२३७८५२	१७७	०.०७	१७७	०.०७
२०७७	१९००४९४४	५१६९९३	२.७२	२८७६५०	१.५१
२०७८	२३४३९५६०	८३४७८१	३.५६	६८६६३८	२.९३

परिच्छेद-३

लेखापरीक्षणबाट देखिएका व्यहोरा

लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा

१. **लेखापरीक्षण बक्यौता** : प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३३ र ३४ मा महालेखापरीक्षकले तोकेको म्यादभित्र लेखा र आर्थिक विवरण दाखिला गर्नुपर्ने, तदनुसार दाखिला नगर्ने जिम्मेवार व्यक्तिलाई जरिबाना र विभागीय कारबाहीसमेत गर्न सकिने व्यवस्था छ । यातायात व्यवस्था सेवा कार्यालय, रुकुमपश्चिमले कानुनले तोकेको समयमा लेखा तथा आर्थिक विवरण दाखिला नगरेकोले लेखापरीक्षण बक्यौता रहेको छ । कानुनबमोजिम कारबाही गरी लेखापरीक्षण गराउनुपर्दछ । यस सम्बन्धी ब्यहोरा **अनुसूची-३** मा उल्लेख छ ।

२. **कानुन निर्माण** : प्रदेश सरकारबाट जारी गर्नुपर्ने सबै ऐन, कानुन प्राथमिकताको आधारमा तयार गरी प्रदेश सभामा प्रस्तुत गरी पारित गराउनु पर्दछ । आन्तरिक मामिला तथा कानुन मन्त्रालयबाट प्राप्त विवरणअनुसार यस वर्षसम्म ३६ ऐन,२ गठन आदेश, ७ कार्यविधि पारित भएको र ३ कार्यविधि,१ गठन आदेश आर्थिक मामिला तथा योजना मन्त्रालयमा सहमतिका लागि पठाएको छ । प्रदेश सरकारको सेवा प्रवाहलाई व्यवस्थित गर्न आवश्यक पर्ने कानुन यथाशीघ्र निर्माण गर्नु पर्दछ ।

३. **संगठन र कर्मचारी व्यवस्थापन** : प्रदेश लोकसेवा आयोगको स्थापना, आयोगको लागि चाहिने कानुन निर्माण, प्रदेश निजामती सेवा ऐन तथा नियमावली निर्माण र पाठ्यक्रम तर्जुमा गरी प्रदेश दरबन्दीका रिक्त पदहरू पदपूर्ति गर्नुपर्दछ। प्रदेश सरकारले यस वर्ष स्वीकृत गरेको संगठन तथा व्यवस्थापन सर्वेक्षणनुसार प्रदेश सभा सचिवालय, आयोग तथा प्रदेश मन्त्रालय मातहत १५९ संगठन संरचना र कुल २ हजार ५५५ दरबन्दी रहेको छ । ती निकायको लागि १ हजार ५५७ (६०.९४ प्रतिशत) मात्र पदपूर्ति भएको छ । धेरै दरबन्दी रिक्त हुन गई कार्यालयहरूमा कर्मचारीहरूको अभाव भएकोले कार्यालयको कार्य सम्पादनमा प्रभाव परेको छ । दरबन्दीअनुसार पदपूर्ति गरी सेवाप्रवाहलाई चुस्त र प्रभावकारी बनाउनु पर्दछ ।

४. **आन्तरिक नियन्त्रण** : प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३० मा आन्तरिक नियन्त्रण सम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाउन प्रदेश मन्त्रालय र अन्तर्गत निकायबाट सम्पादन गरिने कार्य मितव्ययी, दक्ष र प्रभावकारी ढंगबाट सम्पादन गर्न वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानुन बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ । प्रदेश सभा सचिवालय र ७ मन्त्रालय अन्तर्गतका निकायले कामको प्रकृतिअनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरेका छैनन् । उक्त व्यवस्थाअनुसार आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

५. **ऐन नियमको पालना :** सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ अनुसार सार्वजनिक निकायहरूले सार्वजनिक खरिद कार्यलाई व्यवस्थित गर्न गर्नुपर्ने कामहरू मध्ये कर्णाली प्रदेशका निकायहरूले कतिपय खरिद कार्यमा खरिद योजना तयार नगर्ने, योजना अधुरो राख्ने, मालसामान वा निर्माण कार्यको प्याकेज नवनाउने, कम अवधिको जमानत लिने, छनोट भएको वोलपत्रदाता सम्झौता गर्न नआएको अवस्थामा कालो सूचिमा राख्न नपठाउने, परामर्शदाता माथि निर्भर रहने, प्रगतिका आधारमा ५० प्रतिशत पेस्की दिनुपर्नेमा पूरै पेश्की दिने, भेरियसन आदेश स्वीकृत नगराई काम गराउने, निर्माण व्यवसायीको ढिलाईको कारण काम नभएमा पूर्वनिर्धारित क्षतिपूर्ति नलिई म्याद थप गर्ने,सम्झौता वमोजिम काम शुरु नगर्ने, वीचैमा काम छोड्ने, सम्झौता अनुसार कार्य प्रगति नगर्ने निर्माण व्यवसायीको जमानत जफत गरी बाँकी काम गर्न लाग्ने रकम असूल नगर्ने, निर्माण स्थलको तयारी वेगर वोलपत्र प्रकाशन गर्ने जस्ता कार्य गरेको छ ।

यसैगरी नर्म्स वेगर परामर्श सेवाको लागत अनुमान तयार गर्ने, वोलपत्रबाट गर्नु पर्ने काम टुक्रा पारी सोझै खरिद वा निर्माण गर्ने, उपभोक्ता समितिबाट रु.१ करोड भन्दा बढी लागत अनुमानको काम गराउने,उपभोक्ताको योगदान कम गराउने, योजना हस्तान्तरण नगर्ने, समयमा पेश्की फछ्यौंट नगर्ने, कार्य स्वीकार प्रतिवेदन तयार नगर्ने, सम्झौताको म्याद थप गर्दा मूल्य समायोजनमा पर्ने व्ययभारलाई विचार नगर्ने, पूर्व निर्धारित क्षतिपूर्ति नलिई म्याद थप गर्ने, ५० प्रतिशत मूल्य अभिबृद्धि कर कट्टा नगरी पूरै भुक्तानी दिने गरेको देखियो । ऐन र नियममा उल्लिखित व्यवस्थाको पालना हुने गरी कार्य सम्पादन गर्नुपर्दछ ।

६. **अधुरा ठेक्का :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९, ६३ र नियमावलीको नियम १२८ अनुसार खरिद तथा निर्माणको सम्झौता गर्नेले सम्झौता बमोजिम काम शुरु नगरेमा, काम शुरु गरी बीचमै छोडेमा वा सम्झौता बमोजिम प्रगति नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै बखत अन्त्य गर्न सक्ने र त्यसरी सम्झौता अन्त्य भएमा कार्य सम्पादन जमानी प्राप्त गर्ने, १० प्रतिशत सम्म पूर्व निर्धारित क्षतिपूर्ति लगाउने, बाँकी काम सम्झौता गर्नेको लागतबाट पूरा गराउने र कालोसूचिमा राख्न लेखि पठाउने व्यवस्था छ । पूर्वाधार विकास कार्यालय, खानेपानी, सिचाई तथा उर्जा विकास कार्यालय, सडक कार्यालय समेत ७ कार्यालय अन्तर्गत गतविगतमा सम्झौता भई शुरु म्याद नाघेका रु.२ अर्ब २९ करोड ८४ लाख ६१ हजारका ६४ ठेक्कामा यो वर्ष रु. ५० करोड २ लाख ५३ हजार (२१.७६ प्रतिशत) भुक्तानी भएको छ । पटक पटक म्याद थप गर्दा पनि निर्माण व्यवसायीहरूकै कारणबाट ती ठेक्काको काम अधुरो रहन गएको अवस्थामा सम्बन्धित कार्यालयहरूले माथि उल्लेखित कारवाहीहरू गरी काम पूरा गराउनुपर्नेमा कुनै पनि कारवाही नगरेकोले काम अधुरो राख्ने कार्यमा कार्यालयहरूको पनि भूमिका रहन गएको छ । लामो समयदेखि काम अधुरो रहँदा लगानी गरिएको रकमबाट प्रतिफल प्राप्त नभई जनताले ठेक्काबाट प्राप्त हुनुपर्ने सेवा प्राप्त नहुने, ठेक्काको संख्या वृद्धिसंगै ठेक्का प्रशासन जटिल बन्दै जाने भएकोले उल्लेखित कानुनी व्यवस्थाको कार्यान्वयन गरी अधुरा ठेक्काको काम पूरा गर्नुपर्दछ । साथै सम्झौता र कानुन कार्यान्वयन गरी निर्माण व्यवसायीलाई कारवाही नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ ।

७. **परामर्श सेवा खरिद :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२(२) अनुसार सार्वजनिक निकायले परामर्श सेवाको लागत अनुमान सम्बन्धित मन्त्रालयले तयार गरेको नर्म्सको आधारमा गर्नुपर्ने व्यवस्था रहेको छ । उक्त व्यवस्थाअनुसार प्रदेश स्तरका मन्त्रालयले नर्म्स तयार गरेका छैनन् । यस वर्ष यस प्रदेशका ११ निकायले योजनाको सर्भे, डिजाइन, विस्तृत परियोजना प्रतिवेदन आदि कामको लागि परामर्श सेवा खरिद गरी रु.१० करोड ३७ लाख २५ हजार भुक्तानी गरेकोमा नर्म्स वेगर बजेटको आधारमा लागत अनुमान तयार गरी परामर्श सेवा खरिद तथा भुक्तानी गरेको छ । नर्म्स तर्जुमा गरी यस कार्यलाई व्यवस्थित गर्नुपर्दछ ।

८. **उपभोक्ता समितिबाट कार्य** : सार्वजनिक खरिद ऐन २०६३ को दफा ४४ तथा नियमावलीको नियम ९७ मा उपभोक्ता समितिबाट काम गराउने व्यवस्था छ । लेखापरीक्षणबाट निम्न ब्यहोरा देखिएका छन् :

८.१. सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार उपभोक्ता समितिहरूबाट संचालन गरिने निर्माण कार्यमा प्राविधिकको सिफारिश र सहमति बेगर सार्वजनिक निकायको लोडर, एक्साभेटर लगायतका भारी उपकरण प्रयोग गर्न नपाउने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । कृषि विकास कार्यालय सल्यान र दैलेख तथा डिभिजन वन कार्यालय डोल्पाले १२ सडक योजना निर्माण कार्यमा उपभोक्ता समिति मार्फत भारी उपकरणबाट कार्य गराई भुक्तानी रु.३ करोड ३० लाख ६५ हजार दिएको छ । जटिल संरचना निर्माणकालागि चाहिने व्यवस्थापकिय ज्ञान, उपकरण, प्राविधिक जनशक्ति नभएका उपभोक्ता समितबाट जटील प्राविधिक संरचनाहरू निर्माण गराउनु उचित भएन ।

८.२. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्यान्वयन गरिने योजनामा तोकिएको जनसहभागिता जुटाउनुपर्ने व्यवस्था छ । उक्त व्यवस्थाअनुसार उपभोक्ता समितिले रकम प्राप्त गर्ने र जनसहभागिता स्वरुप गर्ने कामको नापजाँच पनि अलग अलग गर्नु पर्नेमा सो अनुसार नगरी गरिएको कामको एकमुष्ट मूल्याङ्कनबाट जनसहभागिताको रकम घटाएर भुक्तानी दिएको देखिन्छ । यसबाट वास्तविक रूपमा जनसहभागिता भए नभएको सुनिश्चित गर्न सकिदैन । खानेपानी, वन र कृषी सम्बन्धी ६ कार्यालयका योजनामा रु.१ करोड ३९ लाखको कम जनसहभागिता भएको छ । जनसहभागिताबाट गर्ने कामको लागि चाहिने रकम काम शुरु गर्नु अघि नै नगद योगदानको रूपमा जम्मा गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

८.३. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१२) अनुसार उपभोक्ता समितिबाट निर्मित योजनाहरू मर्मत सम्भार र संचालनको लागि सम्बन्धित लाभग्राहीलाई हस्तान्तरण गर्नु पर्ने व्यवस्था छ । प्रदेश अन्तर्गत यस वर्ष निर्माण सम्पन्न भएका सिंचाइ खानेपानीसँग सम्बन्धित योजनाहरूको हस्तान्तरण भएको छैन । नियमको पालना गरी विकास कार्यमा उपभोक्ताहरूको योगदान र सहभागिता वृद्धि हुनु पर्दछ ।

९. **गुणस्तर परीक्षण तथा नियन्त्रण :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ को उपनियम (१) को खण्ड (ङ) अनुसार ठेक्का सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरीक्षण तथा परीक्षण गर्नुपर्ने व्यवस्था छ । भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गत रहेका पूर्वाधार विकास, सिँचाइ, खानेपानी

र शहरी विकाससँग सम्बन्धित २० कार्यालयले यस वर्ष निर्माण कार्यमा रु.४ अर्ब २३ करोड ८५ लाख खर्च गरेका छन् । आफ्नै प्रयोगशाला वा अन्य कार्यालयहरूको प्रयोगशालाबाट स्पेशिफिकेसन अनुसारको संख्यामा निर्माण सामाग्रीहरूको गुणस्तर परीक्षण गर्नु पर्नेमा पूर्वाधार विकास कार्यालयहरूले थोरै संख्यामा आफ्नै प्रयोगशालाबाट गुणस्तर परीक्षण गरेको पाइए पनि अन्य कार्यालयहरूको प्रयोगशाला नरहेको र गुणस्तर परीक्षण पनि नगराएको स्थिति छ । प्रदेश स्तरमा गुणस्तर परीक्षणको आधार स्पेशिफिकेसन तर्जुमा गरेको छैन । सडक तथा पूलहरूको भारवहन क्षमता परीक्षण हालसम्म गर्ने गरेको छैन । निर्माण सामाग्रीहरू प्राप्त गर्ने स्थान नतोक्ने गरेको र ती सामाग्रीहरूको अभाव रहन गएको कारणबाट समेत गुणस्तरीयतामा प्रभाव पर्न गएको छ । गुणस्तर परीक्षण तथा नियन्त्रणबाटै दिगो विकास सुनिश्चित हुने भएकोले यसलाई अनिवार्य गराई निर्माण गर्ने गराउने प्राविधिकलाई यस प्रति जिम्मेवार गराउनुपर्दछ ।

१०. **सम्पर्क कार्यालय :** प्रदेश स्तरमा शासन व्यवस्थाको संचालन र सेवा प्रवाहको लागि प्रदेश सरकारको गठन गरिएको र प्रदेश सरकारले संघीय सरकार वा संघीय निकायसँग सम्पर्क र समन्वय कायम गर्न प्रदेश प्रमुखको व्यवस्था छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालयले काठमाण्डौंमा सम्पर्क कार्यालय स्थापना गरी कार्यालय संचालन गर्न चाहिने सामाग्रीहरू खरिद गरी रु.१ लाख ७२ हजार खर्च गरेको छ । कानुनी व्यवस्था र नीतिगत निर्णय बेगर काठमाण्डौंमा समेत कार्यालय स्थापना गरी खर्च गर्नु औचित्यपूर्ण देखिएन ।

११. **कार्यक्रम कार्यान्वयन :** प्रदेश सरकारको २०७६।७७ को आय व्यय अनुमान (बजेट वक्तव्य) मा उल्लेख भएबमोजिम आवधिक योजना ढिला स्वीकृत भएकाले वार्षिक बजेट र आवधिक योजना विच तादात्म्यता कायम हुन नसकेको, मध्यमकालीन खर्च संरचनाको आधारमा बजेट तर्जुमा भए पनि योजनाको प्राथमिकिकरण हुन नसकेको, इन्जिनियरिङ्ग कम्पनी स्थापना र संचालन गर्ने उल्लेख भएकोमा दर्ताको प्रक्रियामा रहेको, कर्णाली लगानी सम्मेलन नभएको, कर्णाली पूर्वाधार विकास लगानी कोष खडा नभएको, परियोजना बैंक तयार नभएको, प्रदेशका हिमाली जिल्लाका लागि आर्थिक वर्षको समाप्ति पश्चात ६ महिना बजेट फ्रिज नहुने व्यवस्था कार्यान्वयन नगरेको, सामाजिक सुरक्षा कार्यक्रममा सबै कर्णालीवासी समेटिने, दोहोरोपना र दुरुपयोग हुन नदिने गरी कार्यक्रम संचालन गर्न कम्प्युटरकृत संयन्त्र स्थापित नगरेको र स्थानीय तहमा जाने अनुदानलाई प्रभावकारी बनाउन नीतिगत र संरचनागत व्यवस्था गर्ने उल्लेख भएकोमा गरेको देखिएन । बजेटको प्रभावकारिताको लागि बजेटमा समावेश कार्यक्रमको कार्यान्वयन गर्नुपर्दछ ।

१२. **भैपरी शीर्षकबाट खर्च :** कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को १६(२) मा विनियोजन ऐनले छुट्याएको रकम एक भन्दा वढी निकायलाई बाँडफाँट गरी सम्बन्धित कार्यालयलाई जानकारी दिनुपर्ने र एक पटक बाँडफाँट गरीसकेपछी पुनः बाँडफाँट गर्न नपाइने व्यवस्था छ । यस वर्ष भैपरी बजेट रु. ४ अर्ब २० करोड अर्थात प्रदेशको कुल विनियोजित बजेटको १२.२३ प्रतिशत राखी पटके निर्णयका आधारमा कर्णाली उज्यालो कार्यक्रम, मूख्यमन्त्री रोजगार कार्यक्रम र मुख्यमन्त्री दलित महिला आय आर्जन कार्यक्रम समेतमा रु. १ अर्ब २ करोड ९२ लाख ४९ हजार खर्च गर्ने अख्तियारी बर्षान्तमा प्रदान गरेको छ ।

१३. **वन्दावन्दीमा प्रोत्साहन भत्ता :** प्रदेश सरकार मन्त्रिपरिषदको २०७६/०९/०८ को निर्णयले यस वर्ष कर्णाली प्रदेशमा कार्यरत कर्मचारीलाई जिल्लागतरूपमा रु.४ हजार देखि १० हजारका दरले मासिक प्रोत्साहन भत्ताको व्यवस्था गरेको छ । नेपाल सरकारले चैत्र ११, २०७६ देखि जेष्ठ ३२,२०७७ सम्म वन्दावन्दी घोषणा गरी सरकारी तथा निजी कार्यालय पुर्णरूपले वन्द गरेको अवधिको ३७ कार्यालयले कार्यालयमा उपस्थिति बेगर कर्मचारीलाई रु.३८ लाख ३१ हजार भत्ता वितरण गरेकोमा रु.३२ लाख ३२ हजार असुल हुन बाँकी रहेकाले उक्त रकम असुल हुनुपर्दछ ।

१४. **राजश्व परिचालन** : प्रदेश सरकारले २०७६।७७ मा राजश्व बाँडफाँटबाट प्राप्त हुने रु.७ अर्ब ४४ करोड ४३ लाख समेत रु. ७ अर्ब ७२ करोड २७ लाख ४१ हजार राजस्व प्राप्तीको अनुमान गरेकोमा रु. ५ अर्ब २२ करोड १७ लाख ८ हजार अर्थात ६७.६१ प्रतिशत प्राप्त भएको छ । राजश्वको लक्ष्य र असुलीको अन्तर कम गर्नु पर्दछ ।

१५. **विशेष तथा सशर्त अनुदान :** संघीय सरकारको सशर्त र विशेष अनुदान वापत प्राप्त गरेको रकमबाट खर्च पश्चात बाँकी हिसाव फिर्ता पठाउनुपर्ने व्यवस्था छ । यो वर्ष संघीय सरकारबाट सशर्त अनुदानमा रु.३ अर्ब २६ करोड ६२ लाख ३८ हजार र विशेष अनुदान तर्फ रु.८१ करोड प्राप्त गरेकोमा सशर्त अनुदान तर्फ रु.२ अर्ब २८ करोड ३३ लाख ५४ हजार र विशेष अनुदान तर्फ रु.२७ करोड ४ लाख खर्च भई बाँकी रहने रु.१ अर्ब ५२ करोड २४ लाख ८४ हजार प्रदेश संचित कोषबाट संघीय संचित कोषमा २०७७/१२/१७ मा दाखिला गरेको छ ।

१६. **समपूरक अनुदान :** समपूरक अनुदान वापत संघीय सरकारबाट यो वर्ष प्रदेश सरकारलाई रु. ४६ करोड ८९ लाख प्राप्त भएकोमा प्रदेश सरकारको ५० प्रतिशत र संघीय सरकारको ५० प्रतिशत लागत सहभागितामा योजना तथा कार्यक्रम संचालन गर्ने व्यवस्था अनुरुप सोही वरावरले हुने कार्यक्रम तथा अख्तियारी खुलाई पठाउनुपर्ने र समपूरकतर्फ बजेट समेत छुट्याउनुपर्नेमा नेपाल सरकारको अंशमात्र रु. १६ करोड ५३ लाख ७३ हजार निकाशा दिएको छ । सो खर्च रकमको ५० प्रतिशतले हुने रु.८ करोड २६ लाख ८७ हजार प्रदेश संचित कोषबाट फिर्ता गर्नुपर्ने देखिन्छ । यसैगरी आर्थिक वर्ष २०७६।७७ मा ७९ स्थानीय तहलाई हस्तान्तरण गरेको समपूरक अनुदान रु.३९ करोड ४० लाख २७ हजार चालु खर्चमा समावेश भएको छ । प्रदेश लेखा नियन्त्रक कार्यालयले २०७७ आषाढ मसान्त सम्मको सम्बन्धित स्थानीय तह अनुसार वास्तविक खर्च तथा फिर्ता गर्नुपर्ने रकम भिडान नगरी हस्तान्तरण गरेको सबै रकमलाई खर्चमा खुलासा गरेको छ । यथार्थ खर्चको विवरणको आधारमा फिर्ता गर्नुपर्ने रकम प्रदेश संचित कोषमा दाखिला गर्नुपर्नेमा गरेको देखिएन ।

१७. **वार्षिक खरिद योजना :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८(१) बमोजिम सार्वजनिक निकायले वार्षिक दस लाख रुपैयाँभन्दा बढी रकमको खरिद गर्नु पर्ने भएमा आगामी आर्थिक वर्षको वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा सोही नियमको उपनियम (२) मा उल्लिखित व्यहोरा समावेश गरी वार्षिक खरिद योजना तयार गर्नु पर्ने व्यवस्था छ । सोही नियमको उपनियम ५ मा चालू आर्थिक वर्षको स्वीकृत कार्यक्रम तथा बजेट प्राप्त भएपछि यस नियमावली बमोजिम तयार भएको वार्षिक खरिद योजना परिमार्जन गरी स्वीकृत गर्नु पर्ने व्यवस्था छ । खरिद योजना सम्बन्धमा गत आर्थिक वर्षको प्रतिवेदनमा औल्याइएकोमा यस वर्ष पनि सुधार गरेको देखिएन ।

१८. **सोझै खरिद** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(१) अनुसार सार्वजनिक निकायले रु.२० लाख रुपैँयाभन्दा बढी लागत अनुमान भएको खरिद बोलपत्रको माध्यमद्वारा प्रतिस्पर्धात्मक तरिका अपनाई गर्नुपर्दछ । सचिवालय र मन्त्रालय मातहत समेत १० निकायले टुक्राटुक्रा पारी प्रतिस्पर्धा बेगर लागत अनुमानको हाराहारीमा रु.८ करोड ३९ लाखको सामान सोझै खरिद गरेका छन् । सार्वजनिक खरिद कानुनको पालना गरी खरिद कारवाहीलाई प्रतिस्पर्धी र मितव्ययी बनाउनु पर्दछ ।

१९. **कर तथा शुल्क** : प्रदेशले बनाएको कानुन बमोजिम आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा कर लगाउन र ती स्रोतहरूबाट राजस्व उठाउन सक्ने व्यवस्था छ । प्रदेशलाई घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन, कृषि आयमा कर, सेवा शुल्क दस्तुर, दण्ड जरिवाना कानुन बनाई कर तथा शुल्कका दर तोक्ने व्यवस्था छ । प्रदेश सरकारको कार्य विभाजन नियमावली, २०७४ अनुसार प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन कार्य संचालन गर्ने कार्य आर्थिक मामिला तथा योजना मन्त्रालयको रहेको परिप्रेक्ष्यमा आर्थिक वर्ष २०७६।७७ मा आर्थिक ऐन समेत जारी भै कार्यान्वयनमा आएको भएतापनि सबै क्षेत्रको राजस्वको प्रक्षेपण र असुली कार्य प्रभावकारी देखिएको छैन ।

कोभिड-१९ को व्यवस्थापन सम्बन्धी विशेष लेखापरीक्षणबाट देखिएको प्रमुख व्यहोरा

२०. **जोखिम आंकलन र पूर्व तयारी** - कर्णाली प्रदेश विपद् व्यवस्थापन परिषद् र कार्यकारी समितिको २०७६।१२।७ को बैठकबाट कोभिड-१९ महामारीको प्रभाव कम गर्न विमानस्थल र स्थलमार्गका नाकाहरूमा उच्च सर्तकता अपनाई परीक्षण पश्चात नाकाबाट प्रदेश प्रवेश गर्ने व्यवस्था गरेको, सम्भावित जोखिमलाई ध्यानमा राखी प्रदेशका लागि आवश्यक खाद्यान्न, औषधि लगायतका वस्तुको आपूर्ति सहज गर्ने, प्रवेश नाकामा नेपाल प्रहरीको अस्थायी पोष्ट खडा गर्ने, स्वास्थ्य सचेतना सम्बन्धी जनहितको सूचना तथा सामग्रीहरू प्रदेशिभित्रका सबै एफ.एम. रेडियो, टिभि च्यानल तथा छापा माध्यम मार्फत प्रशारण गर्ने, मध्यपश्चिम विश्वविद्यालयमा ६०० वेड र रेडियो नेपाल परिसरमा ४०० वेड रहने क्वारेन्टिन स्थापना गर्ने लगायतका पूर्वतयारीका कार्य गरेको छ । सो अनुसार २०७६।१२।१३ को प्रदेश सरकार मन्त्रिपरिषद्को निर्णयबाट ५ स्वास्थ्य अस्पताल लगायतलाई रु.५ करोड रकम विनियोजन गरेको छ । तर भारत लगायत विदेश तथा अन्य स्थानबाट आएका बबई, छिन्चु, सुव्वा कुनामा अलपत्र नागरिकलाई क्वारेन्टिन, खाना र सुद्ध खानेपानीको व्यवस्था गर्ने पूर्वतयारी गरेको भएतापनि पर्याप्त बजेट विनियोजन नगरेको कारण नागरिकलाई अपेक्षित सेवा दिन सकेको देखिएन ।

२१. **कोष तथा वजेट परिचालन** - कोभिड-१९ नियन्त्रण तथा प्रति कार्यका लागि सामाजिक विकास मन्त्रालाय र मातहतका १७ कार्यालयमा रकमान्तर गरी रु.१० करोड ४ लाख, विपद व्यवस्थापन कोषबाट रु.२ करोड ५० लाख, अर्थ वजेटबाट रु.१६ करोड ५ लाख, सङ्घीय सशर्त अनुदानबाट रु.२ करोड समेत कुल रु.३० करोड ५९ लाख वजेट उपलव्ध गराएकोमा रु.२३ करोड ४८ लाख ६९ हजार (७७ प्रतिशत) खर्च भएको छ ।

प्रदेश सरकारले रु. ५० करोडको विपद् कोष स्थापना गरी ७९ स्थानीय तहलाई रु.१३ करोड २० लाख, प्रदेश कार्यालयलाई रु.५ करोड ८ लाख र १४ सङ्घीय कार्यालयलाई रु.७ करोड २१ लाख समेत रु.२५ करोड ४९ लाख निकासा गरेको छ । प्रदेश विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०७६ को बुँदा ११ मा प्रदेश सरकारबाट प्रदान गरिएको रकम तोकिएको कार्यमा खर्च गरी बचत हुनगएमा प्रदेश विपद् व्यवस्थापन कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । प्रदेश सरकारले यस वर्ष स्थानीय तह तथा प्रदेश र सङ्घीय कार्यालयलाई महामारी रोकथाम तथा प्रतिकार्यको लागि रू.२५ करोड ४९ लाख निकासा दिएकोमा खर्च हुन नसकी बचत भएको रकम यकिन गरी प्रदेश विपद् व्यवस्थापन कोषमा फिर्ता हुनुपर्दछ ।

२२. **यात्रु ओसारपसार** - प्रदेश क्वारेन्टिन सञ्चालन तथा व्यवस्थापन मापदण्ड, २०७६ को बुँदा ४ मा अलपत्र नागरिकको व्यवस्थापन गर्ने व्यवस्था छ ।आन्तरिक मामिला तथा कानुन मन्त्रालयले कञ्चनपुर, बाँके र झापाबाट सुर्खेतको ववई तथा हर्रे र सुर्खेतको विरेन्द्रनगरबाट प्रदेशका अन्य स्थानसम्म ३ हजार ८११ अलपत्र यात्रु उद्धार गरी व्यवस्थापन गरेको छ । यातायात व्यवस्था विभागले निर्धारण गरेको भाडा दर वमोजिम दुईतर्फी (आवतजावत) लाग्ने भाडाभन्दा बढी नहुने गरी विशेष परिस्थिति जनाई सोझै वार्ताबाट खरिद गर्ने २०७७।१।८ को प्रदेश मन्त्रिस्तरीय निर्णयअनुसार १८८ यातायात व्यवसायीलाई रु.७५ लाख ७३ हजार भुक्तानी गरेको छ । भुक्तानी खर्च लेख्दा सवारी दर्ता नम्वर, यात्रु संख्या, परिचय खुल्ने प्रमाण तथा पुग्ने स्थानको विवरणबेगर यातायात व्यवसायीले प्रमाणित गरेको यात्रुको नामावलीको आधारमा सो खर्च गरेको छ ।

२३. **प्रयोगशाला स्थापना र सञ्चालन** - प्रदेश अस्पताल, पशुपंक्षी प्रयोगशाला सुर्खेत, कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, दैलेख, चौरजहारी र दुल्लु अस्पतालमा पिसिआर मेसिन खरिद गरी ४७ हजार ५८८ आरडीटी परीक्षण र ३५ हजार भन्दा बढीको पिसिआर विधिबाट कोभिड १९ को परीक्षण गरेको विवरण प्राप्त भएको छ । यसै गरी सल्यान जिल्ला अस्पतालमा रु.१८ लाखमा खरिद भएका २ भेन्टिलेटर एक वर्षभन्दा बढी अवधिसम्म प्रयोग भएका छैनन् । यसरी उपचारका लागि खरिद भएका उपकरण प्रयोग नगरी राख्नु उचित देखिएन ।

२४. **पिसिआर मेसिन खरिद** - स्पेसिफिकेसन र लागत अनुमान तयार गरी खरिद गरेको समान विल बमोजिम भुक्तानी दिनुपर्दछ । प्रदेश अस्पताल, सुर्खेतले विल बेगर त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालबाट एक पिसिआर मेसिन खरिद गरी रु.३२ लाख १० हजार भुक्तानी दिएको छ ।उक्त मेसिन खरिद गरेको केही समय पश्चात बिग्रिएकोले अर्को मेसिनबाट पिसिआर परीक्षण भई रहेको देखियो । शिक्षण अस्पताल नयाँ पिसिआर मेसिन बिक्रेता नभएको र पुरानो मेसिन सरकारी निकायहरू बीच खरिद विक्रिको सट्टा हस्तान्तरण गरी प्रयोग गर्न सकिनेमा खरिद गरेको जनाई विलबेगर खरिद बिक्री गरेको विषयमा छानबिन गर्नुपर्दछ ।

२५. **कोभिड अस्पताल -** प्रदेश अस्पताल, सुर्खेत कोभिड-१९ उपचारको अन्तरग तथा वहिरङ्ग सेवा उपलव्ध गराएको छ । २०७७ आषाढ मसान्तसम्म २०६ बिरामी भर्ना गरी उपचार सेवा प्रदान गरेको छ । अस्पतालमा कुल २०० शय्यामध्ये १७५ सामान्य र २५ आईसीयू शैया कोभिडको लागि छुट्याएको

छ। अस्पतालमा १० भेन्टिलेटर २ एम्बुलेन्स रहेको अवस्था देखियो । अस्पतालमा प्रोटोकल अनुसार कोभिड र नन्-कोभिड बिरामीहरूलाई बेग्ला बेग्लै भवनको व्यवस्था गरी उपचार गर्ने गरेको भएतापनि अस्पतालमा कोभिड उपचारको लागि आवश्यक भीटीएम र सुरक्षा सामग्री लगायतका स्वास्थ्य उपकरण सामग्रीहरू पर्याप्त रहेको पाइएन । अस्पतालमा चिकित्सक ७८, नर्स १२४ र पारामेडिक्स १२ सहित २१४ दरबन्दी रहेकोमा १६५ दरवन्दी रिक्त रहेको छ । उक्त दरबन्दीमध्ये २४ चिकित्सक, ६७ नर्स र १२ पारामेडिक्सलाई कोभिड उपचारको लागि खटाएको पाइयो ।जनशक्ती र उपकरणको अभावमा उपचार सेवा प्रभावित भएको देखिन्छ ।

२६. **कोभिड अस्पताल व्यवस्थापन** - प्रदेश सरकारले प्रदेश अस्पताल सुर्खेत, कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्ला र चौरजहारी अस्पताललाई विशिष्ट अस्पताल र अन्य १० अस्पताललाई स्याटलाइट अस्पतालको रुपमा सञ्चालन गरेको छ । विरेन्द्रनगरको घण्टाघर पूर्व मैदानमा ४०० वेडको क्वारेन्टिन सञ्चालन गरेको देखिन्छ । उक्त क्वारेन्टिनमा खाना, खाजा, होटल खर्च वापत सोझै खरिद प्रक्रियाबाट नेपाली सेनाको उत्तरपश्चिम पृतनाले गरेको भनी प्रदेश मन्त्रिस्तरीय निर्णयबाट रु. १ करोड ८४ लाख ८७ हजार भुक्तानी खर्च गरेको छ ।उक्त खर्चमा क्वारेन्टिन निर्माण हुनु अगाडि अन्यत्रबाट आएका व्यक्तिको खाना तथा होटल खर्च रु.७५ लाख २९ हजारसमेत समावेश रहेको छ । यसैगरी उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय र उद्योग तथा उपभोक्ता हित सँरक्षण, निर्देशनालयले सोही क्वारेन्टिनमा बसेका नागरिकलाई भनी रु.५२ लाख १३ हजार खाना र खाजामा खर्च गरेको छ । यसको अतिरिक्त प्रदेश अस्पताल, सुर्खेतले संक्रमित र स्वास्थ्यकर्मिको खाजा र खानामा रु.४९ लाख ८५ हजार खर्च गरेको छ । प्रदेशमा २०७७ असार मसान्तसम्ममा ७२४ क्वारेन्टिनमा ४९ हजार ९२९ जना र आईसोलेशनमा १ हजार ७१४ जना भर्ना भएको विवरण प्राप्त भएको छ । एउटै प्रयोजनको लागि विभिन्न निकायवाट खर्च हुँदा खर्च उपर समुचित नियन्त्रण गर्न कठिनाई पर्ने देखिन्छ।

२७. **स्वास्थ्य सामाग्री खरिद एवं पूर्वाधार निर्माण** - औषधिलगायत साम्रग्री खरिदमा रु.८ करोड ६७ लाख ६३ हजार र पूर्वाधार निर्माणमा रु.५ करोड २१ लाख २८ हजार खर्च भएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्:

२७.१. प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ४७(१) मा कार्यालय प्रमुखले खरिद वा हस्तान्तरणवाट प्राप्त हुन आएको जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी श्रेस्ता समेत खडा गरी अद्यावधिक गरी राख्नुपर्ने उल्लेख छ। यस वर्ष प्रदेश अस्पताल, सुर्खेतले रु. १ हजार ६२ का दरले ३ हजार ९०० र अन्य निकायको सहायताबाट ७६८ थान पिसिआर कीट समेत ४ हजार ६६८ पिसिआर कीट प्राप्त गरेकोमा १५ हजार ७४५ पिसिआर परीक्षण गरेको उल्लेख गरेको छ । बाँकी ११ हजार ७७ थान पिसिआर कीट कहाँबाट प्राप्त भएको हो सोको उल्लेख गरेको छैन । अस्पतालमा प्राप्त कीट आम्दानी जनाई खर्च गर्नुपर्दछ ।

२७.२. सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६६ मा विशेष परिस्थिति उत्पन्न भई तत्काल खरिद नगर्दा सार्वजनिक निकायलाई थप हानी नोक्सानी हुने अवस्था आएमा तत्काल खरिद गराउन सक्ने तथा सोही सम्बन्धमा नियमावलीको नियम १४५ को उपनियम १ मा विशेष परिस्थितिमा खरिद गर्दा आवश्यक

परिमाण र समयावधिका लागि मात्र यथासम्भव प्रतिष्पर्धा गराई वा एक मात्र आपूर्तिकर्तासँग लिखित प्रस्ताव लिई खरिद गर्न सक्ने उल्लेख छ । प्रदेश अस्पताल, सुर्खेतले ३ दिने सुचना जारी गरी शिलबन्दी दरभाउपत्रमार्फत रु.१ करोड ७३ लाख २१ हजारको पिसिआर किट लगायतका सामान खरिद गरेको छ । सिलबन्दी दरभाउपत्र पेस गर्ने म्याद ३ दिनमात्र दिएतापनि मुल्यांकन र सम्झौता गर्न बढी समय खपत हुनुले, विशेष परिस्थितीमा खरिद गर्दा यथाशिघ्र चाडो सामान प्राप्त गर्नुपर्दछ ।

२८. **अनुसन्धान, कन्ट्याक्ट ट्रेसिङ्ग** - प्रदेश सरकारले सुर्खेत एयरपोर्ट, हिल्सा, कपुरकोट, ववई र कुइनेमा हेल्प डेस्क सञ्चालन गर्न ५८ स्वास्थ्यकर्मी करारमा नियुक्ती गरी खटाएको छ । त्यस्तै टेलिफोन सम्पर्कका लागि हटलाईन १०९६ सञ्चालनमा ल्याई कोभिड- १९ को केश अनुसन्धान, कन्टयाक्ट ट्रेसिङ्गको कार्य गरी रोग नियन्त्रणमा ल्याउन प्रयास गरेको थियो ।तथापि छिमेकी राष्ट्रवाट एकैपटक हजारौ नागरिक भित्रिएको अवस्था र पिसीआर परीक्षणको पहुँच सहज नभएकोले आवश्यकता अनुरुप कन्ट्रयाक्ट ट्रेसिङ्ग एवं अनुसन्धान कार्य हुन सकेन । फलस्वरुप संक्रमणको जोखिम बढेको देखियो । कन्ट्रयाक्ट ट्रेसिङ्ग अनुसन्धानलाई प्रभावकारी वनाउनुपर्दछ ।

२९. **समन्वय तथा अनुगमन** - कोभिड-१९ को रोकथाम नियन्त्रण र उपचार कार्यमा समन्वय र सहजिकरण गर्न प्रमुख सचिवको संयोजकत्वमा ४ सदस्यीय संकट व्यवस्थापन कार्यकारी समिति गठन गरेको छ।समितिले कोभिड-१९ को प्रदेशस्तरीय एकीकृत सुचना प्रणाली तयारी गरी समन्वय कायम गर्ने निर्णय गरेतापनि कार्यान्वयनमा आएको छैन। महामारी नियन्त्रणको कार्य संघ, प्रदेश र स्थानीय तहले समानरुपमा संञ्चालन गरेको क्षेत्राधिकार स्पष्ट नभएको, एउटै प्रकृतिका खर्चहरू सवै तहले गर्ने गरेको, एक अर्कोले गरेको कामको अनुगमन गर्ने व्यवस्था नभएकोले समन्वय एवं अनुगमनमा कमि कमजोरी देखियो । समन्वय एवं अनुगमनलाई प्रभावकारी बनाउनुपर्दछ ।

३०. **जोखिम भत्ता** - प्रदेश सरकारले कोभिड-१९ संग सम्बन्धित कार्यका लागि खटिने डाक्टर लगायत अन्य कर्मचारीलाई स्पष्ट अभिलेखको आधारमा केन्द्रीय मापदण्ड अनुसार दोहोरो नपर्ने गरी प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय गरेको छ । प्रदेश सरकारले जनशक्ति व्यवस्थापनमा रु.६ करोड ५५ लाख १७ हजार खर्च गरेको छ । प्रदेश अस्पताल, सुर्खेतले रु.१ करोड २८ लाख ८९ हजार जोखिम भत्ता उपलब्ध गराएको छ तर कार्य अभिलेख राख्ने गरेको देखिएन । कोरोना भाइरस संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश २०७७ बमोजिम जोखिम भत्ता वितरण गर्नुपर्दछ ।

मन्त्रालय र निकायगत ब्यहोरा

प्रदेश सभा सचिवालय

नेपालको संविधान २०७२ को धारा १७६ बमोजिम कानुन निर्माण गर्ने, सरकार गठन तथा नियन्त्रण गर्ने उद्देश्यले २०७४।११।१६ मा प्रदेश सभा सचिवालयको स्थापना भएको छ । संविधानको अनुसूची ४ मा उल्लेखित सुर्खेत, दैलेख, जाजरकोट, सल्यान, रुकुम पश्चिम, कालिकोट, जुम्ला, मुगु, हुम्ला र डोल्पा (१० जिल्ला) का पहिलो हुने निर्वाचनबाट निर्वाचित २४ जना र समानुपातिकबाट १६ गरी जम्मा ४० जना सदस्यहरूबाट कर्णाली प्रदेश सभाको गठन भएको छ ।

यो वर्ष सचिवालयको विनियोजन रु.१० करोड ७० लाख २२ हजार, राजस्व रु.१ लाख १ हजार, धरौटी रु.४ लाख ३८ हजार र अन्य कारोवार रु.४ लाख ४० हजार समेत रु.१० करोड ८० लाख १ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका मुख्य ब्यहोरा निम्नानुसार छन्:-

१. **कानुन निर्माण :** सभाको प्रमुख कार्य सरकार निर्माण गर्नु ,प्रादेशिक कानुन वनाउनु , सरकारको काम कारवाहीको निगरानी गर्नु र प्रादेशिक जनसरोकारका विषय प्रदेश सभामा छलफल गर्नु हो । प्रदेश सभाले संविधानको अनुसुची ६,७ र ९ मा उल्लेख भएका एकल र साझा अधिकारका २२ विषयमा पनि कानुन वनाउनु पर्ने हुन्छ । प्रदेश सभा गठन पश्चात सभामा ३७ विधेयक दर्ता भई ३६ पारित भएको एवं दर्ता भएको मध्ये १ विधेयक फिर्ता पठाएको देखिन्छ ।

२. **वार्षिक नीति तथा कार्यक्रम** : प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रममा योजनाको अनुगमन प्रदेश सभाको योजना अनुगमन समितिबाट गर्ने र प्राप्त सुझाव तथा निर्देशनलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने उल्लेख भएकोमा सोको लागि बजेटको व्यवस्था गरेको छैन ।

३. **पदाधिकारी तथा सदस्यको सुविधा :** कर्णाली प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक तथा सुविधा सम्वन्धी ऐन २०७५ को दफा ६(१) मा सभामूख र उपसभामुखलाई आवासको लागि प्रदेश सरकारले सरकारी आवासको वन्दोवस्त गरिने र त्यस्तो आवासको वन्दोवस्त नभएको र विरेन्द्रनगर नगरपालिकामा आफ्नै घर नभएका पदाधिकारी तथा सदस्यलाई मासिक रु. १५ हजार आवास सुविधा र विरेन्द्रनगरमा घर भएका सदस्यलाई मर्मत सम्भार वापत सो को ५० प्रतिशत रकम मात्र आवास सुविधा दिने व्यवस्था छ । ३२ सभासद मध्ये ३० सभासदले रु. १५ हजारका दरले र विपक्षी दलका नेता र सत्तापक्षका एक नेताले क्रमशः आवास सुविधा रु. २५ हजार र मर्मत सम्भार वापत आवास सुविधाको ५० प्रतिशत रु. १२ हजार ५०० लिएको देखियो । विरेन्द्रनगर नगरपालिकामार्फत सो नगरपालिकामा घर भएका सभासदको यकिन गरी सोही अनुसार भूक्तानी दिने व्यवस्था गर्नुपर्दछ ।

४. **नपाउने सुविधा भुक्तानी :** कर्णाली प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३(१) मा पदाधिकारी र सदस्यले अनुसूची १ मा उल्लेख भए बमोजिमको पारिश्रमिक पाउने व्यवस्था छ । कर्णाली प्रदेश सरकार मन्त्रिपरिषद्को २०७५/३/१६

को निर्णयले सत्तापक्षका एक सदस्यलाई विपक्षी दलका नेता सरहको सेवा सुविधा उपलव्ध गराउने निर्णय अनुसार थप सुविधा रु.१० लाख ४९ हजार उपलब्ध गराएको छ । ऐनमा उल्लेख गरे वाहेकको सुविधा दिन मिल्ने देखिदैन ।

५. **निजी सचिवालय र कर्मचारी सुविधा :** कर्णाली प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ५(१)मा आफ्नो कार्यकालमा पदाधिकारी र सदस्यले निजी सचिवालयको लागि अनुसूची २ मा उल्लेख भए बमोजिमको कर्मचारी सुविधा पाउने व्यवस्था छ । सो अनुसूचीको द्रष्टव्यमा स्वकीय सचिवालयका कर्मचारीले शुरु स्केल अनुसारको तलव मात्र पाउने व्यवस्था छ । प्रदेश सभाका पदाधिकारी तथा सदस्यको स्वकीय सचिवालयका ५१ कर्मचारीलाई एक महिनाको तलव स्केलको रकम ऐन विपरीत चाडपर्व खर्च लेखेको रु.१३ लाख ५३ हजार असुल हुनुपर्दछ ।

६. **सवारी साधन मर्मत :** कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ५० (३) मा कार्यालयमा रहेको जिन्सी निरीक्षण गरी वा गराई त्यसको प्रतिवेदन लिखितरूपमा लिई सो प्रतिवेदनमा लिलाम विक्रि गर्नुपर्ने भएमा ६ महिना भित्र र मर्मत सम्भार गर्नुपर्ने भए ३ महिना भित्र गरीसक्नु पर्ने उल्लेख छ । मन्त्रिपरिषदको निर्णयले सवारी सुविधा लिएका सत्तापक्षका सदस्यको स्कारपियो जिप २०७७/२/६ मा चितवन जिल्लाको दास ढुङ्गामा दुर्घटना भएको छ । उक्त जीप मर्मत नभएको र सचिवालयमा पनि प्राप्त भएको देखिएन ।

- **बेरुजुको स्थिति :** सचिवालयमा यो वर्ष रु.२९ लाख ३१ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.८ हजार फर्स्यौट गरेकोले रु.२९ लाख २३ हजार फर्स्यौट गर्न बाँकी रहेको छ । यससम्बन्धी विवरण **अनुसूची-१०** मा छ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम यस कार्यालयको कार्य क्षेत्रमा प्रदेश भित्रको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र संचालन गर्ने, प्रदेश मन्त्रिपरिषदमा पेश हुने नियम र आदेशको तर्जुमा, स्वीकृति तथा प्रमाणीकरण गर्ने र प्रदेश प्रमुखको निर्देशन कार्यान्वयन र प्रतिवेदन गर्ने लगायतका कार्य रहेका छन्।

यो वर्ष कार्यालय समेत ३ निकायको विनियोजन रु.१ अर्ब २७ करोड १२ लाख ६० हजार, राजश्व रु.१ लाख १५ हजार, धरौटी रु.११ लाख १ हजार र अन्य कारोवार रु.६ करोड ३८ लाख १५ हजारसमेत रु.१ अर्ब ३३ करोड ६२ लाख ९१ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोवारको लेखापरीक्षणबाट देखिएका मुख्य व्यहोरा निम्नानुसार छनः-

१. **कार्य जिम्मेवारी :** प्रदेश सरकार (कार्य विभाजन) नियमावली बमोजिम यस कार्यालयलाई तोकिएको कार्य जिम्मेवारी मध्ये प्रदेश भित्रको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र संचालन, सञ्चार, भ्रष्टाचार नियन्त्रण, संघ र स्थानीय तहसँगको सम्पर्क र समन्वय लगायतका २३ बुँदामा कार्य जिम्मेवारी तोकिएको छ । कार्य जिम्मेवारीसँग सम्बन्धित प्रदेश मन्त्रिपरिषद्को निर्णय कार्यान्वयन र अनुगमन, प्रदेश प्रमुखको निर्देशन कार्यान्वयन र प्रतिवेदन, प्रदेशस्तरीय मानव संशाधन विकास, प्रदेश निजामती सेवा र अन्य प्रदेश सरकारी सेवा संचालन सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा एवं कार्यान्वयन र अभिलेख व्यवस्थापन, प्रदेशस्तरका आयोग तथा निकायको गठन एवं संचालन र पदाधिकारीको नियुक्ति एवं सेवा, सुविधासम्बन्धी नीति तथा कानुनको तर्जुमा र कार्यान्वयन लगायतका कार्य पुर्णरूपले सम्पन्न नभएकाले स्रोत साधन व्यवस्थापन गरी जिम्मेवारी अनुरुप कार्य सम्पन्न गर्नुपर्दछ ।

२. **संगठन तथा व्यवस्थापन :**जिल्लास्तरबाट प्रदेशको नयाँ संगठन तथा व्यवस्थापन सर्वेक्षण यस वर्ष सम्पन्न भएको छ । अस्पताल र विशिष्ट विषयगत सँरचना बाहेक हरेक मन्त्रालयको जिल्ला सदरमुकाममा कम्तिमा १ कार्यालय रहने गरी सेवा प्रवाहको व्यवस्था मिलाएको र प्रदेश सरकारबाट प्रदेश सभा सचिवालय, आयोग तथा प्रदेश मन्त्रालय मातहत १५९ संगठन संरचना र कुल २ हजार ५५५ दरबन्दी स्वीकृत भएको र प्रदेश निजामती किताब खाना स्थापना नभएसम्मका लागि पद तथा दरबन्दी दर्ताको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गरेकोमा निर्णय भै दर्ता प्रकियामा रहेको छ । प्रदेश लोक सेवा आयोग गठन र कानुन निर्माणमा ढिलाई लगायतका कारणले उल्लेखित स्वीकृत दरवन्दीमध्ये १ हजार ५५७ पदपूर्ती भै ९९८ रिक्त र ४६ जना फाजिलमा रहेका छन । पदपुर्ति गरेको मध्ये १२५ जना संघबाट कामकाज र २८ जना सेवा करारबाट पदपुर्ति गरिएको छ ।

३. **विनियोजन दक्षता :** यो वर्ष कार्यालयलाई रु. ५ अर्ब २८ करोड १६ लाख २८ हजार बजेट बाँडफाँट तथा विनियोजन भएकोमा रु. १ अर्ब २५ करोड ६९ लाख ३७ हजार खर्च भएको छ । वार्षिक कार्यक्रम कार्यान्वयन हुन नसक्दा वित्तीय कार्यसम्पादन २३.८० प्रतिशत रहन गई विनियोजन दक्षता न्युन देखिएको छ । वार्षिक कार्यक्रममा इन्जिनियरिङ्ग कम्पनी स्थापना र संचालन गर्ने उल्लेख भएकोमा दर्ता प्रक्रियामा रहेको, प्रदेशका अति विपन्न नागरीकलाई खाना, नाना र छानाको प्रवन्ध गर्ने कार्यक्रमको

कार्यान्वयन कार्यविधि पारित नभएको, एकिकृत नमूना वस्ती विकास गर्न सम्भाव्यता अध्ययन, जग्गा प्राप्ति, लक्षित वर्ग पहिचान गरी डिपिआर समेतको लागि ९ स्थानीय तहमा रु. १ करोड २४ लाख प्रवाह गरेकोमा कार्य सम्पन्न नभएको, प्रदेशमा १९ रुग्ण जलविद्युत योजनालाई पुनस्थापना गर्न र २ किलोवाट सम्मको सोलार प्रवन्धका लागि रु.२७ करोड ३२ लाख स्थानीय तहमा प्रवाह भएकोमा कार्य सम्पन्न नभएको, प्रति दलित महिला ४ सय पचासका दरले ७५ स्थानीय तहमा रु. ९ करोड ९९ लाख पूर्वाधार निर्माण र मेशिनरी खरिद कार्यको लागि पठाएकोमा पूर्वाधार निर्माण सम्पन्न भएको छैन । कार्यक्रम कार्यान्वयन गरी विनियोजन दक्षता अभिबृद्धि गर्नुपर्दछ ।

४. **सेवा प्रवाह मापदण्ड :** प्रदेश सरकारको (कार्य विभाजन) नियमावली, २०७४ अनुसार प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण र सन्तुष्टि सर्भेक्षण तथा सेवा प्रवाहको अनुगमन गर्ने उल्लेख भएकोमा सो को कार्यविधि स्वीकृत भएको देखिएन । कार्यविधि स्वीकृत गरी सेवा वितरणको मापदण्ड निर्धारण गर्नुपर्दछ ।

५. **सल्लाहकार/विज्ञको पारिश्रमिक :** कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री तथा मन्त्रीहरूको पारिश्रमिक तथा सुविधा सम्वन्धी ऐन २०७५ को दफा १३ मा मुख्यमन्त्री र मन्त्रीको काममा सहयोग गर्न प्रदेश सरकारले विज्ञ नियुक्त गर्न सक्ने र नियुक्त विज्ञको संख्या र त्यस्तो विज्ञले पाउने सुविधा प्रदेश सरकारले तोके बमोजिम हुने व्यवस्था छ । सोही ऐनको अनूसुची १ को द्रष्टव्यको बुँदा नं.१ मा मुख्यमन्त्री र विभागीय मन्त्रीले मन्त्रिपरिषद्को निर्णय बमोजिम आवश्यकता अनुसार विषयगत सल्लाहकार राख्न सक्ने व्यवस्था छ। शैक्षिक योग्यता लगायतको मापदण्ड तयार नगरी प्रेस, राजनीतिक र जनसम्पर्क सल्लाहकार नियुक्त गरी रु.२२ लाख ७ हजार तलव, आवास र ईन्धन सुविधामा खर्च लेखेको छ ।

६. **भैपरी शीर्षकबाट खर्च :** कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को १६(२) मा विनियोजन ऐनले छुटयाएको रकम एक भन्दा वढी निकायलाई बाँडफाँट गरी सम्बन्धित कार्यालयलाई जानकारी दिनुपर्ने व्यवस्था छ । एक पटक बाँडफाँट गरीसकेपछी पटक पटक बाँडफाँट गर्न पाइने व्यवस्था छैन । कार्यालयको यस वर्ष भैपरी बजेट रु.४ अर्ब २० करोड अर्थात प्रदेश सरकारको कुल विनियोजित बजेटको १२.२३ प्रतिशत रहेको छ । उक्त भैपरी बजेट पटके निर्णयका आधारमा कर्णाली उज्यालो कार्यक्रम, मुख्यमन्त्री रोजगार कार्यक्रम र मुख्यमन्त्री दलित महिला आय आर्जन कार्यक्रम समेतमा खर्च गर्ने समय विचार नगरी रु.१ अर्ब २ करोड ९२ लाख ४९ हजार खर्च गर्ने अख्तियारी बर्षान्तमा प्रदान गरेको छ । सम्बन्धित कार्यक्रममा विनियोजन नै नगर्ने वा कम विनियोजन गरी भैपरी बजेटबाट निकासा दिएबाट बजेट प्रक्रियाको पालना भएको छैन । यो परिपाटि वढ्दै जादा कार्यक्रम बजेट कार्यान्वयनमा समस्या आउने, अनुगमनमा कठिनाई हुने, बजेटको पारदर्शिता नहुने, अभिलेख तथा खर्च व्यवस्थापनमा समस्या पर्ने हुँदा यस्ता प्रकारको भैपरी बजेट उपर नियन्त्रण गर्नुपर्दछ ।

७. **रकमान्तर :** कर्णाली प्रदेश विनियोजन ऐन, २०७५ मा रहेको व्यवस्था बमोजिम एक शीर्षकबाट सो शिर्षकको १० प्रतिशतमा नवढ्ने गरी रकमान्तर गर्नुपर्ने व्यवस्था छ । एकिकृत वस्ती विकास कार्यक्रममा रु.२५ करोड ५० लाख बजेट व्यवस्था भएकोमा २०७७/३/१० मा मुख्यमन्त्री दलित महिला आय आर्जन कार्यक्रममा रु.९ करोड ९९ लाख २८ हजार रकमान्तर गरी स्थानीय तहमा पठाउने निर्णय भएको देखिन्छ । जुन विनियोजित रकमको ३९.१८ प्रतिशत हुन आउँछ । ऐनको प्रावधान पालना हुनुपर्दछ ।

८. **समन्वय परिषद :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०५ को उपदफा (१) मा प्रदेश तथा स्थानीय तहले गर्ने काम कारवाहीमा नीतिगत सामन्जस्यता, योजना व्यवस्थापनमा रणनीतिक साझेदारी, साझा अधिकार क्षेत्रको प्रयोग, प्राकृतिक स्रोत साधनको उपयोग र बाँडफाँट सम्बन्धी विषयमा प्रदेश र स्थानीय तहवीच समन्वय गर्न प्रदेश सरकारका मुख्यमन्त्रीको संयोजकत्वमा एउटा समन्वय परिषद् रहने व्यवस्था छ । उक्त परिषदको बैठक वर्षको कम्तीमा एकपटक बस्नुपर्ने व्यवस्था बमोजिम प्रदेश बैठक २०७६।९।१० र ११ मा बसी परिषदको उक्त बैठकले कार्यविधी पारित गर्ने, मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा सम्पर्क इकाई गठन गर्ने, स्थानीय तह र प्रदेश सरकारबीच यसै इकाई मार्फत सम्पर्क कायम गर्ने, मध्यमकालिन खर्च संरचना र आफ्नो तहको आवधिक योजना र प्रोफाइल समन्वयात्मक रूपमा तयार गरी प्रदेश सरकारमा पठाउने, पन्ध्रौ योजनाले निर्धारण गरेको राष्ट्रिय सोच , लक्ष्य र उद्देश्यसँग तादाम्यता कायम गर्ने , स्थानीय तहबाट योजना निर्माणका चरण पूरा गरी तयार भएका योजनालाई समावेश गर्ने र राजश्व संकलन र बजेट खर्चको विषयमा स्थापित विधिलाई पालन गर्ने लगायतका उल्लेखनिय निर्णय गरेको भएतापनि मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा सम्पर्क इकाई गठन गर्ने बाहेकका अन्य निर्णय कार्यान्वयन गरेको छैन । उक्त निर्णय कार्यान्वयन हुनुपर्दछ ।

९. **कर्णाली प्रदेश योजना आयोग :** कर्णाली प्रदेश योजना आयोग (गठन तथा कार्य संचालन) आदेश, २०७५ बमोजिम उक्त आयोग २०७५।८।९ मा गठन गरिएको छ । मुख्यमन्त्री अध्यक्ष रहेको आयोगमा प्रदेश सरकारबाट १ उपाध्यक्ष र २ विज्ञ सदस्यको नियुक्ती भएको छ । कर्णाली प्रदेश सरकारले समृद्ध कर्णाली सुखी कर्णालीवासीको दीर्घकालिन सोच तय गरी प्रथम पञ्चवर्षीय योजना (२०७६।७७–२०८०।८१) तर्जुमा गरेको छ । प्रदेश सरकारले पहिलो प्राथमिकता पूर्वाधार, दोस्रो प्राथमिकता सामाजिक विकास र तेस्रो प्राथमिकताको रूपमा हरित अर्थतन्त्रमा आधारित उत्पादनलाई राखेको छ । यसैगरी अन्य प्राथमिकतामा पर्यटन र वातावरण, अनुसन्धान, विज्ञान प्रविधि र नवप्रवर्तन, डिजिटल कर्णाली र शुसासनलाई समावेश गरेको छ ।

- **बेरुजुको स्थिति :** यस वर्ष कार्यालय र मातहत निकायको लगती बेरुजु देखिएको छैन । यससम्बन्धी विवरण **अनुसूची–१०** मा छ ।

आर्थिक मामिला तथा योजना मन्त्रालय

प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन, नियमन लगायत प्रदेशस्तरको आर्थिक श्रोतको बाँडफाँट, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन, आर्थिक विकासमा सार्वजनिक, निजी, सहकारी तथा गैर सरकारी क्षेत्रसँगको साझेदारी एवं समन्वय र सहकार्यसम्बन्धी नीति, मापदण्ड बनाउने लगायतका कार्य रहेका छन्।

यो वर्ष मन्त्रालय र मातहत समेत ११ निकायको विनियोजन रु.२ अर्ब ९६ करोड ८९ लाख ६१ हजार, राजश्व रु.४ अर्ब ६६ करोड ६७ लाख ८८ हजार, धरौटी रु. १ करोड २४ लाख ८३ हजार र अन्य कारोवार रु.११ करोड ७५ लाख ७५ हजार समेत रु.७ अर्ब ७६ करोड ५८ लाख ७ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोवारको लेखापरीक्षणबाट देखिएका मुख्य ब्यहोरा निम्नानुसार छन्:-

१. **कार्य जिम्मेवारी :** प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयलाई २४ बुँदामा कार्य जिम्मेवारी तोकिएको छ ।उक्त नियमावलीमा मन्त्रालयले प्रदेशको आर्थिक अवस्थाको विश्लेषण, आर्थिक नीतिको तर्जुमा, लगानी प्रक्षेपण, मूल्य स्थिति, सहवित्तीयकरण, प्रादेशिक वित्त सन्तुलन, आवधिक एवं क्षेत्रगत योजना, अन्तर प्रदेश विकास योजनाको समन्वय लगायतका विषयमा कार्यान्वयन र नियमन गर्ने उल्लेख भएकोमा ती कार्य गर्न बाँकी देखिन्छ । कार्य जिम्मेवारी कार्यान्वयनमा आएको, प्रक्रियामा रहेको, कार्यान्वयन गर्न बाँकी रहेको आदि ब्यहोरा देखिने सूची र सोको कार्यान्वयन तालिका समेत तयार गरी कार्यान्वयनमा प्रभावकारिता ल्याउनुपर्दछ ।

२. **समग्र आर्थिक अवस्था :** नेपालको कुल ग्राहस्थ उत्पादनमा यस प्रदेशको गत वर्ष ३.९२ प्रतिशत र यस वर्ष ४.११ प्रतिशत योगदान रहेको छ । यस वर्ष कोभिड १९ महामारीको असरका बाबजुद ०.५ प्रतिशत आर्थिक बृद्धिदर देखिएको छ । कुल ग्राहस्थ उत्पादनमा सेवा क्षेत्र, जलविद्युत र पर्यटन क्षेत्रको हिस्सा उच्च रहने दोस्रो प्रदेशमा यो प्रदेश रहेको छ । प्रदेशको कमजोर आर्थिक परिसुचकलाई तत्काल घटाउन नसकिएतापनि न्युनतम मापदण्ड सहितको विशेष रणनीतिक योजना लागु गरी निजी तथा वैदेशिक लगानीलाई प्रोत्साहित गर्नुपर्छ ।

३. **विनियोजन दक्षता :** यो वर्ष मन्त्रालयलाई रु.१२ करोड ८६ लाख ७० हजार विनियोजन भएकोमा रु.७ करोड ४२ लाख ५५ हजार खर्च (५७.७० प्रतिशत) भएको छ । वार्षिक कार्यक्रममध्ये कर्णाली लगानी सम्मेलन हुन नसकेको, कर्णाली पूर्वाधार विकास लगानी कोष खडा नभएको, परियोजना बैंक तयार नभएको, मध्यमकालीन खर्च संरचनाका आधारमा बजेट तर्जुमा भएतापनि योजनाको प्राथमिकिकरण हुन नसकेको, आवधिक योजना ढिला स्वीकृत भएकाले वार्षिक र आवधिक योजना विच तादात्म्यता कायम हुन नसकेको, बजेट कार्यान्वयन कार्यतालिका र खरिद योजना स्वीकृत गराई भाद्र मसान्तभित्र खरिद प्रकृया शुरु नगरेको, विकास सहायता परिचालन मापदण्ड तयार गरी

सहायता परिचालन गर्न नसकेको, प्रदेशका हिमाली जिल्लाका लागि आर्थिक वर्षको समाप्ति पश्चात् ६ महिना बजेट फ्रिज नहुने व्यवस्था कार्यान्वयन नगरेको, सार्वजनिक खर्च, वित्तीय उत्तरदायित्व र वित्तीय जवाफदेहीता सम्बन्धी कानुन निर्माण नभएको, सूचना प्रणाली भरपर्दो नदेखिएको र स्थानीय तहमा जाने अनुदानलाई प्रभावकारी बनाउन नीतिगत र संरचनागत व्यवस्था भएको छैन। कार्यक्रम कार्यान्वयन गरी विनियोजन दक्षता बढाउनुपर्दछ ।

४. **रकमान्तर :** कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १७ मा एकभन्दा वढी शीर्षकमा विनियोजित रकम वचत हुने भएमा विनियोजन ऐनमा तोकिएको सिमा भित्र रही कुनै एक शीर्षकबाट अर्को शीर्षकमा आर्थिक मामिला तथा योजना मन्त्रालयले रकमान्तर गर्न सक्ने व्यवस्था छ । प्रदेश सरकारको कुल बजेट रु.३४ अर्ब ३५ करोड ३४ लाख २५ हजार मध्ये वर्षभरिमा रु.६ अर्ब ६ करोड ६५ लाख १० हजार रकमान्तर गरेको छ । अधिकांश रकमान्तर वर्षान्तको अन्तिम हप्तामा गरी विभिन्न शीर्षक उपशीर्षकमा रकम थप गरेको छ । यसरी रकमान्तर भई निकासा भएको रकमको मित्तव्ययी र दक्षतापूर्ण उपयोगको सुनिश्चितता गरेको देखिएन । वर्षान्तको अन्तिम हप्तामा रकमान्तर गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

५. **वर्षान्तको खर्च / भुक्तानी :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३३ मा आर्थिक वर्ष समाप्त हुनु अगावै आषाढ २५ गते खातावन्दी गर्नुपर्ने व्यवस्था छ । प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५ मा आर्थिक वर्ष समाप्त हुनु अगावै कम्तीमा ३ दिन अगाडी नै सम्बन्धित कार्यालयलाई भुक्तानी दिनुपर्ने रकम भुक्तानी दिई आर्थिक कारोवार वन्द गर्नुपर्ने व्यवस्था छ । यो वर्ष कुल रु.३४ अर्ब ३५ करोड ३४ लाख २५ हजार विनियोजन भई रु.१६ अर्ब ८८ करोड २ लाख ४ हजार खर्च भएको छ । कुल खर्चमध्ये आषाढ २५ पछि ३१ गतेसम्म रु.६ अर्ब ९२ करोड ३४ लाख २२ हजार (४१.०१ प्रतिशत) खर्च भएको छ । बजेट खर्च गर्दा नियमावलीको व्यवस्था पालना गर्नुपर्दछ ।

६. **आयोजना स्वीकृति :** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ८ मा विकास आयोजनाको बजेट तर्जुमा गर्दा प्रस्तावित आयोजनाको सम्भाव्यता अध्ययन गरी सोही आधारमा वार्षिक बजेट तर्जुमा गर्नु पर्ने ब्यवस्था रहेकोमा मन्त्रालयले उपर्युक्त अनुसारको प्रकृया पूरा नगरी अधिकांस कार्यक्रम तथा बजेट स्वीकृत गरेकोले कानुनी प्रक्रिया पूरा गरेर आयोजना स्वीकृत तथा संचालन गर्नुपर्दछ ।

७. **ढुंगा गिटी वालुवाको कर :** आर्थिक ऐन, २०७५ द्वारा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ खारेज गरी दफा ६२क थप गरेर ढुंगा, गिट्टि र वालुवा विक्रिबाट प्राप्त रकम स्थानीय संचित कोषमा जम्मा गर्ने गरी सो करमा स्थानीय तहको एकल अधिकार कायम गरेकोमा सो अनुसार प्रदेश तहका कानुनमा संशोधन नगरेको र उक्त व्यवस्था विपरित संघीय मन्त्रिपरिषदले ढुंगा, गिट्टि र वालुवा विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ जारी गरी संकलित राजस्व बाँडफाँट गर्ने व्यवस्था कायमै राखेकोले उक्त राजश्व बाँडफाँटमा अस्पष्टता देखिएको छ । स्थानीय तहले यस वर्ष ४० प्रतिशतले हुने उक्त कर रु.१३ लाख १४ हजार प्रदेशलाई पठाएको छ । राजस्व बाँडफाँट सम्बन्धी कानुन तर्जमा गर्दा संघीय कानुनसँग नबाझिने व्यवस्था गर्नुपर्दछ ।

८. **लेखाङ्कन तथा प्रतिवेदन :** कारोबारको लेखा र प्रतिवेदनको ढाँचा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा २०७६।२।१९ र नेपाल सार्वजनिक वित्तिय क्षेत्र प्रतिवेदन लेखामानको ढाँचा २०७५ मार्गमा स्वीकृत भइसकेको छ । प्रदेश मन्त्रालय तथा केन्द्रीय निकायले स्वीकृत भए बमोजिमको ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन। तोकिएको ढाँचामा प्रतिवेदन गर्नुपर्दछ । गत वर्षको प्रतिवेदनमा यस सम्बन्धमा उल्लेख भएकोमा स्थिति यथावत छ ।

९. **प्रतिवेदन प्रणाली :** अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३२ मा स्थानीय तहले आफुले गरेको आय व्ययको चौमासिक विवरण त्यस्तो अबधि समाप्त भएको १५ दिन भित्र प्रदेशमा पेश गर्नुपर्ने र प्रदेशले स्थानीय तह समेतको आय व्ययको विवरण चौमासिक अबधि समाप्त भएको ३० दिन भित्र नेपाल सरकार अर्थ मन्त्रालयमा पेश गर्नुपर्ने व्यवस्था छ । प्रदेशले यस्तो विवरण स्थानीय तहबाट संकलन गरी अर्थ मन्त्रालयमा पठाएको छैन । खर्चको एकिकृत अभिलेख तयार गरी प्रतिवेदन गर्नुपर्ने कानुनी व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । गत वर्षको प्रतिवेदनमा यस सम्बन्धमा उल्लेख भएकोमा स्थिति यथावत छ ।

१०. **मध्यमकालीन खर्च संरचना :** अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले संघ, प्रदेश र स्थानीय तहले अनिवार्य रूपमा मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ । सो ऐनको दफा १७ अनुसार प्रदेश सरकारले यसै ऐनको दफा १६ अनुसारको खर्च विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्च प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने कानूनी व्यवस्था छ । प्रदेश सरकारबाट मध्यमकालीन खर्च संरचना (आ.ब. २०७६।७७ देखि २०७८।२०७९) तर्जुमा गरेको छ । खर्च संरचनामा आर्थिक वर्ष २०७६।७७ मा विनियोजित बजेट अनुरुप र त्यसपछिका बाँकी दुई आर्थिक वर्षको हकमा आयोजना कार्यान्वयनको स्थिति, उपलब्ध साधन स्रोत र खर्च गर्ने क्षमतालाई आधार मानी रकम अनुमान गरिएको छ । मध्यमकालीन खर्च संरचनाअनुसार यस वर्ष रु.३१ अर्ब ३२ करोड ३५ हजार खर्च अनुमान तथा प्रक्षेपण गरेतापनि रु.३४ अर्ब ३५ करोड ३४ लाख २५ हजार बजेट विनियोजन भई रु.१६ अर्ब ८८ करोड २ लाख ५ हजार खर्च भएको छ । मध्यमकालीन खर्च संरचनाको सीमा भित्र रही प्राथमीकता प्राप्त योजनामा बजेट विनियोजन गर्ने र गराउने प्रणालीको शुरुवात भएको छैन ।

११. **कर्णाली प्रोत्साहन भत्ता :** ऐनले तोके बमोजिम बाहेक कर्मचारीलाई तलव भत्ता र अन्य सुविधा नेपाल सरकारलाई आर्थिक दायित्व पर्ने गरी दिन मिल्ने अवस्था देखिदैन । प्रदेश सरकार मन्त्रिपरिषदको २०७६/०९/०८ को निर्णयले कर्णाली प्रदेशका कर्मचारीलाई २०७६ मार्ग १ देखि लागु हुने गरी थप सेवा सुविधा उपलव्ध गराउने निर्णय गरी कर्मचारी प्रोत्साहन तथा पुरस्कार खर्च शिर्षकबाट रु. ८ करोड ५२ लाख २ हजार खर्च लेखेको छ । कर्णाली प्रोत्साहन भत्ता जिल्लागत रूपमा कर्मचारीलाई मासिक रु.४ हजार देखि १० हजार तथा चिकित्सकको तह र जिल्लागत रूपमा (शुरु तलव स्केलको) ५० प्रतिशत देखि १३५ प्रतिशतसम्म विशेष भत्ता उपलब्ध गराउने व्यवस्था गरेको छ । निजामति कर्मचारीलाई तलब भत्ता भुक्तानी दिंदा नेपाल सरकारको नीति अनुसार मात्र दिनुपर्दछ ।

प्रदेश लेखा नियन्त्रक कार्यालय

१२. **प्रदेश सञ्चित कोष :** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४ बमोजिम प्रदेश सञ्चित कोषको लेखा अद्यावधिक रूपमा राख्ने तथा त्यसको वार्षिक वित्तीय विवरण तयार गर्ने कर्तव्य र उत्तरदायित्व प्रदेश लेखा नियन्त्रक कार्यालयको हुने व्यवस्था छ । प्रदेश संचित कोषको संचालन, एकीकृत लेखा तथा वित्तीय विवरण २०७७ कार्तिक मसान्त भित्र महालेखा नियन्त्रक तथा महालेखापरीक्षकको कार्यालयमा पेश गर्नुपर्नेमा सो अवधि भित्र पेश हुन सकेन । तोकिएको समयमा वित्तीय विवरण पेश गर्ने व्यवस्थाको प्रभावकारी कार्यान्वयन हुनुपर्दछ । प्रदेशको सञ्चित कोषको हिसाब विवरण निम्नानुसार रहेको छः

(रु. हजारमा)

क्र.स.	प्राप्ति	गत वर्ष	यस वर्ष
१	**गत वर्षको मौज्दात जिम्मेवारी**	**२८५५१३**	**१००४९६०८**
२	**राजस्व तथा अनुदान**	**२३८५१७४२**	**१९६१५१४५**
२.१	कर राजस्व	६३४३१३०	५१३०२५०
२.२	अन्य राजस्व	१०८५२३	९१४५७
२.३	गत वर्षको नगद मौज्दात तथा बेरुजु	७८६२०१	०
२.४	समानीकरण अनुदान	९१३१४००	९८४८३००
२.५	समपूरक अनुदान	९२००००	४६८९००
२.६	सशर्त अनुदान	५६५४७६९	३२६६२३८
२.७	विशेष अनुदान	९०७७१९	८१००००
३	**वित्तीय व्यवस्था**		
३.१	सोधभर्ना हुने गरी भएको खर्च	०	०
३.२	ऋण लगानी फिर्ता	०	०
३.३	शेयर विक्री	०	०
३.४	बैदेशिक ऋण प्राप्ती	०	०
४	अनुदान मध्ये खर्च नभई फिर्ता गर्नुपर्ने रकम	(२४९२०१७)	(१८२६०१०)
५	चालु आर्थिक वर्षको संचितकोषको खुद मौज्दात	(११६२८८९६)	(१०९६८४८१)
६	विगत आर्थिक वर्षको खुद मौज्दात	०	०
७	बैंकबाट भुक्तानी नभएको खर्च समायोजन	०	९९४२
	जम्मा प्राप्ति	**१००१६३४२**	**१६८८०२०४**
	भुक्तानी		
१	**चालु वर्षको भुक्तानी**		
१.१	संचित कोष माथि व्यभार हुने रकममा खर्च	५१०३	८६१२
१.२	विनियोजन ऐनद्धारा भएको खर्च (**चालु**)	४५९५९९७	७३३६३१९
१.३	विनियोजन ऐनद्धारा भएको खर्च (**पूँजिगत**)	५४१५२४२	९५३५२७३
२	**वित्तीय व्यवस्था भुक्तानी**		
२.१	आन्तरिक ऋणको साँवा भुक्तानी	०	०
२.२	बाह्य ऋणको साँवा भुक्तानी	०	०
२.३	ऋण लगानी तथा शेयर लगानी	०	०
	जम्मा भुक्तानी	**१००१६३४२**	**१६८८०२०४**

१३. **एकीकृत वित्तीय विवरण** : प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २६ (५) मा प्रदेशले तयार गर्ने वित्तीय प्रतिवेदन नेपाल सरकारबाट स्वीकृत मापदण्ड बमोजिम हुने व्यवस्था छ । सरकारले स्वीकृत गरेको मापदण्डबमोजिम सञ्चित कोषको आय व्यय विवरण तयार गरेको छैन । तोकिएको ढाँचामा सञ्चित कोषको आय व्यय विवरण तयार गरी लेखापरीक्षणमा पेश गर्नुपर्दछ ।

१४. **प्रदेश विनियोजन** : प्रदेश सरकारको कुल बजेट रु.३४ अर्ब ३५ करोड ३४ लाख २५ हजारमा कुल खर्च रु.१६ अर्ब ८८ करोड २ लाख ४ हजार रहेको छ । उक्त खर्च मध्ये चालु तर्फ सञ्चित कोषमा व्ययभार पर्ने रकम समेत रु.७ अर्ब ३४ करोड ४९ लाख ३१ हजार तथा पूँजीगत तर्फ रु.९ अर्ब ५३ करोड ५२ लाख ७३ हजार खर्च भएको छ । कुल बजेटको तुलनामा खर्च ४९.१४ प्रतिशत र कुल खर्चको अनुपातमा चालु तर्फ ४३.५१ प्रतिशत र पूँजीगत तर्फ ५६.४९ प्रतिशत खर्च भएको छ । उक्त खर्चमा रु.९९ लाख ४२ हजार खर्च भएको तर बैंकबाट भुक्तानी नभएको रकम रहेको छ । सो रकम समायोजन गर्दा सञ्चित कोषको खुद खर्च रु.१६ अर्ब ८७ करोड २ लाख ६२ हजार हुन जान्छ । अख्तियारी, बजेट तथा कार्यक्रमको परिचालनमा ढिलाईको कारण पूँजीगत खर्चको स्थिति कमजोर देखिएको छ ।

१५. **खर्चको श्रोतगत अवस्था** : प्रदेश सरकारको कुल खर्च मध्ये श्रोतगत विवरणमा प्रदेश सरकारको रु.१३ अर्ब ३३ करोड ८१ लाख ५७ हजार र संघीय सरकारको रु.३ अर्ब ५४ करोड २० लाख ४७ हजार रहेको छ । संघीय सरकार तर्फ समानीकरण अनुदान रु.८२ करोड २९ लाख ११ हजार, सशर्त अनुदान रु.२ अर्ब २८ करोड ३३ लाख ५३ हजार, विशेष अनुदानमा रु.२७ करोड ४ लाख १० हजार र समपूरक अनुदान तर्फ रु.१६ करोड ५३ लाख ७३ हजार खर्च भएको छ । संघीय सरकारको खर्चमा रु.३ करोड ३४ लाख ४१ हजार अनुदान तथा रु.४४ लाख ६६ हजार सोधभर्ना हुने ऋण रहेको छ ।

१६. **घटी जिम्मेवारी** : गत वर्षको सञ्चित कोषको मौज्दात रु.११ अर्ब ६२ करोड ८८ लाख ९६ हजार रहेकोमा यस वर्ष रु.१० अर्ब ४ करोड ९६ लाख ८ हजार जिम्मेवारी सारेकाले रु.१ अर्ब ५७ करोड ९२ लाख ८८ हजार घटी जिम्मेवारी सारेको छ । यसको हिसाब मिलान गर्नु पर्दछ ।

१७. **प्रदेश आन्तरिक आय** : विनियोजन ऐन, २०७६ अनुसार कुल राजश्व रु.७ अर्ब ७२ करोड २७ लाख ४१ हजार अनुमान गरेकोमा रु.५ अर्ब २२ करोड १७ लाख ८ हजार असूली भएको छ । प्राप्त गरेको राजश्व रकम अनुमानको तुलनामा ६७.६१ प्रतिशत देखिएको छ । स्थानीय तहबाट अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्राप्त हुने ४० प्रतिशत रकम प्राप्त नभएको, राजश्वको पूर्वानुमान वस्तुनिष्ठ तवरले हुन नसकेको, राजश्व प्राप्तिका वैकल्पिक श्रोतहरू पहिचान गरी आय वृद्धि गर्नेतर्फ कार्य योजना नबनाएको कारण घटी राजश्व असूल भएको छ ।

१८. **प्रदेश विभाज्य कोष** : प्रदेश विभाज्य कोषमा जम्मा भएको रकम अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम ६० प्रतिशत प्रदेश सञ्चित कोषमा र ४० प्रतिशत स्थानीय सञ्चित कोषमा बाँडफाँट गर्ने व्यवस्था छ । यो वर्ष कुल रु.१७ करोड ३३ लाख ३० हजार संकलन भएकोमा पहिलो किस्ता रु.८ करोड १९ लाख ८१ हजारको ४० प्रतिशतले हुने रु.३ करोड २७ लाख ९२ हजार प्रदेश विभाज्य कोषमा सारेको र बाँकी ६० प्रतिशतले हुने रु.४ करोड ९१ लाख ८९ हजार

प्रदेश राजश्व तथा अनुदान खातामा सारेको छ । साथै दोस्रो तथा तेस्रो किस्ताबाट (सवारी साधन कर) प्राप्त रु.९ करोड १३ लाख ४९ हजारको ६० प्रतिशतले हुने रु.५ करोड ४८ लाख ९ हजार प्रदेश सञ्चित कोषमा र बाँकी ४० प्रतिशतले हुने रु.३ करोड ६५ लाख ४० हजार स्थानीय सञ्चित कोषमा बाँडफाँट गरेको छैन ।

१९. **प्रदेश धरौटी :** गत वर्षको जिम्मेवारी रु.१९ करोड ४४ लाख ३७ हजारमा यस वर्ष रु.४३ करोड ७८ लाख ८३ हजार आय प्राप्त भई सदरस्याहा र फिर्ता खर्च रु.१७ करोड ५ लाख ५० हजार समायोजन गर्दा रु.४६ करोड १७ लाख ७० हजार बाँकी देखिन्छ । प्रदेशको गत वर्षको धरौटीको अन्तिम मौज्दात रु.३४ करोड ६६ लाख ३७ हजार रहेकोमा घटी जिम्मेवारी सारेको रु.१५ करोड २२ लाखको सम्बन्धमा एकीन गरी हिसाव मिलान गर्नुपर्दछ ।

२०. **आन्तरिक लेखापरीक्षण :** प्रदेश आर्थिक कार्यविधि ऐन २०७४ को दफा ३२(१) मा आर्थिक वर्ष शुरु भएपछि कम्तिमा प्रत्येक दुई महिनामा प्रदेश सरकार अन्तर्गतका सबै कार्यालय तथा निकायको आर्थिक कारोवारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालय वा सो अन्तर्गतको कार्यालयबाट आन्तरिक लेखापरीक्षण गरी १५ दिनभित्र प्रतिवेदन बुझाउनुपर्ने व्यवस्था छ । यस वर्ष प्रदेश सरकार अन्तर्गतका ११८ निकाय र प्रदेश सरकारबाट विनियोजन भएका १० जिल्ला समवन्य समिति र ७९ स्थानीय तहको आन्तरिक लेखापरीक्षणबाट कुल रु. ९१ करोड ६६ लाख १९ हजार बेरुजु कायम भएकोमा पेश्कि बेरुजु रु. ८५ करोड ४४ लाख ९३ हजार (९३.२२) प्रतिशत र नियमित गर्नुपर्ने रु. ५ करोड ४४ लाख ४८ हजार (५.९३) प्रतिशत छ । प्रत्येक दुई महिनामा लेखापरीक्षण व्यवस्था,आन्तरिक लेखापरीक्षणबाट औंल्याएका बेरुजु अन्तिम लेखापरीक्षण अगावै फस्यौंट, कार्यसम्पादनका क्रममा परिचालन भएको श्रोतको नतिजामूलक उपयोग, नीतिगत एवं प्रक्रियागत पक्षको व्यवस्थापकीय अभ्यास र संचालन संस्कृतिका सम्बन्धमा उल्लेख नगरेको कारण आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिएन ।

- **बेरुजुको स्थिति :** मन्त्रालय मातहत १ निकायमा यो वर्ष रु.१ अर्ब ६० करोड ५२ लाख ८० हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.१ अर्ब ६० करोड ५१ लाख ७१ हजार फस्यौंट गरेकोले रु.१ लाख ९ हजार फस्यौंट गर्न बाँकी रहेको छ । यस सम्बन्धी विवरण **अनुसूची–१० मा** छ ।

आन्तरिक मामिला तथा कानुन मन्त्रालय

प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा प्रदेशमा शान्ति सुरक्षा र सुव्यवस्था सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा तथा कार्यान्वयन, नियमन, सूचना सङ्कलन, मूल्याङ्कन र प्रतिवेदन तथा संघसंस्थाको समन्वय र सहकार्य गर्ने लगायतका कार्य रहेका छन्।

यो वर्ष मन्त्रालयको विनियोजन रु.४२ करोड ८९ लाख, राजश्व रु.९१ हजार, धरौटी रु.२३ लाख २४ हजार र अन्य कारोबार रु.३० करोड ५ लाख ९२ हजार समेत रु.७३ करोड १९ लाख ७ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । लेखापरीक्षणबाट देखिएका मुख्य ब्यहोरा निम्नानुसार छन्ः-

१. **कार्य जिम्मेवारी :** प्रदेश सरकार (कार्य विभाजन) नियमावली बमोजिम यस मन्त्रालयलाई प्रदेशमा शान्ति सुरक्षा र सुव्यवस्थासम्बन्धी नीति, कानुन, मापदण्ड र योजना तर्जूमा तथा कार्यान्वयन, नियमन, सूचना संकलन, मूल्यांकन र प्रतिवेदन तथा संघसँगको समन्वय र सहकार्य लगायतका ४२ कार्य तोकिएको छ । प्रदेशस्तरको विद्युतीय संचार माध्यम संचालन सम्बन्धी नीति, कानुन र मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन तथा अनुमति, इजाजत, नविकरण, सूचना प्रविधि पार्कको निर्माण, संचालन र नियमन, प्रदेश भित्र न्यायिक र अर्ध न्यायिक निकायले गरेका फैसला कार्यान्वयन, छापा संचार माध्यमको दर्ता, अनुमति, आचारसंहिता निर्धारण र अनुगमन, अभिलेखाङ्कन, बर्गीकरण, संचालन र नियमन र सत्यनिरुपण तथा मेलमिलाप र वेपत्ता पारिएका व्यक्ति सम्बन्धी कार्य जिम्मेवारीको काम नभएकोले स्रोत साधन व्यवस्थापन गरी कार्य सम्पन्न गर्नुपर्दछ । यस सम्बन्धी देखिएका अन्य ब्यहोराहरू देहायअनुसार छन्।

१.१. प्रदेश सरकार (कार्यविभाजन) नियमावली अनुसार प्रदेश भित्रको सडक सुरक्षा र ट्राफिक व्यवस्थापनको जिम्मेवारी यस मन्त्रालयको रहेको देखिन्छ । प्रदेश भित्रका सडक सुरक्षा, ट्राफिक व्यवस्थापन, यातायात क्षेत्रको सिन्डिकेट एवं कार्टेलिङ्ग नियन्त्रण सम्बन्धी प्रदेश ऐन, नियम तथा कार्यविधि एवं मापदण्ड हालसम्म तर्जुमा हुन नसक्दा यातायात क्षेत्रको कार्टेलिङ्ग र सिन्डिकेट नियन्त्रण गर्ने कार्य प्रभावकारी हुन सकेको छैन । यसको नियमन गर्नु पर्दछ ।

१.२. प्रदेश सरकार (कार्यविभाजन) नियमावली अनुसार यस मन्त्रालयको कार्य जिम्मेवारीमा प्रदेश भित्रका गैर सरकारी संघ संस्थाहरूको अभिलेख र समन्वय गर्ने रहेको छ । सो कार्य जिम्मेवारी पूरा गर्न मन्त्रालयले प्रदेश भित्र दर्ता भई संचालनमा आएका गैर सरकारी संघ संस्थाको दर्ता, संचालन/नविकरण तथा नियमनका लागि आवश्यक ऐन तथा नियमावली तर्जुमा गरी सकेको छैन । संघीय सरकार मातहत रहेको उक्त कार्य प्रदेश सरकार अर्न्तगत हस्तान्तरण भई आएकोमा संघमा दर्ता, संचालन, नविकरण भएका यस्ता गैर सरकारी संस्थाको अभिलेख प्रदेशमा प्राप्त हुन नसकेकोले मन्त्रालयमा गैर सरकारी संघ संस्थाको अभिलेख अद्यावधिक र समन्वय हुन नसकेको अवस्था छ । प्रदेश भित्रका गैर सरकारी संघ संस्थाको दर्ता, नविकरणका लागि ऐन, नियमावली तर्जुमा गरी सो अनुरुप अभिलेख अद्यावधिक गर्ने र सेवा प्रवाहमा समन्वय गर्ने कार्य प्रभावकारी रूपमा गर्नुपर्दछ।

२. **विनियोजन दक्षता :** यो वर्ष मन्त्रालयलाई रु.७९ करोड ८७ लाख ३० हजार बजेट बाँडफाँट तथा विनियोजन भएकोमा रु.३२ करोड ७३ लाख ९० हजार खर्च भएको छ । वार्षिक कार्यक्रम संचालन हुन नसक्दा वित्तीय कार्यसम्पादन ४०.९८ प्रतिशत रहन गई विनियोजन दक्षता न्युन देखिएको छ । वार्षिक कार्यक्रममध्ये प्रदेश प्रहरीको गठन नगरेको, अत्याधुनिक सुविधा र उच्च क्षमताको तथ्यांक भण्डार स्थापना हुन नसकेको, प्रदेश सरकारका सवै कार्यालयमा विपद् व्यवस्थापनका अत्यावश्यक सामग्री रहने व्यवस्था नभएको,विपद् तथा भोकमरीको समयमा तत्काल उपयोग गर्न सकिने गरी अत्यावश्यक खाद्य वस्तु, पानी र औषधी सहितको "जनभकारी" स्थानीय तहसम्म खडा हुन नसकेको र स्थानीय तहका न्यायिक समितिको प्रभावकारी कार्यसम्पादनका लागि आवश्यक कानूनी सहायता उपलव्ध गराएको पाइएन । कार्यक्रम कार्यान्वयन गरी विनियोजन दक्षता बढाउनुपर्दछ ।

३. **रकमान्तर :** कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १७(२) मा चालु बजेटबाट चालु खर्च शीर्षक र पूजिगत बजेटबाट पुँजिगतखर्च शीर्षकमा जुन शीर्षकमा रकमान्तर गरिने हो सो को २५ प्रतिशतभन्दा बढी नहुने गरी सम्बन्धित सचिवले र सो भन्दा वढी रकम एक उपशीर्षकबाट अर्को उपशीर्षकमा रकमान्तर आर्थिक मामिला तथा योजना मन्त्रालयले गर्नसक्ने व्यवस्था छ । मन्त्रालयले २०७६।६।८ मा डिजिटल स्कुल कार्यकमका लागि उपकरण खरिद गर्न रु.२ करोड विनियोजन गरेकोमा रु.१ करोड २५ लाख, प्रादेशिक रेडियो स्थापना तथा सञ्चालनार्थ उपकरण खरिद गर्न शुरु बजेट शुन्य रहेकोमा रु.२ करोड ५० लाख र जग्गा प्राप्तिमा रु.२ करोड ५० लाख थप गरी रु.६ करोड २५ लाख बजेट कायम गरेको छ । उक्त रकम पुँजिगत परामर्शबाट घटाई रकमान्तर गरेको छ । नरहरीनाथ गाँउपालिकाको भवन निर्माण गर्न रु.४ करोड सेवा र परामर्शबाट २०७६।१०।५ मा रकमान्तर गरी बजेट कायम गरेको छ । विभिन्न शिर्षकमा विनियोजित बजेट २०७७।२।७ मा रकमान्तरबाट घटाई विपद व्यवस्थापन कोषको बजेट रु.२४ करोड ९५ लाख कायम गरेको छ । रकमान्तर गरी खर्च गर्ने पद्धतीमा सुधार गर्नुपर्दछ ।

४. **डिजिटल विद्यालय :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १२(ज) अनुसार आधारभुत तथा माध्यमिक शिक्षा सम्वन्धी अधिकार स्थानीय तहलाई तोकेको छ । मन्त्रालयले प्रदेश अन्तरगतका विद्यालयमा डिजिटल विद्यालय कार्यक्रम संचालन गर्न शिक्षा विकास निर्देशनालय सुर्खेतलाई रु.८८ लाख ६४ हजार र १० जिल्लामा सामाजिक विकास कार्यालयलाई गत वर्षको डिजिटल विद्यालय कार्यक्रमलाई निरन्तरता दिन रु. ४८ लाख र यस वर्ष ८ जिल्लाका सामाजिक विकास कार्यालयमा नयाँ डिजिटल विद्यालय कार्यक्रम संचालनको लागि रु.२ करोड ३६ लाख ३६ हजार समेत रु.३ करोड ७३ लाख अख्तियारी प्रदान गरेको छ । विद्यालयलाई डिजिटल स्कुल वनाउन गत वर्ष विद्यालय तोकी प्रति विद्यालय रु.१२ लाख ५० हजारका दरले अख्तियारी पठाएकोमा कार्यक्रमको प्रभावकारिता विश्लेषण नगरी पुनः कार्यक्रमलाई निरन्तरता दिएको पाईयो । समन्वय गरी कार्यक्रमको कार्यान्वयनलाई प्रभावकारी बनाउनु पर्दछ।

५. **विपद बीमा :** कर्णाली प्रदेश सरकार मन्त्रिपरिषदबाट २०७६/९/८ मा विपद जोखिम विमा सम्वन्धी कार्यविधि २०७६ स्वीकृत भएको छ । प्राकृतिक जोखिम विरुद्ध सामुहिक दुर्घटना बीमा कार्यक्रमबाट भौगोलिक जटिलता र विपदबाट हुने दुर्घटनाका कारण मृत्यू भएमा रु.२ लाख प्राप्त हुने गरी १७ लाख ७० हजार कर्णालीबासीको एक वर्षको लागि राष्ट्रिय बीमा कम्पनीसँग सम्झौता गरी रु.१ करोड ५० लाख विमा शुल्क भूक्तानी गरेको छ । उक्त बीमा २०७६।१२।१ देखि १ वर्षको लागि

लागु भएकोमा २०७७।१०।४ सम्म प्राकृतिक जोखिम दुर्घटना विमाबाट मृतकका १६ जना हकवालालाई विमाङ्क रकम भुक्तानी भएको अध्यावधिक विवरण पेश गरेको छ । विमा कार्यक्रमबाट प्राप्त हुने उपलब्धि र खर्चको प्रभावकारिता मूल्यांकन गरी कार्यक्रम संचालन हुनुपर्दछ ।

६. **सोझै खरिद** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(१) अनुसार सार्वजनिक निकायले रु. २० लाख रुपैँयाभन्दा बढी लागत अनुमान भएको खरिद वा निर्माण गराउँदा बोलपत्रको माध्यमद्वारा प्रतिस्पर्धात्मक तरिका अपनाई खरिद गर्नुपर्दछ । मन्त्रालयले यो वर्ष मेशिनरी औजार, फर्निचर र निर्माण कार्यमा रु. १ करोड ६ लाख ५७ हजारको टुक्रा पारी ५ लाख भित्रको सिमा र लागत अनुमानको हाराहारीमा सोझै खरिद गरेको छ । सार्वजनिक खरिद कानुनको पालना गरी खरिद कार्य प्रतिस्पर्धी र मितव्ययी बनाउनु पर्दछ ।

७. **विपद व्यवस्थापन कोष** : कर्णाली प्रदेश विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम १४ र कर्णाली प्रदेश विपद व्यवस्थापन कोष संचालन कार्यविधि २०७६ को बुदा नं ८(२) र (३) मा कोषको संचालन मन्त्रालयबाट हुने व्यवस्था छ ।यस सम्बन्धमा देखिएका ब्यहोरा निम्न छन् :-

७.१ प्रदेश विपद व्यवस्थापन कोष संचालन कार्यविधि, २०७६ को बुँदा ११ मा प्रदेश सरकारबाट प्रदान गरिएको रकम तोकिएको कार्यमा खर्च गरी बचत हुन गएमा प्रदेश विपद व्यवस्थापन कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । यस वर्ष विपद व्यवस्थापन कोषमा प्रदेश सरकारबाट रु.२४ करोड ९५ लाख र अन्य संघ संस्था व्यक्तिबाट प्राप्त रु.३ करोड ६३ लाख ९७ हजार समेत रु.२८ करोड ५८ लाख ९६ हजार प्राप्त भएको छ । मन्त्रालयले कोभिड १९ नियन्त्रण तथा प्रतिकार्यका लागि ७९ स्थानीय तह, १० जिल्ला विपद व्यवस्थापन समिति, नेपाली सेना उत्तर पश्चिम पृतना, सामाजिक विकास मन्त्रालय लगायतका निकायलाई रु.२५ करोड ६ लाख ५६ हजार निकासा गरेकोमा नेपाली सेना उत्तर पश्चिम पृतना र ३ जिल्ला प्रशासन कार्यालय समेतले रु.१ करोड २० लाख ५२ हजार फिर्ता गरेका छन । उक्त निकायलाई निकासा दिई खर्च हुन नसकी बचत भएको रकम प्रदेश विपद व्यवस्थापन कोषमा फिर्ता हुनुपर्दछ ।

७.२ कोभिड १९ का कारण अलपत्र ३ हजार ८११ लाई विभिन्न जिल्लाबाट सुर्खेत ल्याउन र सुर्खेतबाट अन्य जिल्लामा पठाउन १८८ यातायात व्यवसायीलाई रु.७५ लाख ७३ हजार भुक्तानी दिएको छ । पठाएका व्यक्तिको नामावली पठाउने निकायले प्रमाणित गर्नुपर्नेमा सवारीधनीले पेश गरेको विवरणको आधारमा भुक्तानी दिएको छ । यात्रु संख्या यकिन गरेर मात्र भुक्तानी दिनुपर्दछ ।

- **बेरुजुको स्थिति** : मन्त्रालयमा यो वर्ष रु. ६ लाख ७२ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.१ लाख ७२ हजार फर्स्यौट गरेकोले रु.५ लाख फर्स्यौट गर्न बाँकी रहेको छ । यससम्बन्धी विवरण **अनुसूची–१०** मा छ ।

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा व्यापार, वाणिज्य र बजार प्रतिस्पर्धा सम्बन्धी नीति कानुन, मापदण्ड तथा योजनाको कार्यान्वयन ऐन, नियम, खानी तथा खनिज पदार्थको अन्वेषणसम्बन्धी नीति, प्रदेशस्तरको संरक्षण क्षेत्र र चरन क्षेत्रको व्यवस्थापन, प्रदेशभित्र भूस्खलन नियन्त्रण लगायतका कार्य रहेका छन्।

यो वर्ष मन्त्रालय र मातहत समेत २३ निकायको विनियोजन रु.१ अर्ब ४९ करोड ४० लाख १ हजार, राजश्व रु.८ करोड १३ लाख ७५ हजार, धरौटी रु.९ करोड ५६ लाख ३१ हजार र अन्य कारोबार रु.१२ करोड ९६ लाख ९३ हजार समेत रु.१ अर्ब ८० करोड ७ लाखको लेखापरीक्षण सम्पन्न भएको छ । लेखापरीक्षणबाट देखिएका मूख्य ब्यहोरा निम्नानुसार छन् :-

१. **कार्य जिम्मेवारी** : प्रदेश (कार्य विभाजन) नियमावलीको अनुसुची २ मा मन्त्रालयले पुरा गर्नु पर्ने कार्य जिम्मेवारी तोकिएको छ । व्यापार र वजार प्रतिष्पर्धा, खानी तथा खनिज पदार्थको अन्वेषण,कलकारखाना र औद्योगिकरण, पर्यटन तथा उद्योग, करार साझेदारी र एजेन्सी सम्बन्धी, जडिबुटी खेती प्रविधि प्रवर्द्धन, विस्तार तथा वजारीकरण, वनस्पती उद्यान तथा हर्वेरीयमको व्यवस्थापन र वनस्पती पहिचान तथा अभिलेखिकरण, जलाधार संरक्षण र जलउपयोग, वृक्षारोपण तथा सम्भार सम्बन्धी प्रादेशिक नीति निर्माण गरी कार्यान्वयन भएको छैन । यसैगरी उपभोक्ता अदालतको गठन र संचालन, पर्यटक प्रहरीको व्यवस्थापन, कालोबजारी तथा कृत्रिम अभाव नियन्त्रण एवं नियमन, ईन्धनको गुणस्तर अनुगमन, संरक्षण क्षेत्र र चरन क्षेत्रको व्यवस्थापन, जडिबुटी खेति प्रविधि प्रवर्द्धन, विस्तार तथा वजारीकरण सम्बन्धी तथ्यांक संकलन, विज्ञान संग्रहालय र प्लानेटोरीयमको स्थापना, संचालन र व्यवस्थापन जस्ता कार्य पनि संचालन भएका छैनन्। तोकिएको जिम्मेवारी पूरा गर्नुपर्दछ ।

२. **विनियोजन दक्षता** : यो वर्ष मन्त्रालयलाई रु. २८ करोड ३६ लाख ११ हजार बजेट विनियोजन भएकोमा रु. ८ करोड ५१ लाख ६९ हजार खर्च भएको छ । पुर्णरूपले वार्षिक कार्यक्रम संचालन हुन नसक्दा वित्तीय कार्यसम्पादन ३०.०३ प्रतिशत रहन गई विनियोजन दक्षता न्युन देखिएको छ । वार्षिक कार्यक्रममध्ये पेट्रोलियम पदार्थ र एल.पि. ग्यास भण्डारणको लागि छिन्चुमा जग्गा खरिद कार्य, दलित समुदायका महिला, जनजातीको सीप विकास मार्फत उद्यमशिलता र उपकरण सहयोग कार्यक्रम, प्लाष्टिक झोला मुक्त शहर कार्यक्रम, स्वरोजगारका लागि सहुलियतपूर्ण ऋण प्रदान गर्ने, राष्ट्र सेवकको औपचारीक पोशाकमा स्थानीय उत्पादन प्रयोगमा ल्याउने, पर्यटन वोर्डको स्थापना गर्ने, हिमाली क्षेत्रमा सम्भाव्यता अध्ययन गरी चिडियाखाना स्थापना गर्ने,केवलकार निर्माणको सम्भाव्यता अध्ययन गर्ने, क्षेत्रीय स्तरको पर्वतिय पर्यटक विमानस्थलका साथै हवाई मैदान नभएका जिल्लाहरूमा विमान स्थलहरूको सम्भाव्यता अध्ययन गर्ने, निजी क्षेत्रसँगको सहकार्यमा हवाई सेवा संचालन गर्ने जस्ता कार्यक्रम रहेकोमा कार्यान्वयन भएको छैन । बजेट कार्यान्वयनलाई प्रभावकारी वनाउनु पर्दछ।

३. **अख्तियारी** : प्रदेश (कार्यविभाजन) नियमावली अनुसार ऐन र नियम तर्जुमा, नियमन र अनुगमनको जिम्मेवारी प्राप्त मन्त्रालयले मातहतका निकायबाट गराउनुपर्नेमा विभिन्न ६ जिल्लामा उपभोक्ता समिति मार्फत रु.३ करोड ३० लाख ९६ हजार खर्च गरी ७ हाईटेक नर्सरी निर्माण कार्य गराएको छ । मन्त्रालयले यस प्रकृतिका कामको अख्तियारी मातहतका निकायलाई दिई सम्पन्न गराउनु पर्दछ।

डिभिजन वन कार्यालयहरू

४. **मुल्य अभिवृद्धि कर** : मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ अनुसार मूल्य अभिवृद्धि कर बिजक जारी भएको अवस्थामा मात्र मूल्य अभिवृद्धि कर भुक्तानी दिन मिल्ने उल्लेख छ । डिभिजन वन कार्यालय, सुर्खेतले ३ योजनाको लागत अनुमान तयार गर्दा स्थानीय रूपमा उपलब्ध हुने निमार्ण सामाग्रीमा मूल्य अभिवृद्धि कर समावेश गरी सोही दरमा उपभोक्ता समितिलाई भुक्तानी दिएकोमा उपभोक्ताले कर बिजक पेश नगरेकोले भुक्तानी भएको मूल्य अभिवृद्धि कर रु.१० लाख ५८ हजार असूल हुनु पर्दछ ।

५. **वन अतिक्रमण** : वन ऐन, २०७६ को दफा ४९(ग) बमोजिम वन क्षेत्रको जग्गा फाड्न, जोत्न, खन्न वा आवाद गर्न वा त्यस्तो जग्गामा घर छाप्रो वनाउन नपाउने व्यवस्था छ । साथै वन अतिक्रमण नियन्त्रण नीति, २०६८ मा तोकिएको कार्यविधि अपनाई वनको अतिक्रमण हुन नदिने र अतिक्रमित भएको अवस्थामा अतिक्रमण हटाउनु पर्ने उल्लेख छ । डिभिजन वन कार्यालय, सुर्खेतले वार्षिक कार्यक्रमको प्रगती प्रतिवेदन तथा सामुदायिक वन उपभोक्ता समुहको अनुगमन मुल्याङ्कन प्रतिवेदन २०७५ मा १५९.९ हेक्टर वन क्षेत्र अतिक्रमण भएको उल्लेख गरेकोमा त्यस पछिका वर्षको अतिक्रमण भएको वन क्षेत्रको अवस्था खुल्नेगरी स्पष्ट अभिलेख राखेको छैन । अतिक्रमण हटाई वनक्षेत्र व्यवस्थित गर्नुपर्दछ।

६. **सोझै खरिद** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(१) अनुसार सार्वजनिक निकायले रु २० लाख रूपैयाँ भन्दा बढीको खरिद वोलपत्रको माध्यमबाट गर्नु पर्नेमा डिभिजन वन कार्यालय, सुर्खेतले र्याफ्टिङ्गका उपकरण रु.२८ लाख ७७ हजारमा सोझै खरिद गरेको छ । प्रतिस्पर्धात्मक रूपले खरिद गरी खरिद कार्यलाइ मितव्ययी गराउनु पर्दछ।

७. **नर्सरी निर्माण** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१) अनुसार उपभोक्ता समितिबाट रु.१ करोड सम्म लागत अनुमानको काम गराउने व्यवस्था छ । डिभिजन वन कार्यालय, सुर्खेतले सिम्तामा उपभोक्ता समितिबाट हाईटेक नर्सरी निर्माण गराई रु.१ करोड ३२ लाख भुक्तानी गरेको छ । तोकिएको सिमा सम्मको निर्माण कार्य मात्र उपभोक्ता समितिबाट गराउनुपर्दछ।

८. **ठेक्काबाट काम गराएको** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र निर्माण व्यवसायी वा सव कन्टयाक्टरबाट गराउन नसकिने व्यवस्था छ। डिभिजन वन कार्यालय, सुर्खेतले पर्यटकीय ५ सडक निर्माण गर्न रु.१ करोड ७२ लाख ९५ हजार र डिभिजन वन कार्यालय, डोल्पाले रु.२८ लाख २७ हजार उपभोक्ता समितिसँग सम्झौता गरेकोमा उक्त समितिहरूले निर्माण व्यवसायी मार्फत गराई रु.२ करोड १ लाख २२ हजार भुक्तानी गरेका छन। नियमको पालना गरी काम सम्पन्न गराउनु पर्दछ।

९. **मुल्य अभिवृद्धि कर** : मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को दफा ६(ग) अनुसार सरकारी निकाय वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संघसंस्थाले ठेक्का सम्झौता वा करार अन्तर्गत आपूर्ति हुने वस्तु तथा सेवा वापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने कर रकमको ५० प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित राजश्व शीर्षकमा जम्मा

गरी बाँकी रहने कर वापतको रकम मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ। डिभिजन वन कार्यालय, डोल्पाले यो वर्ष ५ निर्माण व्यवसायीलाई रु.२१ लाख ८७ लाख मुल्य अभिवृद्धि कर भुक्तानी गरेकोमा सो को ५० प्रतिशतले हुने रु.१० लाख ९३ हजार कट्टा गरी भुक्तानी नगरेकोले मुल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेश हुनुपर्दछ।

१०. **सहकारीबाट भवन निर्माण :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ को खरिद विधिमा सहकारीबाट खरिद गर्न सकिने व्यवस्था छैन । डिभिजन वन कार्यालय, जाजरकोटले एक कृषि तथा पशुपालन सहकारीमार्फत जडीबुटी भण्डार र भवन निर्माण गर्न रु.९ लाख ५९ हजार भुक्तानी गरेको छ । सो भवन बनेको जग्गाको जग्गाधनि प्रमाण पूर्जा समेत पेश भएको छैन । प्रतिस्पर्धा वेगर सहकारी संस्थामार्फत भवन निर्माण गर्ने कार्य उपयुक्त देखिएन । निर्माण कार्य गराउँदा ऐन/नियमको पालना गर्नुपर्दछ ।

११. **बढी भुक्तानी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (१) मा सार्वजनिक निकायले कुनै बिल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । संग्रहालय र हेलीप्याड लगायतका पर्यटन पुर्वाधार निर्माण गर्न डिभिजन वन कार्यालय रुकुमपश्चिमले ७ उपभोक्ता समितिलाई रु.१७ लाख ६ हजार, जुम्लाले ४ उपभोक्ता समितिलाई रु.३ लाख ४ हजार, हुम्लाले २ उपभोक्ता समितिलाई रु.२ लाख १ हजार, दैलेखले रु.५ लाख ७० हजार, मुगुले रु.४ लाख १२ हजार र सल्यानले रु.३ लाख ३७ हजार समेत रु.३५ लाख ३० हजार बढी भुक्तानी गरेकोले उक्त रकम असुल हुनुपर्दछ ।

१२. **च्याफ्टिङ्ग संचालन :** प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५ को नियम ३७(८) मा भुक्तानी दिदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्दछ। डिभिजन वन कार्यालय, जुम्लाले देवाल गाउँ देखि त्रिवेणीसम्म च्याफ्टिङ्ग संचालन गरी एक टुर्स एण्ड ट्राभल्स प्राइभेट लिमिटेडलाई रु.१९ लाख २० हजार भुक्तानी गरेको छ । डिभिजन वन कार्यालय, डोल्पाले दुनैदेखि त्रिपुराकोट खण्डसम्म ठुलिभेरी नदिमा संचालनका लागि एक एडभेन्चर कम्पनीलाई रु.१८ लाख ७९ हजार भुक्तानी गरेको छ । अनुदानमा सञ्चालित उक्त कार्यक्रमबाट जनताले निशुल्क सेवा नपाएको र राजश्व पनि प्राप्त नभएकाले यस्तो कार्यक्रमलाई नियन्त्रण गर्नुपर्दछ ।

- **बेरुजुको स्थिति :** मन्त्रालय र मातहतका १९ निकायमा यो वर्ष रु.१२ करोड १३ लाख ९९ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.६ लाख ३३ हजार फर्स्यौट गरेकाले रु.१२ करोड ७ लाख ६६ हजार फर्स्यौट गर्न बाँकी रहेको छ । सोमध्ये रु.१० लाख ३८ हजार पेस्की बेरुजु रहेको छ । यससम्बन्धी विवरण **अनुसूची-१०** मा छ ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा प्रदेशमा कृषि, पशु, भूमि व्यवस्थापन र सहकारी क्षेत्रसँग सम्बन्धित ३२ कार्यको नीति, कानुन र मापदण्ड निर्माण, कार्यान्वयन र नियमन, संचालन, विकास र विस्तार गर्ने लगायतका कार्य रहेका छन् ।

यो वर्ष मन्त्रालय र मातहत समेत २६ कार्यालयको विनियोजन रु.२ अर्ब ७० करोड ७८ लाख ५२ हजार, राजश्व रु.२४ लाख २३ हजार, धरौटी रु. १ करोड ५४ लाख ८१ हजार र अन्य कारोवार रु.३ लाख ३५ हजारसमेत रु.२ अर्ब ७२ करोड ६० लाख ९१ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । लेखापरीक्षणबाट देखिएका मुख्य ब्यहोरा निम्नानुसार छन् :

१. **कार्य जिम्मेवारी :** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार कार्य क्षेत्र र कार्य जिम्मेवारीमा तोकिएका ३३ काममध्ये जग्गाको प्रादेशिक अभिलेख व्यवस्थापन, कित्ता नापी र भूमि लगत, भूमिहिन सुकुम्बासी, दलित, मुक्त कमैया, सरकारी जग्गा भाडामा दिने, गरीवी निवारण, सहकारी बचत तथा ऋण परिचालन, जलचर संरक्षण, जिवनाशक विषादी ,माटो तथा मल व्यवस्थापन,पशु सेवा तथा पशु स्वास्थ्यसँग सम्बन्धित कानुन, नीति, निर्देशिका र कार्यविधि तर्जुमा, नियमन र कार्यान्वयन भएको छैन । साधन श्रोत व्यवस्थापन गरी क्रमिक रूपले तोकिएको जिम्मेवारी पूरा गर्नुपर्दछ ।

२. **विनियोजन दक्षता :** यो वर्ष मन्त्रालयलाई रु.१९ करोड ५१ लाख २८ हजार बजेट विनियोजन भएकोमा रु. ८ करोड ८९ लाख ५ हजार खर्च भएको छ । पुर्णरूपले वार्षिक कार्यक्रम संचालन हुन नसक्दा वित्तीय कार्यसम्पादन ४५.५६ प्रतिशत रहन गई विनियोजन दक्षता न्युन देखिएको छ । वार्षिक कार्यक्रममध्ये मेरो किसान मेरो अन्नदाता कार्यक्रम अन्तर्गत भूउपयोगको योजना बनाउने र वैज्ञानिक वर्गीकरण गर्ने, भूमि बैङ्कको स्थापना गर्ने, दुधमा आत्म निर्भर बनाउने, सुर्खेतमा कृषि प्रदर्शनी स्थल निर्माण गर्ने, सल्यानमा कृषि औद्योगिक क्षेत्र स्थापना गर्ने र भूमिहीन, सुकुम्बासी, गुठी, मुक्त हलिया, अव्यवस्थित बसोबास, जनयुद्धकालीन जग्गा किनबेच लगायतका समस्या सम्बोधन गर्ने कार्यक्रम संचालन गरेको देखिएन । बजेटको प्रभावकारी कार्यान्वयन गर्नु पर्दछ ।

३. **नमूना हाइटेक नर्सरी** : कृषि अनुसन्धान केन्द्र, दशरथपुर, सुर्खेतलाई हाइटेक नर्सरी लगायत कृषिको प्रविधियुक्त नमूना फर्म स्थापना गर्न २०७६।३।२४ मा रु.५ करोड पेस्की उपलव्ध गराएकोमा हालसम्म कुनै काम नभई शून्य प्रगति रहकोले सो रकम फिर्ता प्राप्त गरी सञ्चितकोष दाखिला गर्नुपर्दछ ।

४. **छाडा पशु नियन्त्रण :** छाडा पशु संरक्षण तथा प्राङ्गारीक मल र जैविक विषादी उत्पादन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ को बुँदा नं. ५ मा स्विकृत कार्यक्रम र बजेटको परिधिभित्र रही सामुदायिक र सहकारी संस्थाको हकमा बढीमा ५० प्रतिशत र निजी कम्पनीका हकमा बढीमा ४० प्रतिशत अनुदान रकम प्रदान गर्ने व्यवस्था छ । छाडा पशु नियन्त्रण गरी प्राङ्गारिक मल तथा जैविक विषादी उत्पादन गर्ने पुर्वाधार निर्माण गर्न गत वर्ष २ व्यवसायिक फर्म र एक कृषि तथा पशु सहकारी संस्थालाई दिएको पेश्की फछ्यौंट र शोधभर्नासमेत रु. ९५ लाख ६ हजार अनुदान खर्च लेखेको छ।सो सम्वन्धमा निम्नानुसारका ब्यहोरा देखियो :

४.१. छाडा पशु नियन्त्रण गरी प्राङ्गारिक मल तथा जैविक विषादी उत्पादन गर्ने पूर्वाधार निर्माण गर्न संस्था तथा फर्महरूले रु.१ करोड ८१ लाख ११ हजारको कार्य सम्पन्न गरेकोले कार्यविधि अनुसार रु.७९ लाख १२ हजार भुक्तानी दिनु पर्नेमा रु. ९५ लाख ६ हजार भुक्तानी दिएकोलेबढी भुक्तानी दिएको रु. १५ लाख ९४ हजार असुल गर्नु पर्दछ ।

४.२. छाडा पशु नियन्त्रण कार्यक्रम कार्यान्वयन गर्ने ३ कृषि तथा पशुपालन सहकारी संस्थाको निरीक्षण गर्दा कार्यक्रम स्थलमा सबैले देख्ने गरी कार्यक्रमको नाम, ठेगाना, र सहयोग गर्ने निकायको नाम र अनुदान रकम उल्लेख गरी होर्डिङ बोर्ड नराखेको, एक गोठमा छाडा पशु नरहेको, गोठमा कम्पाउण्ड वाल नलगाएको, गोठमा जाने बाटो सुविधा युक्त नभएको प्राङ्गारिक मल र जैविक विषादी उत्पादन पूर्वाधारको कार्य नभएकोले सम्झौता अनुसार कार्य भएको छैन । सम्झौता अनुसार कार्य नभएको सम्वन्धमा मन्त्रालयले छानविन गरी कारवाही गर्नु पर्दछ ।

कृषि विकास निर्देशनालय, सुर्खेत

५. **कार्यक्रम नगरी भुक्तानी :** सम्झौता अनुसार कार्यक्रम संचालन गर्नु पर्दछ । सिम्तास्थित एक अदुवा बेसार उत्पादन सञ्चालक समितिलाई मिनि टिलर, अदुवा र वेसारको बिउ खरिद र वितरण गर्न रु.२६ लाख ६५ हजार अनुदान दिएको रकम मध्येबाट खरिद गरी कृषकलाई वितरण गर्नुपर्ने ४० क्वीन्टल अदुवा र ६१३० के.जी. बेसार र ११ थान त्रिपाल वितरण नगरेकाले सो वापत हुने रु.९ लाख ५३ हजार उक्त संचालक समितिबाट असुल गर्नुपर्दछ ।

६. **पटक पटक अनुदान :** अनुदान वितरणमा सबै तहका सरकारको बीचमा समन्वय गरी दोहोरो नपर्ने गरी अनुदानको पूर्ण सदुपयोग सुनिश्चित गर्न प्रभावकारी अनुगमन व्यवस्था मिलाउनुपर्दछ। एउटै सहकारी संस्थालाई विभिन्न निकायले एउटै कामको लागि पटकपटक अनुदान दिनु उचित होइन । एक सहकारी संस्थालाई गत वर्ष कोल्ड स्टोर निर्माण गर्न मन्त्रालयबाट रु. ८ लाख ५० हजार तथा साना तथा मझौला आयस्तर वृद्धी आयोजनाबाट रु. ५८ लाख ५० हजार अनुदान दिएकोमा यस वर्ष निर्देशनालयले पुनः सोही संस्थालाई रु.६६ लाख ५० हजार अनुदान दिएकोले कुल रकम रु.१ करोड ३३ लाख ५० हजार पुगेको छ । यस्तो अनुदान प्रत्यक्ष रूपमा किसानलाई फाइदा पुग्ने गरी दिनु पर्नेमा एउटा निश्चित वर्गलाई दिएको तर निर्माणाधिन कोल्ड स्टोर मार्फत स्थानीय कृषकलाई फाइदा भए /नभएको यकिन हुने गरी अनुगमन तथा मूल्यांकन गरेको छैन । यसको छानविन गर्नुपर्दछ । साथै लाभग्राहीलाई रु.६६ लाख ५० हजार अनुदान दिने गरी सम्झौता गर्दा रु.१ लाख ४७ हजार बढी भुक्तानी भएकोले उक्त रकम असुल हुनुपर्दछ ।

७. **अनुपातिक कट्टी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (४) बमोजिम उपभोक्ता समितिबाट गराएको कामको भुक्तानी दिंदा जनसहभागिताको अंश कट्टा गर्नुपर्नेमा कृषि विकास निर्देशनालय, सुर्खेत र कृषि विकास कार्यालय, दैलेखले २९ लाभग्राही समूहलाई जनसहभागिताको अँश रु.८१ लाख ४२ हजार कट्टा नगरी भुक्तानी दिएकोले उक्त रकम असूल हुनुपर्दछ ।

कृषि विकास कार्यालयहरू

८. **श्रमिकबाट माटो काटेको :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (६) मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मुल्यांकन, बिल भर्पाई र खर्च प्रमाणीत गर्ने अन्य कागजात समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ । कृषि विकास कार्यालय दैलेख दर विश्लेषण अनुसार मेसिन लगाई १ घनमिटर माटो खन्ने कार्यको दर रु.६२ र मानिसबाट खन्ने कार्यको दर प्रति घनमिटर रु.३१४.१५ रहेको छ । कार्यालयले विभिन्न सडक निर्माण कार्य उपभोक्ता समितिबाट गराई १४ हजार २४४ घनमिटर माटो तथा चट्टान खन्ने कार्यको भुक्तानी दिंदा मानिसबाट खन्ने दरले गणना गरी भुक्तानी दिएको छ । उपभोक्ताले भुक्तानीको लागि पेश गरेको बिजकबाट मेसिन लगाई कार्य गरेको देखिएकोले प्रति घनमिटर रु.२५२.१५ को दरले रु.३५ लाख ९२ हजार बढी भुक्तानी दिएको छ । त्यसैगरी कृषि विकास कार्यालय, मुगुले ३ उपभोक्ता समितिबाट मेशिन लगाई कार्य गराएकोमा मानिसबाट गराउँदा लाग्ने दर प्रयोग गरी रु.५७ लाख ३२ हजार बढी भुक्तानी दिएकोले थप व्ययभार परेको छ । थप व्ययभार पर्नेगरी कार्य गराउने पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ ।

९. **अनुदान :** भुमि व्यवस्था कृषि तथा सहकारी सम्बन्धी कार्यक्रम संचालन तथा व्यवस्थापन एकिकृत कार्यविधि, २०७७ को बुँदा २८ र ५४ मा उल्लेख भए अनुसार लागत अनुमानको ३० देखि ८५ प्रतिशत सम्म अनुदान दिने व्यवस्था छ । कृषि विकास कार्यालय, डोल्पाले सो अनुरुप किसानहरूलाई अनुदान भुक्तानी दिंदा व्यवसायिक फलफूल प्रवर्धनको लागि वारबन्देजमा ३ सहकारी संस्थालाई रु.२२ लाख ७५ हजार, सामुदायिक बिउ बैंकको भवन निर्माण गर्न रु. ४ लाख, सहकारी नमूना गाउँ कार्यक्रमको लागि १ सहकारीलाई रु.१२ लाख ३३ हजार र स्याउ तथा ओखर ब्लक कार्यक्रममा ६ समूहलाई रु.२७ लाख १२ हजार र कृषि विकास कार्यालय, रुकुम (पश्चिम) ले मौरी पकेट, अलैची पकेट, केरा पकेट, सुन्तला पकेट र ताजा तरकारी पकेट क्षेत्र संचालन गर्न ११ समूह तथा सहकारीलाई रु.६ लाख २५ हजार समेत रु.७२ लाख २५ हजार तोकिए भन्दा बढी अनुदान उपलव्ध गराएकोले असूल गर्नु पर्दछ ।

१०. **कन्टिन्जेन्सी खर्च :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) मा निर्माण कार्यको लागत अनुमानमा जम्मा लागतको ४ प्रतिशत कन्टेन्जेन्सी रकम समावेस गर्नुपर्ने उल्लेख छ । कृषि विकास कार्यालय, डोल्पाले निर्माण कार्यमा रु. ६ करोड २० लाख बजेट खर्च भएकोमा सोको ४ प्रतिशतले हुने रु.२४ लाख ८० हजार मात्र कन्टेन्जेन्सी खर्च गर्न पाउनेमा रु.३३ लाख ६२ हजार बजेट खर्च लेखेकोले तोकिए भन्दा रु.८ लाख ८२ हजार बढी खर्च लेखेको छ । नियमको पालना गरी खर्च गर्नुपर्दछ ।

११. **ओभरहेड भुक्तानी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (४) बमोजिम उपभोक्ता समितिलाई भुक्तानी गर्दा ओभरहेड रकम घटाई वाकी रकम भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कृषि विकास कार्यालय, हुम्लाले उपभोक्ता समिति मार्फत सम्पन्न गरेको ४ कृषि सडकका उपभोक्ता समितिलाई रु ९ लाख ३७ हजार ओभरहेड भुक्तानी गरेको छ । भुक्तानी दिनेलाई जिम्मेवार बनाई उपभोक्ता समितिबाट असुल गर्नुपर्दछ ।

१२. **नर्म्स** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले स्वीकृत नर्म्सको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । कृषि विकास कार्यालय, जुम्लाले उपभोक्ता समिति मार्फत सिचाई योजना निर्माण गर्दा जिल्ला दररेट भन्दा बढी हुने गरी ८ सिंचाई योजनामा रु.११ लाख ६८ हजार बढी भुक्तानी दिएको छ । उक्त रकम असुल गर्नुपर्दछ ।

१३. **बढी भुक्तानी** : कृषि विकास कार्यालयले तयार गरेको दर विश्लेषण अनुसार मेशीनबाट माटो काट्ने कार्यको दर प्रति घनमिटर रु.४४८ कायम गरेको छ । कृषि विकास कार्यालय, जुम्लाले कृषि सडक निर्माण उपभोक्ता समितिलाई २५ हजार ३१ घनमिटर माटो खन्ने कामको लागि मानिसबाट कार्य गराउने दर रु.४४८ प्रयोग गरी रु.१ करोड १२ लाख १३ हजार भुक्तानी दिएको छ । उपभोक्ता समितिले भुक्तानीको लागि पेश गरेको कागजात अनुसार माटो खन्ने कार्यमा मेशीन प्रयोग गरेको बिजक पेश गरेको देखियो । उपभोक्ता समितिले मेशीन प्रयोग गरेको अवस्थामा मेशीन कै दरले गणना गरी भुक्तानी दिनुपर्नेमा मानिसबाट कार्य गराउँदा दिने दर प्रयोग गरी प्रति घनमिटर रु.२६० का दरले बढी भुक्तानी दिएको रु.६५ लाख ८ हजार असुल हुनुपर्दछ ।

१४. **भवन निर्माण** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ मा उल्लिखित खरिद विधि अवलम्बन गरी खरिद व्यवस्थापन गर्नुपर्दछ । कृषि विकास कार्यालय, कालिकोटले सडक र सिंचाईको कार्य सोझै सहकारी संस्था मार्फत गराई रु. ३३ लाख ३५ हजार भूक्तानी दिएको छ । उक्त कानूनी व्यवस्था अनुसार सहकारी संस्था मार्फत निर्माण कार्य गराएको नियमित मान्न सकिएन । यस्ता कार्य नियन्त्रण गर्नुपर्दछ ।

१५. **कोल्ड स्टोर निर्माण** : कार्यालयले गराएको कामको भुक्तानी सम्झौता तथा विल भरपाईको आधारमा गर्नुपर्दछ । कृषि विकास कार्यालय रुकुम (पश्चिम) ले एक सहकारी संस्थाको कोल्ड स्टोर निर्माण कार्य गराउन रु. ४७ लाख ५० हजार अनुदान सहकारीको रु. १७ लाख ५५ हजार समेत रु. ६५ लाख ५ हजारमा सम्झौता गरेको छ । तर कोल्ड स्टोर भवन नबनाई घडेरी तयार गरेको रु. ४० लाख ९१ हजारको कार्य सम्पन्न प्रतिवेदनको आधारमा रु. २८ लाख ६४ हजार भुक्तानी दिएको छ । सो कामको लागि सहकारीले इन्धन र एक्साभेटर भाडाको रु.२८ लाख ३० हजारको विल पेश गरेको छ । खर्चको विल अनुसारको रकम मध्ये संझौताअनुसार सहकारीको योगदान रु. ८ लाख ४९ हजार कट्टा गरी रु. १९ लाख ८१ हजार भुक्तानी दिनुपर्नेमा पुरै भुक्तानी दिएकोले रु.८ लाख ४९ हजार असुल गरी कोल्ड स्टोर भवन निर्माण सम्पन्न गराउनु पर्दछ ।

१६. **बिउ बिजन र कृषि औजार बितरण** : प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ३६(३) मा खर्चको बिल भरपाई समेतको स्रेस्ता राख्नुपर्ने उल्लेख छ । कृषि विकास कार्यालय, रुकुम (पश्चिम) ले एक कृषि सहकारी संस्थाबाट अदुवा र बेसारको बिउ खरिद गरी प्रतिव्यक्ति १०० के.जी. का दरले रु. ४५ लाख २९ हजार, एक ताजा तरकारी उत्पादन कृषक समुहबाट कुटो र कोदालो वितरण गर्न रु.७७ हजार र केरेटको लागि रु.९ हजार समेत रु.४६ लाख १५ हजार भुक्तानी दिएकोमा भरपाई परीक्षण गर्दा खरिद गरेको परिमाणभन्दा रु.१४ लाख ६२ हजारको अदुवा, बेसार, केराको बिउ र कुटो कोदालो कम वितरण गरेको देखिएकोले उक्त रकम सहकारीबाट असुल गर्नुपर्दछ ।

१७. **इन्धन खर्च :** २०७५ माघ १८ गते सडक विभागको महानिर्देशकको अध्यक्षतामा बसेको बैंठकले स्वीकृत गरेको नर्म्समा डोजरले प्रतिघण्टा ९.१२ लिटर डिजल (इन्धन) लाग्ने उल्लेख छ । कृषि विकास कार्यालय, रुकुम (पश्चिम) अन्तर्गत १० कृषि सडकको निर्माण उपभोक्ता समितिबाट गराई भुक्तानी गर्दा सडक खन्न प्रयोग गरेको ब्रेकर र बकेटको लागि नर्म्स अनुसार प्रति घण्टाको दरले खपत हुने इन्धन भन्दा बढी इन्धन खर्च गरेकोले बढी भुक्तानी गरेको रु. ११ लाख ७१ हजार सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्दछ ।

पशु अस्पताल तथा पशु सेवा कार्यालयहरू

१८. **दुग्ध व्यवसाय प्रवर्द्धन :** दुग्ध व्यवसाय प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ को दफा ४ मा अनुदानग्राहीको नाममा जग्गा वा १० वर्षको लागि भाडामा लिएको हुनुपर्ने, संचालन लागतको ३० प्रतिशत व्यहोर्नुपर्ने र ५ वर्षसम्म अनुदानको दुरुपयोग गर्न नपाइने उल्लेख छ । पशु अस्पताल तथा पशु सेवा कार्यालय, रुकुम पश्चिमले अनुदानग्राहीको नाममा १० वर्ष सम्मको जग्गा भाडामा लिएको सम्झौता र ३० प्रतिशत स्वलगानी रकम व्यवस्थापन गरेको प्रमाण बेगर ३ दुग्ध सहकारी संस्थालाई उक्त कार्यक्रमको लागि ७० प्रतिशतले हुने रु. १ करोड ९७ लाख १९ हजार अनुदान दिएको छ । एक सहकारीले जग्गा भाडामा लिई आर.सि.सि. भवन निर्माण गरेकोमा उक्त सँरचना १० वर्ष पछि व्यक्तिले एकल रूपमा प्रयोग गर्ने जोखिम कायमै रहेको र अर्को सहकारीले यस वर्ष आन्तरिक राजस्व कार्यालयमा पेश गरेको आय विवरणमा वास्तविक सम्पत्तिको मूल्याङ्कन भन्दा रु.२१ लाख ८० हजार कमको मूल्याङ्कन देखाई भुक्तानी लिएकोले उक्त रकम असुल गरी सञ्चित कोषमा दाखिला गर्नुपर्दछ ।

१९. **पन्छी पालन प्रवर्द्धन :** भुमि व्यवस्था, कृषि तथा सहकारी सम्बन्धी कार्यक्रम संचालन तथा व्यवस्थापन एकिकृत कार्यविधि, २०७७ को बुँदा ३० मा विशिष्ट जातका पन्छी पालन प्रवर्द्धन कार्यक्रम अन्तर्गत न्यूनतम ५ सय कालिज, १ हजार बट्टाई र ५ सय टर्की पालन गरेमा क्रमश रु. ५ लाख, रु.३ लाख र रु.४ लाखसम्म अनुदान रकम उपलव्ध गराउने र ति पंक्षी १० वर्षसम्म मास्न र दुरुपयोग गर्न नपाउने तथा यसरी मासेमा वा दुरुपयोग गरेमा अनुदान रकम असुल उपर गरिने व्यवस्था छ । उक्त कार्यविधि विपरित पशु अस्पताल तथा पशु सेवा कार्यालय, डोल्पाले एक कृषि तथा पोल्ट्री फार्मलाई १२५ बट्टाई पालन गरेकोमा रु.२ लाख र एक कृषि तरकारी तथा फलफूल, कुखुरा टर्की फार्मलाई १११ कालिज, १५० बट्टाई र ३६ टर्की पालन गरेकोमा रु.८ लाख अनुदान रकम उपलव्ध गराएको छ । हिमाली हावापानीमा उक्त पन्छिको विकास हुन सक्ने सम्भाव्यता अध्ययन गरी कार्यविधि बमोजिम कार्यक्रम संचालन गर्नुपर्दछ ।

- **बेरुजुको स्थिति** : मन्त्रालय र मातहतका २३ निकायमा यो वर्ष रु.१९ करोड ९७ लाख ३० हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.१३ लाख ४३ हजार फर्स्यौट गरेकाले रु.१९ करोड ८३ लाख ८७ हजार फर्स्यौट गर्न बाँकी रहेको छ । सोमध्ये रु.३ करोड १० लाख ७२ हजार पेस्की बेरुजु रहेको छ । यससम्बन्धी विवरण **अनुसूची–१०** मा छ ।

भौतिक पूर्वाधार विकास मन्त्रालय

प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा प्रदेशस्तरको सडक, ऊर्जा, विद्युत, सिँचाइ, खानेपानी जल उत्पन्न प्रकोप व्यवस्थापनसम्बन्धी अध्ययन अनुसन्धान नीति, कानुन, मापदण्ड, गुरुयोजना कार्यान्वयन, समन्वय र नियमन गर्ने लगायतका कार्य रहेका छन् ।

यो वर्ष मन्त्रालय र मातहतका समेत २५ कार्यालयको विनियोजन रु.४ अर्ब ८९ करोड ४८ लाख ७२ हजार, राजश्व रु.१३ करोड ११ लाख १४ हजार, धरौटी रु.३७ करोड १३ लाख १९ हजार र अन्य कारोवार रु.४१ लाख ९० हजार समेत रु. ५ अर्ब ४० करोड १४ लाख ९५ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका मुख्य व्यहोरा निम्नानुसार छन्::

१. **कार्य जिम्मेवारी** : प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयले सम्पादन गर्ने २२ कार्यहरू मध्ये प्रादेशिक राजधानी र अन्तर स्थानीय शहरको विकास, योजना तर्जुमा, कार्यान्वयन, समायोजन र पुर्वाधार निर्माण गर्ने कार्य उल्लेख भएकोमा सो सम्वन्धी योजना तर्जुमा नगरेको, प्रादेशिक सडक मापदण्ड अनुसार प्रदेश स्तरमा प्रादेशिक सडक सञ्जाल गुरुयोजना वनाई प्रादेशिक सडक विस्तार, निर्माण तथा मर्मत गर्नुपर्नेमा सडक मापदण्ड र प्रादेशिक सडक सञ्जाल गुरुयोजना, सडक तथा पुलको ईन्भेन्ट्री तयार गरेको छैन । स्रोत साधनको व्यवस्थापन गरी कार्यक्षेत्र र जिम्मेवारी अनुरुप कार्य सम्पादन गर्नुपर्दछ ।

२. **विनियोजन दक्षता** : यो वर्ष मन्त्रालयलाई रु.१ अर्ब ४५ करोड ३५ लाख बजेट बाँडफाँट तथा विनियोजन भएकोमा रु.४४ करोड ७४ लाख ४७ हजार खर्च भएको छ । पुर्णरूपले वार्षिक कार्यक्रम संचालन हुन नसक्दा वित्तीय कार्यसम्पादन ३०.७८ प्रतिशत रहन गई विनियोजन दक्षता न्युन देखिएको छ । वार्षिक कार्यक्रममध्ये लागत अनुमान, सम्भाव्यता अध्ययन र विस्तृत परियोजना प्रतिवेदन तयार भएका परियोजनामा मात्र बजेट विनियोजन गरिने व्यवस्था आंशिक मात्र लागु गरेको, नयाँ परियोजनाको हकमा विस्तृत परियोजना प्रतिवेदनका लागि मात्र बजेट व्यवस्था गरिने ब्यहोरा पुर्ण रूपमा लागु नभएको, प्राथमिकता प्राप्त आयोजना कार्यान्वयन गर्न अधिकार सम्पन्न संरचना निर्माण गरी संचालनमा ल्याईने नीति कार्यान्वयन नभएको, प्रदेश सरकारले रु.१ करोड भन्दा बढी लागत अनुमान भएका आयोजनामा मात्र बजेट विनियोजन गरिने व्यवस्था भएकोमा कार्यान्वयन नभएको, पुर्वाधार र विकासका लागि कर्णाली पुर्वाधार बैंक स्थापना गरी संचालन नभएको र परियोजना बैंक र ईन्जिनियरिङ् कम्पनी स्थापना गरी तत्काल कार्य प्रारम्भ गरिने उल्लेख भएकोमा कार्यान्वयन भएको छैन । कार्यक्रम कार्यान्वयन गरी विनियोजन दक्षता बढाउनुपर्दछ ।

३. **अख्तियारी** : प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ३२ मा बजेट र खर्च गर्ने अख्तियारीपत्र १५ दिन भित्र सम्बन्धित सचिवले कार्यक्रम संचालन गर्ने कार्यालयलाई पठाउनुपर्ने व्यवस्था छ। यस वर्ष रकमान्तरबाट बजेट थप गरी आषाढमा मात्र रु. ४१ करोड १७ लाख ५६

हजारको अख्तियारी दिएको छ । यसरी निकासा गरेको बजेटबाट प्रचलित कानुनको प्रक्रिया पुरा गरी खर्च गर्न सम्भव नभएकाले खर्च गर्ने समय विचार गरी अख्तियारी दिनुपर्दछ।

४. **लेखापरीक्षण :** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ९७ मा लेखा र आर्थिक विवरण पेश गरी लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ । ग्रामिण पहुँच कार्यक्रम तेस्रो चरण परियोजनाबाट मुगुको सदरमुकाम गमगढीदेखि हुम्ला जिल्लाको दार्मासम्म ६७ कि. मी. मुगु हुम्ला लिकं नया सडकको लागि रु.९६ करोड १८ लाख ८८ हजार बजेट विनियोजन भएकोमा रु. ४१ करोड ४४ लाख सोझै भुक्तानी गरी लेखापरीक्षण गराएको छैन । नियममा भएको व्यवस्था अनुसार लेखापरीक्षण गराउनु पर्दछ ।

५. **जनशक्ति व्यवस्थापन** : प्रदेशको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी मन्त्रालयको ३२ दरबन्दी रहेकोमा १८ जना स्थायी र ३ ईन्जिनियर, ४ हलुका सवारी चालक, २ कार्यालय सहयोगी ९ जना करार समेत २७ पदपुर्ति भई ५ रिक्त रहेका छन । मन्त्रालय अन्तरगत ३५३ दरवन्दी रहेकोमा ८४ पद रिक्त रहेका छन । स्थायी २०० जना र करारबाट ६९ जना नियुक्ति गरी कार्य भैरहेको छ । प्रदेश लोक सेवा आयोगको गठन र प्रदेश निजामती सेवा ऐन र नियम नबनेकाले नयाँ पदपुर्ति लगायतको कार्य भएको छैन । ठुलो संख्यामा दरवन्दी रिक्त रहेकोले त्यसको प्रभाव कार्य सम्पादनमा पर्न गएको छ।

६. **सोझै खरिद** :सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(१) अनुसार सार्वजनिक निकायले रु.२० लाख रुपैँयाभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य मालसामान वा सेवा बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्दछ । मन्त्रालयले यो वर्ष डेस्कटप र ल्यापटप रु. १८ लाख १५ हजारको र फर्निचर तथा फिक्चर्स रु. ८ लाख ३५ हजारको प्रतिस्पर्धा बेगर सोझै खरिद गरेको छ । यस्तै मन्त्रालय मातहतका ६ कार्यालयले भवन मर्मत सम्भार, रगंरोगन र सडक निर्माणका कार्य टुक्रा टुक्रा पारी लागत अनुमानको हाराहारीमा सोझै खरिद गरी रु.३ करोड ३१ लाख १४ हजार भुक्तानी गरेका छन् । प्रतिस्पर्धाबाट खरिद गरी खरिद कार्यलाई मितव्ययी गराउनु पर्दछ ।

७. **कन्टिन्जेन्सी खर्च** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० को अनुसूची १ बमोजिम लागत अनुमान तयार गर्दा लागत अनुमान रकमको वर्क चार्ज २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी खर्चको व्यवस्था गरेको छ । यो वर्ष मन्त्रालय मातहतका ९ कार्यालयले नियमित बजेट विनियोजन हुने शिर्षक ईन्धन, सूचना प्रकाशन, दैनिक तथा भ्रमण भत्ता, मर्मत र ज्याला जस्ता कार्यमा रु. ६ करोड ५५ लाख १० हजार खर्च गरेका छन । नियमित बजेट विनियोजन भएका शिर्षकमा समेत कन्टिन्जेन्सीबाट खर्च गरेकाले बजेट नियन्त्रण प्रभावकारी देखिएन । योजनागत रूपमा कन्टिन्जेन्सी खर्चको अभिलेख समेत राखेको छैन । कन्टिन्जेन्सीबाट खर्च गर्ने कार्यविधि बनाई खर्चलाई व्यवस्थित बनाउनुपर्दछ ।

पूर्वाधार विकास निर्देशनालय

८. **सडक सीमा** : सार्वजनिक सडक ऐन, २०३१ तथा नेपाल सडक स्ट्याण्डर्ड, २०७० बमोजिम सडकको स्तर अनुसार २० मीटर देखि ५० मीटरसम्म र सडक बोर्ड निर्देशिका, २०६१ बमोजिम सहायक मार्ग १५/१५ मीटर, जिल्ला सडक १०/१० मीटर र ग्रामीण तथा कृषि सडक ७.५/७.५ मीटर सडक सीमा कायम गरी निर्माण शुरु गर्नुपर्नेमा पालना गरी काम कारवाही गरेको छैन । यस तर्फ ध्यान दिनु पर्दछ ।

९. **काममा दोहोरोपना** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ मा सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयनसम्बन्धी कार्ययोजना र कार्यतालिका तयार गर्नुपर्ने, निर्माण व्यवसायीलाई निर्माणस्थल सुम्पने व्यवस्था छ । सार्वजनिक निकायले एकै स्थानमा दोहोरो नपर्ने गरी निर्माण कार्यको खरिद सम्झौता गर्नुपर्दछ । यस वर्ष विरेन्द्रनगर नगरपालिकाको गेरुवानी भँगाहामा झोलुङ्गे पुल निर्माण गर्न रु.१ करोड १८ लाख ७६ हजारको खरिद सम्झौता भई २०७७।८।२८ सम्ममा सम्पन्न गर्नुपर्नेमा कार्य शुरु भएको छैन । सो कार्य गर्न पुर्वाधार विकास निर्देशनालयले निर्माण व्यवसायीलाई रु. १० लाख ५० हजार मोविलाईजेशन पेस्की उपलव्ध गराएको छ । उक्त निर्माण स्थल नजिकै सस्पेसन वृज डिभिजन, पुल्चोक ललितपुरबाट झोलुङ्गे पुल निर्माण सम्पन्न भएको छ । दोहोरो पर्नेगरी निर्माण कार्यको खरिद सम्झौता गर्नेलाई जिम्मेवार बनाई उक्त निर्माण व्यवसायीबाट पेस्की असुल गर्नुपर्दछ ।

१०. **पेस्की कट्टा** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ (५) मा खरिद सम्झौता बमोजिम उपलव्ध गराएको मोविलाईजेशन पेस्की रनिङ्ग विलबाट कट्टा गरी भुक्तानी गर्नु पर्दछ । निर्देशनालयले निर्माण व्यवसायीलाई घरेलु चोक देखि मिलन चोक सम्म सडक निर्माणका लागि मोविलाईजेशन पेस्की रु. ४ लाख उपलव्ध गराएकोमा रनिङ्ग विलबाट कट्टा नगरी यस वर्ष अन्तिम विलको रु. २२ लाख १६ हजार भुक्तानी गरेको छ । उक्त पेस्की वापतको रकम असुल हुनुपर्दछ ।

११. **बढी भुक्तानी** : सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५७ मा सार्वजनिक निकायले खरिद सम्झौताको अधिनमा रहि भुक्तानी दिनुपर्दछ । निर्देशनालयले निर्माण व्यवसायीसँग सुर्खेत, झुप्रा, साटाखानी, मेहेली, भिउचुला धरमपोखरा जाजरकोट कचाली २७२० मी. लामो सडक निर्माण गर्न रु.१ करोड ८० लाख ५ हजारको सम्झौता भई यस वर्षसम्म रु.१ करोड ८३ लाख ३५ हजार भुक्तानी भएको छ । उक्त कार्यको अन्तिम मुल्याङ्कन रु. १ करोड ७६ लाख ६८ हजार भएकोले मुल्याङ्कन भन्दा बढी भुक्तानी भएको रु. ६ लाख ६७ हजार असुल हुनुपर्दछ ।

१२. **जमानत** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(४) मा मोबिलाइजेसन पेस्की दिंदा पेस्की फर्स्यौट गर्नुपर्ने अवधिभन्दा कम्तीमा एक महिनाभन्दा बढी अवधिको जमानत लिनुपर्ने व्यवस्था छ । निर्देशनालयले ६ पुल र २ सडकको लागि दिएको पेस्की रु.३ करोड ६० लाख १४ हजार जमानतको मान्य अवधि समाप्त भएको छ । पेस्की जमानतको म्याद थप नगरी उक्त रकम जोखिममा पार्नेलाई जिम्मेवार बनाउनु पर्दछ ।

१३. **अधुरा ठेक्का :** सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९(७) मा सम्झौता बमोजिम काम शुरु नगरेमा, काम शुरु गरी वीचमा छाडेमा वा सम्झौता बमोजिम कामको प्रगति नगरेमा खरिद सम्झौता अन्त्य गर्न सक्ने र सम्झौता अन्त्य भएमा सो काम वापत राखिएको जमानत जफत हुने र सम्झौता बमोजिम बाँकी रहेको कार्य पूरा गर्न लाग्ने रकम बोलपत्रदाताबाट सरकारी बाँकी सरह असुल गर्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका ब्यहोरा निम्न छनः-

१३.१. पुर्वाधार विकास निर्देशनालय, सुर्खेतले भेरीगंगाको तल्लो करेली र साधि खोलामा पक्की पुल निर्माण गर्न क्रमशः रु. १ करोड ८७ लाख ७५ हजार र रु. १ करोड ४६ लाख ३० हजारको दुई निर्माण व्यवसायीसँग खरिद सम्झौता गरी २०७७।७।१५ सम्ममा सम्पन्न गर्नुपर्नेमा कुनै कार्य गरेको देखिएन । उक्त पुल निर्माण गर्न निर्माण व्यवसायीलाई क्रमशः रु. १६ लाख ६० हजार र १२ लाख ७० हजार पेस्की समेत दिएको छ । खरिद सम्झौतानुसार आवस्यक कारवाही गरी पुल निर्माण गर्नुपर्दछ ।

१३.२. निर्देशनालयले मंगलगढी काक्रेविहार सडक २०७७।३।२० मा सम्पन्न गर्ने गरी रु.२ करोड १८ लाख ५६ हजारको सम्झौता भई निर्माण व्यवसायीलाई रु.३८ लाख ५० हजार पेस्की दिएकोमा उक्त सडकको दुवै तर्फ वीरेन्द्रनगर नगरपालिकाले शुरु गरेको नालाको काम सम्पन्न नहुंदा सम्म सडक निर्माणको काम रोकिएको छ । पेस्की जमानतको मान्य अवधि नवढाएको र ठेक्काको म्याद थप समेत गरेको छैन । यस सम्बन्धमा आवश्यक समन्वय गरी निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

१३.३. पुर्वाधार विकास कार्यालय, रुकुमपश्चिमले सुर्खेत सल्ली वगर चौरजहारी नुवाकोट मुसीकोट सडक निर्माण गर्न एक निर्माण व्यवसायीसँग रु.१ करोड ४७ लाख २० हजारको सम्झौता गरी रु.१४ लाख पेस्की उपलव्ध गराएकोमा काम शुरु भएको छैन । खरिद सम्झौता अनुसार आवस्यक कारवाही गरी सडक निर्माण गर्नुपर्दछ ।

१४. **निर्माण कार्यको पुर्व तयारी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा वातावरणीय अध्ययन, निर्माण स्थलको व्यवस्था, मुआव्जा वितरणजस्ता पुर्व तयारी गरी बोलपत्र आव्हान गर्न नहुने उल्लेख छ । यस सम्बन्धमा देखिएका ब्यहोरा निम्न छन् :-

१४.१. पुर्वाधार विकास निर्देशनालय, सुर्खेतले वीरेन्द्रनगर नगरपालिकाको खोर्के खोलामा पक्की पुल निर्माणको लागि रु. २ करोड १९ लाख ६९ हजारको खरिद सम्झौता भई २०७७।३।१५ सम्ममा सम्पन्न गर्नुपर्नेमा निर्माण स्थलमा घर, टहरा र पिपल चौतारी परेकोले विवाद व्यवस्थापन र वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नगरी सम्झौता गरेकोले उक्त कार्य शुरु समेत हुन सकेको छैन । पुर्व तयारी चरणमा गर्ने काम पुरा गरे पछि मात्र सम्झौता गर्नुपर्दछ ।

१४.२. वहुवर्षिय ठेक्का वन्दोवस्त सम्वन्धी निर्देशिका २०७३ अनुसार वहुवर्षिय ठेक्का स्वीकृत गर्नु अघि वातावरणीय प्रभाव मुल्याङ्कन गराउनुपर्दछ । पुर्वाधार विकास निर्देशनालय, सुर्खेतले यस वर्ष ठेक्का सम्झौता गरेका ७ सडक योजनाको वातावरणीय प्रभाव मुल्याङ्कन गराएको छैन ।

१५. **म्याद थप :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद सम्झौताको म्याद थपको लागि काबु बाहिरको परिस्थिति हुनुपर्ने, समयमा कार्यसम्पन्न गर्ने प्रयास गरेको हुनुपर्ने, म्याद समाप्त हुनुभन्दा एक्काईस दिन पहिले निवेदन दिनुपर्ने व्यवस्था छ । खानेपानी, सिंचाई तथा उर्जा

विकास कार्यालय, सुर्खेत, जाजरकोट, रुकुमपश्चिम, कालिकोट, पूर्वाधार बिकास कार्यलय जुम्ला र सुर्खेतले रु.५७ करोड २ लाखका १५ खरिद सम्झौताको म्याद २ वर्षदेखि ३ वर्षसम्म थप गरेको छ । भेरिएसन र क्षतिपुर्तिजन्य कारणबाट मात्र म्याद थप गर्न सकिनेमा त्यस बाहेकका अन्य कारणबाट म्याद थप गरेको, सशोधित कार्यतालिका पेश नगरेको, म्याद थप गर्नुपर्नाको पुर्व जानकारी नदिएको, निर्माण व्यवसायीको कारणबाट ढिलाई भई पूर्वनिर्धारित क्षतिपूर्ति लिनुपर्ने अवस्थामा समेत नलिने गरी म्याद थप गरेको देखिएको छ । तोकिएको अवधिमा कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीलाई सम्झौताबमोजिम कारबाही नगरी स्पष्ट आधार बेगर पटक पटक म्याद थप गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

१६. **गुणस्तर परीक्षण :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११(१) को खण्ड (ङ) अनुसार ठेक्का सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरीक्षण तथा परीक्षण गर्नुपर्ने व्यवस्था छ । भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गत रहेका पूर्वाधार विकास, सिँचाइ, खानेपानी र शहरी विकाससँग सम्बन्धित २० कार्यालयले यस वर्ष निर्माण कार्यमा रु.४ अर्ब २३ करोड ८५ लाख खर्च गरेका छन् । पूर्वाधार विकास कार्यालयहरूले अधुरो मात्रामा आफ्नै प्रयोगशालाबाट गुणस्तर परीक्षण गरेको पाइए पनि अन्य कार्यालयहरूको प्रयोगशाला नरहेको र गुणस्तर परीक्षण पनि नगराएको स्थिति छ । गुणस्तर परीक्षण तथा नियन्त्रणबाटै दीगो विकास सुनिश्चित हुने भएकोले यसलाई अनिवार्य गराई निर्माण गर्न गराउन कार्यालयले ध्यान दिनुपर्दछ ।

१७. **धरौटी फिर्ता :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ (२)मा निर्माण कार्यको हकमा त्रुटि सच्याउने अवधि समाप्त भएपछि धरौटी रकमको ५० प्रतिशत रकम फिर्ता गर्न सकिने र धरौटीको बाँकी ५० प्रतिशत रकम सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात पेश गरे पछि भुक्तानी दिनु पर्ने व्यवस्था छ । पुर्वाधार विकास कार्यालय, सल्यान र खानेपानी, सिंचाई तथा उर्जा विकास कार्यालय, रुकुम पश्चिमले सम्बन्धित आन्तरिक राजस्व कार्यालयबाट कर समायोजन गरेको पत्र एवम् त्रुटी नभएको प्राबिधिक प्रतिवेदन संलग्न नगरी ६ निर्माण व्यवसायीलाई रु.८४ लाख ४१ हजार धरौटी फिर्ता गरेकोले सम्बन्धितबाट कर समायोजन भएको प्रमाण पेश हुनुपर्दछ ।

१८. **परामर्श सेवा :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ (१)(क) मा कार्यालयमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सक्ने व्यवस्था रहेको छ । परामर्श सेवा खरिद सम्बन्धमा देखिएका ब्यहोरा निम्नअनुसार छन् :-

१८.१. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७२ मा रु. २० लाखसम्मको परामर्श सेवा प्राविधिक र आर्थिक प्रस्ताव माग गरी छनौट गर्नुपर्ने व्यवस्था छ। पूर्वाधार बिकास कार्यालय डोल्पा, जाजरकोट, सल्यान, जुम्ला, कालिकोट, रुकुमपश्चिम र सुर्खेत र खानेपानी, सिंचाई तथा उर्जा विकास कार्यालय डोल्पा, जुम्ला, सल्यान र सुर्खेतले यस वर्ष बिभिन्न ६१ सडक, १४ पुल र ७९ खानेपानी र सिचाई योजनाको डिपिआर तयार गर्न प्रतिस्पर्धा नगराउन रु.२० लाखभन्दा कमको लागत अनुमान तयार गरी ती सेवा प्राप्त गर्न परामर्शदाताबाट प्रस्ताव माग एँव सम्झौता गरी रु.१० करोड ३७ लाख २५ हजार भुक्तानी गरेको छ । परामर्श सेवा खरिद प्रतिस्पर्धात्मक तरिकाले गरी मितव्ययी बनाउनु पर्दछ । साथै जनशक्तिको उपयुक्त व्यवस्थापन गरी परामर्शदाता माथिको निर्भरता घटाउनु पर्दछ ।

१८.२. प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ३५ मा स्वीकृत बजेटबाट खर्च गर्ने व्यवस्था छ । पूर्वाधार बिकास कार्यालय जुम्लाले परामर्श सेवामा यो वर्ष ३ नदी तथा खोलामा पक्की पुल निर्माणको डिपिआर निर्माण र सडक तथा भवन सम्बन्धी आयोजनाको बिस्तृत सर्भेक्षण गर्न रु. ७२ लाख बजेट व्यवस्था भएकोमा स्वीकृत बजेट रकमान्तर तथा कार्यक्रम संशोधन नगरी रु.३४ लाख ३८ हजार बढी खर्च गरेको छ । नियमको परिपालना हुनुपर्दछ ।

१९. मूल्य अभिवृद्धि कर : यस सम्बन्धमा देखिएका ब्यहोरा देहायबमोजिम छन् :-

१९.१. मूल्य अभिबृद्धि कर नियमावली, २०५३ को अनुसूची ५ बमोजिमको ढाँचामा सिलसिलेवार नम्बर सहित प्रिन्टेड विजक जारी गर्नुपर्ने व्यवस्था छ । यो वर्ष खानेपानी, सिंचाइ तथा उर्जा विकास कार्यालय, जुम्ला र कालिकोट तथा पूर्वाधार विकास कार्यालय, हुम्ला कालिकोट, रुकुम पश्चिम र जाजरकोटले निर्माण व्यवसायीलाई विभिन्न निर्माण कार्यको भुक्तानी गर्दा वीजक नम्बर नभएको, केरमेट भएको, ढाँचा फरक पारेको वीजकबाट मुल्य अभिवृद्धि कर रु.२३ लाख ३९ हजार भुक्तानी गरेकोले मुल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेश हुनुपर्दछ ।

१९.२. मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २६(१) मा मूल्य अभिवृद्धि करमा दर्ता भएको करदाताले महिना समाप्त भएको मितिले २५ दिनभित्र सम्बन्धित कर अधिकृतसमक्ष कर विवरण पेस गर्नुपर्ने उल्लेख छ । यो वर्ष खानेपानी, सिंचाइ तथा उर्जा विकास कार्यालय, सुर्खेत र पूर्वाधार विकास कार्यालय, हुम्लाले विभिन्न निर्माण कार्यको लागि निर्माण व्यवसायीलाई रु. ३३ लाख ३० हजार भुक्तानी दिएकोमा उक्त रकमको कर विवरण दाखिला नगरी ननफाइलर रहेको पाइयो । सो रकम भुक्तानी गर्दा दिएको मूल्य अभिवृद्धि कर रु.४ लाख ३३ हजारको कर समायोजन भएको प्रमाण पेस गर्नुपर्दछ ।

१९.३. मूल्य अभिबृद्धि कर नियमावली, २०५३ को नियम ६ (ग) मा सार्वजनिक निकायले ठेक्का, सम्झौता वा करार अन्तर्गत ठेकेदार वा आपूर्तीकर्तालाई वस्तु वा सेवाको मूल्य अभिबृद्धि कर भुक्तानी गर्दा पचास प्रतिशतले हुने रकम कट्टा गरी सम्बन्धित फर्मको नामबाट राजश्व शीर्षकमा जम्मा गर्नु पर्ने व्यवस्था छ । खानेपानी, सिंचाइ तथा उर्जा विकास कार्यालय, मुगु, दैलेख, जाजरकोट र पूर्वाधार विकास कार्यालय, हुम्ला र मुगु समेत ५ कार्यालयले फर्महरूलाई ठेक्का तथा करारको माध्यमबाट निर्माण कार्य र वस्तु तथा सेवा आपूर्ति गरे बापत मूल्य अभिबृद्धि कर रु. ५८ लाख भुक्तानी गरेकोमा पचास प्रतिशतले हुने रु.२९ लाख कट्टा गरेको नदेखिएकोले कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्दछ ।

पुर्वाधार विकास कार्यालयहरू

२०. त्रुटीपूर्ण डिजाईन : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५क मा त्रुटिपूर्ण डिजाइन गरेको कारण खरिद कार्य प्रभावित भएमा डिजाइन तयार गर्ने, जाँच गर्ने, स्वीकृत गर्ने पदाधिकारी कारबाहीको भागिदार हुनुपर्ने उल्लेख छ । पुर्वाधार विकास कार्यालय, जुम्लाले तिला खोला दानसाँगुमा ६२ मिटर लामो पक्की पुल निर्माण गर्न २०६८।३।१५ मा एक निर्माण व्यवसायीसँग रु.२ करोड ८८ लाख ३१ हजारमा सम्झौता गरी ८ वर्ष ९ महिनामा रु.२ करोड ८८ लाख ७ हजारमा कार्य सम्पन्न गरेको छ । निर्माणको क्रममा पुलको लम्बाई १५ मिटर नपुगेको कारण रु.१ करोड ५१ लाख ४२ हजारमा अर्को निर्माण व्यवसायीसँग सम्झौता गरी २०७६।१२।३० मा रु.१ करोड ५१ लाख १४

हजार मा कार्य सम्पन्न गरेको छ । शुरु सम्झौता अनुसार प्रति मिटर करिब रु.४ लाख ६५ हजार लागत रहेकोमा दोस्रो सम्झौता अनुसार करिव रु.१० लाख ८ हजार लागेको छ । त्रुटीपूर्ण डिजाईन गरेको कारण रु.८१ लाख ४५ हजार थप व्ययभार परेकोले डिजाइनकर्तालाई जिम्मेवार बनाउनु पर्दछ ।

२१. **जनता आवास कार्यक्रम** : कर्णाली प्रदेश जनता आवास कार्यक्रम कार्यान्वयन निर्देशिका २०७५ अनुसार २०७४।४।२२ भन्दा अघि सम्झौता भएका हिमाली तथा दुर्गम क्षेत्रमा प्रति इकाई रु.२ लाख ६७ हजार र सो अवधिभन्दा पछि सम्झौता भएकाको हकमा रु.३ लाख ५० हजार उपलव्ध गराउने व्यवस्था गरेको छ । उक्त कार्याविधि, २०७५ को वुदा नं.१३ अनुसार २५ प्रतिशत रकम जग खन्ने काम सम्पन्न भए पछि , ३० प्रतिशत रकम डि.पि.सी.को काम सम्पन्न भए पछि, ३५ प्रतिशत रकम गारो तयार भए पछि र अन्तिम किस्ता छाना तथा झ्याल, ढोका र १० प्रतिशत रकम शौचालय निर्माण भएपछि निर्माण समितिको नाममा वा लाभग्राहीको खातामा उपलब्ध गराउने उल्लेख छ । यस सम्बन्धमा देखिएका मुख्य व्यहोरा निम्न छन् :-

२१.१. पुर्वाधार विकास कार्यालय, हुम्ला, जुम्ला, रुकुमपश्चिम र मुगुले ९५५ आवास निर्माण गर्न रु.१३ करोड ९ लाख १५ हजार भुक्तानी गरेकोमा निर्देशिकामा व्यवस्था भए अनुरुप कार्य प्रगतिका आधारमा किस्ता रकम भुक्तानी गरेको छैन । उक्त कार्यविधि पालना गरी भुक्तानी गर्नुपर्दछ ।

२१.२. पुर्वाधार विकास कार्यालय, जुम्लाले यस वर्ष आवास व्यवस्था कार्यक्रम अन्तर्गत चन्दननाथ नगरपालिका वडा नँ ६ रानीतालमा जेष्ठ नागरीक आवासको लागि रु. ५० लाख, कर्मचारी आवास भवन निर्माणको लागि रु. ५० लाख र जनता आवासको क्रमागत कार्यक्रम सम्पन्न गर्न रु. २ करोड ४५ लाख समेत रु.३ करोड ४५ लाख बजेट व्यवस्था भएकोमा ८ स्थानीय तहका २५० आवास निर्माण गर्न रु.३ करोड ७२ लाख ७१ हजार खर्च लेखेको छ। कार्यक्रम बेगर स्वीकृत बजेटभन्दा रु.२७ लाख ७० हजार बढी खर्च गरेको छ ।

२१.३. पुर्वाधार विकास कार्यालय, डोल्पाले जनता आवास कार्यक्रम अन्तर्गत उपभोक्ता समिति जुफाल, दुनै, पहाडा, कालिका र ल्हाँलाई उपलब्ध गराएको अनुदान रकम मध्ये रु.२५ लाख ६८ हजार र पुर्वाधार विकास कार्यालय, रुकुमपश्चिमले बाफीकोट गाउँपालिकाका १८ आवास निमार्णको लागि समितिलाई उपलब्ध गराएको रु.५ लाख ४७ हजार वर्षान्तमा खर्च नभई बैङ्क खातामा बाँकी देखिएकाले उक्त रकम फिर्ता गरी संघीय संचितकोषमा दाखिला गर्नुपर्दछ ।

२२. **जमानत** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(४) मा मोबिलाइजेसन पेस्की दिंदा पेस्की फस्यौंट गर्नुपर्ने अवधिभन्दा कम्तीमा एक महिनाभन्दा बढी अवधिको जमानत लिनुपर्ने व्यवस्था छ । पुर्वाधार विकास कार्यालय, सल्यानको १ सडक र २ झोलुङ्गे पूलको रु.९६ लाख ५९ हजारको पेस्की जमानत र पुर्वाधार विकास कार्यालय, कालिकोटले पुल निर्माण कार्यको रु.१८ लाख २५ हजारको कार्यसम्पादन जमानतको मान्य अवधि समाप्त भएको छ । पेस्की र कार्यसम्पादन जमानतको म्याद थप नगरी उक्त रकम जोखिममा पार्नेलाई जिम्मेवार बनाउनु पर्दछ ।

२३. **अधुरो कार्य** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ तथा १२५ अनुसार निर्माण कार्यको कार्यस्वीकार र कार्यसम्पन्न गर्नुपर्ने व्यवस्था रहेको छ । पुर्वाधार विकास कार्यालय, कालिकोटले सान्नीघाट सीपखाना सडक निर्माण कार्यको लागि रु.६९ लाख ८२ हजार कवोल गर्ने एक निर्माण व्यवसायीसँग २०७६।९।२९ भित्र कार्य सम्पन्न गर्ने गरी खरिद सम्झौता भएकोमा उक्त निर्माण कार्यको (६६.१३) प्रतिशत कार्य भई रु.४६ लाख १७ हजार भुक्तानी गरी अधुरो कार्यलाई सम्पन्न भएको जनाई ठेक्का फरफारक गरेको छ । सम्झौता अनुसारको काम सम्पन्न नगरी निर्माण व्यवसायीलाई उन्मुक्ति दिन मिल्ने देखिदैन ।

२४. **बढी दर** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत नर्म्स बमोजिम दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । पुर्वाधार विकास कार्यालय, रुकुमपश्चिमले सडक निर्माणको लागत अनुमान तयार गर्दा जिल्ला दररेट अनुसार ढुंगा बिच्छाउने कार्यको लागि प्रति घनमिटर रु.२९५२.६३ दर राख्नुपर्नेमा रु.४५४५.५५ दर प्रयोग गरी प्रति घनमिटर रु.१५९२.९२ बढी दर राखी सुर्खेत सल्लीबजार सडकको निर्माण गर्दा ८०९.६० घनमिटरको रु.१२ लाख ९० हजार थप व्ययभार पर्न गएको छ । फरक दर प्रयोग गरी बढी भुक्तानी दिएको रकम असुल गर्नुपर्दछ ।

खानेपानी, सिंचाई तथा उर्जा विकास कार्यालयहरू

२५. **काममा दोहोरोपना** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ मा सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन सम्बन्धी कार्ययोजना र कार्यतालिका तयार गर्नुपर्ने, निर्माण व्यवसायीलाई निर्माणस्थल सुम्पने व्यवस्था छ । सार्वजनिक निकायले एकै स्थानमा दोहोरो नपर्नेगरी निर्माण कार्यको खरिद सम्झौता गर्नुपर्दछ । खानेपानी, सिचाइ तथा उर्जा विकास कार्यालय, सुर्खेतले मेहलकुना खानेपानी आयोजना निर्माण गर्न एक निर्माण व्यवसायीसँग २०७६।११।२९ सम्ममा सम्पन्न हुने गरी रु.३ करोड ४४ लाख ३८ हजारमा सम्झौता भई रु.१५ लाख पेस्की उपलव्ध भएतापनि सो निर्माणस्थलमा संघीय सरकारको आयोजना शुरु भएको कारण देखाई हालसम्म काम शुरु भएको छैन । दोहोरो पर्नेगरी निर्माण कार्यको खरिद सम्झौता गर्नेलाई जिम्मेवार बनाई उक्त निर्माण व्यवसायीबाट पेस्की असुल गर्नुपर्दछ ।

२६. **पाइप मौज्दात, सापटी र जडान** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३(क) मा खरिद आवश्यकताको पहिचान गरी खरिद कारवाही गर्ने व्यवस्था छ । पाइप मौज्दात,पाइप तथा फिटिङ्गस र औजार खरिद गर्ने सम्बन्धमा गत विगतको मौज्दातको आधारमा आगामी वर्षको खरिद योजना तय गरी सोको उपयोग गर्ने, अत्यावश्यक भएमा मात्र खरिद गर्ने तथा नापी किताबमा जडान देखिए अनुसार जिन्सी खाताबाट मौज्दात घटाउनुपर्दछ । यस सम्बन्धमा देखिएका मुख्य ब्यहोरा निम्न छन्:-

२६.१. खानेपानी आयोजनाहरूका लागि पाइप खरिद गर्दा पुरानो मौज्दातलाई ख्याल नगरी पुनः मौज्दातमा रहने गरी खरिद गर्ने गरेको छ । गत वर्ष खरिद भएका विभिन्न साईजको पाइप र यस वर्ष खरिद भएको पाईपमध्ये खर्च नभई बाँकी रहेको सुर्खेतमा ३ लाख ४५ हजार ४७१ मीटर र सल्यानमा १ लाख ५१ हजार ९५३ मीटर पाईप मौज्दातमा रहेकोले सम्बन्धित आयोजनामा खर्च गरेको प्रमाण पेश हुनुपर्दछ ।

२६.२. खानेपानी, सिचाइ तथा उर्जा विकास कार्यालय, रुकुम पश्चिमले उपलव्ध गराएको विवरण अनुसार आयोजनामा तोकिएको पाईप भन्दा बढी पाईप खर्च भएको देखाएको छ । गत वर्षको मौज्दात रहेको रु.८१ लाख ७८ हजार र यस वर्ष खरिद गरेको १६ आयोजनाको रु.२५ लाख ४४ हजार समेत रु.१ करोड ७ लाख २२ हजारको पाईपहरू अन्य आयोजनाबाट सापटी ल्याई खर्च गरेको देखियो । अन्य आयोजनाको लागि खरिद भएको पाईप सापटी ल्याई प्रयोग गर्दा ती आयोजना प्रभावित हुन सक्ने देखिएको छ । पाईप प्राप्ती, प्रयोग र मौज्दात सम्बन्धमा स्पष्ट प्रमाण पेश हुनुपर्दछ ।

२६.३. निर्माण सामाग्री नापी किताबमा प्रमाणित नभएसम्म खर्च मान्य नहुने उल्लेख छ । यो वर्ष खानेपानी, सिंचाइ तथा उर्जा विकास कार्यालय, हुम्ला, डोल्पा, दैलेख, रुकुमपश्चिम र कालीकोटले रु.४ करोड ५५ लाख ८१ हजारको १ लाख ३ हजार ८५८ मिटर पाईप प्रयोग पश्चात नापी किताबमा चढाई जिन्सी खाताबाट खर्च घटाउनु पर्नेमा नापी किताबमा नजनाई खर्च घटाएको छ । जिन्सी खाताबाट खर्च देखाएतापनि नापी किताबमा प्रविष्टि नगरेकाले पाईप खर्च पुष्टि हुने स्थिति छैन । पाईप उपयोगको प्राविधिक पुष्टि हुनुपर्दछ ।

२७. अधुरा ठेक्का : सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९(७) मा सम्झौता बमोजिम काम शुरु नगरेमा, काम शुरु गरी वीचमा छाडेमा वा सम्झौता बमोजिम कामको प्रगति नगरेमा खरिद सम्झौता अन्त्य गर्न सक्ने, सम्झौता अन्त्य भएमा सो काम वापत राखिएको जमानत जफत हुने र सम्झौता बमोजिम बाँकी रहेको कार्य पूरा गर्न लाग्ने रकम बोलपत्रदाताबाट सरकारी बाँकी सरह असुल गर्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छनः-

२७.१. खानेपानी, सिंचाई तथा उर्जा विकास कार्यालय, सुर्खेतले एक निर्माण व्यवसायीसँग गार्सा खानेपानी योजना निर्माण गर्न रु.५ करोड ७६ लाख ८० हजारमा २०७४।११।३० मा सम्झौता गरेको छ । मिति २०७६।११।२९ मा सम्पन्न गर्नुपर्नेमा निर्माण व्यवसायीले संरचना र वितरण प्रणाली निर्माण सम्पन्न गर्नुपर्नेमा शुरु नै गरेको छैन । यस वर्ष पाइप खरिदको रु.८९ लाख ७० हजार भुक्तानी गरेको छ । आयोजना निर्माणको पाईप समेत कार्य प्रगतिका आधारमा भुक्तानी दिनुपर्नेमा पाईप आपुर्तिको रकम मात्र भुक्तानी दिन मिल्दैन। आयोजना कार्यान्वयन गर्ने निकाय परिवर्तन, कार्यालयको पुनसंरचना, न्युन बजेट, कोरोना भाईरसको कारण देखाई दोस्रो पटक २०७७।११।२९ सम्म म्याद थप गरेपनि सो अवधिमा समेत काम शुरु गरेको छैन । सार्वजनिक खरिद कानुन तथा सम्झौताको शर्त अनुसार आवश्यक कारबाही गरी निर्माण कार्य सम्पन्न गराउनुपर्दछ।

२७.२. खानेपानी, सिंचाई तथा उर्जा विकास कार्यालय, सुर्खेतले साविक जलस्रोत तथा सिचाईं विकास डिभिजन कार्यालय, सुर्खेतद्धारा २०७४/११/२८ मा ठेक्का भएको जुगाडे खोला नियन्त्रण योजनाको पटकपटक म्याद थप भएपनि कार्यसम्पन्न भएको छैन । कार्यालयले सम्झौता अन्त्य गरेकोमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ अनुसार कार्य सम्पादन जमानत वापतको रु.२५ लाख ७९ हजार जफत गरेको छैन । निर्माण व्यवसायीको उक्त कार्यसम्पादन जमानत जफत गर्नुपर्दछ ।

२७.३. खानेपानी, सिंचाइ तथा उर्जा विकास कार्यालय, दुनै, डोल्पाले यो वर्ष कार्य सम्पन्न भएको सुँ खानेपानी तथा सरसफाई उपभोक्ता समितिलाई रु.३ लाख ७८ हजार र जुफाल खानेपानी तथा सरसफाई

उपभोक्ता समितिलाई रु.६ लाख ४ हजार भुक्तानी गरेकोमा १५ दिन पश्चात उपभोक्ता समितिले कार्य पूरा नगरेको जनाई रकम रोक्का राख्न नेपाल बैङ्क लिमिटेडलाई पत्राचार गरेको छ । यस सम्बन्धमा सम्बन्धितलाई जिम्मेवार बनाई योजना सम्पन्न गर्नुपर्दछ ।

२८. **निर्माण कार्यको पुर्व तयारी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा वातावरणीय अध्ययन, निर्माण स्थलको व्यवस्था, मुआव्जा वितरणजस्ता पुर्व तयारी गरी बोलपत्र आव्हान गर्न नहुने व्यवस्था उल्लेख छ ।

खानेपानी, सिंचाइ तथा उर्जा विकास कार्यालय, डोल्पाले चिनाराङ्सी हुदैं दुरागाउँसम्म सिंचाई योजना निर्माण कार्यको लागि उपभोक्ता समितिले रु.७ लाख ८६ हजार समेत रु.६९ लाख ७९ हजारमा कार्यसम्पन्न गर्ने गरी उपभोक्ता समितिसँग भएको सम्झौताअनुसार यो वर्ष उपभोक्ता समितिलाई प्रथम रनिङ्ग बिलको रु.२२ लाख ७ हजार भुक्तानी गरेको छ । प्रथम रनिङ्ग बिल भुक्तानी पश्चात ठूली भेरी नगरपालिकाले २०७७/३/५ मा वडा स्तरमा विवादको कारण जनाई २०७७/३/१६ मा उपभोक्ता समितिसँग भएको सम्झौता रद्द गर्ने निर्णय गरेको छ । कार्यालयले योजना कार्यान्वन हुने स्थानको बारेमा अध्ययन नै नगरी उपभोक्ता समितिसँग सम्झौता गर्दा त्यस योजनामा भएको खर्च रकम प्रतिफलविहिन भएको छ । यस सम्बन्धमा कार्यालयले आवश्यक समन्वय गरी निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

२९. **बढी दर** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत नर्म्स बमोजिम दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । खानेपानी, सिंचाइ तथा उर्जा विकास कार्यालय, दुनै, डोल्पाले यो वर्ष दुनै खानेपानी योजनामा ५० घनमिटर आरसिसि रिजर्भेसन ट्याङ्की रु.८६ लाख ८० हजारमा कार्यसम्पन्न गर्ने गरी दुनै खानेपानी तथा सरसफाई उपभोक्ता समितिसँग २०७६/६/२ मा सम्झौता भएअनुसार उपभोक्ता समितिको योगदान कट्टी गरेर रु.६५ लाख ९२ हजार भुक्तानी गरेको छ । योजनाको लागत अनुमान तयार गर्दा जि.आई.पाइप तथा फिटिङ्स नेपालगञ्ज-दुनै-साईटसम्म ढुवानी वापत प्रति के.जी .रु.२०४.९३ दरले ७ हजार ४६६ के.जी.को रु.१५ लाख ३० हजार उल्लेख गरेको र सोही अनुसार नापी तथा कार्यसम्पन्न तयार गरी भुक्तानी दिएको छ। स्वीकृत जिल्ला दर तथा नर्म्स अनुसार नेपालगञ्ज-दुनै-साईटसम्मको ढुवानी लोडअनलोड समेत प्रति के.जी. ८४.८० मात्र हुने देखिएकोमा कार्यालयले प्रति के.जी. रु.१२०.१३ दर राखि लागत अनुमान तयार गर्दा जि.आई.पाइप तथा फिटिङ्स ढुवानीमा रु.८ लाख ९७ हजार बढी भुक्तानी गरेकोले उपभोक्ता समितिको योगदान कटाई बाँकी रहेको रु.७ लाख १८ हजार उपभोक्ता समितिबाट असूल गर्नुपर्दछ ।

३०. **दाखिला बेगर भुक्तानी** : प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ४७ मा प्राप्त हुन आएको जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई जिन्सी किताबमा सात दिन भित्र आम्दानी बाँध्नुपर्ने उल्लेख छ। खानेपानी, सिंचाइ तथा उर्जा विकास कार्यालय, दुनै, डोल्पाले यो वर्ष ११ आपुर्तकलाई पाईप, सोलार सामग्री तथा फिटिङ्स सामान जिन्सी दाखिला नगरी रु.३३ लाख ९९ हजार खरिद गरेको देखाई भुक्तानी गरेको छ । भुक्तानी गरेको १३ महिनासम्म पनि उक्त सामान प्राप्त भएको नदेखिएकोले छानबिन गरी असुल गर्नुपर्दछ ।

३१. **सीमाभन्दा बढीको निर्माण :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा रु.१ करोड सम्मका लागत अनुमान भएका निर्माण कार्य वा सो सम्बन्धी सेवा उपभोक्ता समितिबाट काम गराउन सकिने ब्यबस्था रहेको छ । खानेपानी, सिंचाई तथा उर्जा विकास कार्यालय, जुम्लाले उपभोक्ता समितिबाट रु.१ करोड १७ लाख ५४ हजार लागत अनुमान भएको हाकु देयारे खोला खानेपानी योजनाको निर्माण कार्य गराएको छ ।नियमले तोकेको सीमाभन्दा बढीको काम उपभोक्ता समितिबाट गराएको अनियमित देखिन्छ ।

३२. **उपभोक्ता समितिमार्फत खरिद :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(१) अनुसार सार्वजनिक निकायले रु.२० लाख रुपैँयाभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य मालसामान वा सेवाको खरिद गर्नुपर्दा बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्दछ । खानेपानी, सिंचाई तथा उर्जा विकास कार्यालय, जुम्लाले खलंगा खानेपानी उपभोक्ता समिति मार्फत रु.४९ लाख ४० हजार को पाईप खरिद गरेको छ । नियमको पालना गरी खरिद कारवाही हुनु पर्दछ ।

- **बेरुजुको स्थिति :** मन्त्रालय र मातहतका २५ निकायमा यो वर्ष रु.२९ करोड ९३ लाख ४२ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.९ करोड ९१ लाख ४ हजार फर्स्यौट गरेकाले रु.२० करोड २ लाख ३८ हजार फर्स्यौट गर्न बाँकी रहेको छ । सोमध्ये रु.३ करोड २२ लाख ३८ हजार पेस्की बेरुजु रहेको छ । यससम्बन्धी विवरण **अनुसूची-१०** मा छ ।

सामाजिक विकास मन्त्रालय

प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा प्रदेशमा मन्त्रालयको शिक्षा, स्वास्थ्य तथा जनसंख्या, सरसफाई, महिला, बालबालिका, ज्येष्ठ नागरीक तथा सामाजिक सुरक्षा, युवा तथा खेलकुद, भाषा, धर्म संस्कृति र श्रमरोजगार सम्बन्धी लगायतका कार्य रहेका छन् ।

यो वर्ष मन्त्रालय र मातहत समेत २७ कार्यालयको विनियोजन रु.२ अर्ब ९९ करोड ३१ लाख ५८ हजार, राजश्व रु.६४ लाख ३४ हजार, धरौटी रु.३ करोड ८ लाख ४ हजार र अन्य कारोबार रु.१८ करोड ९ लाख ७९ हजार समेत रु.३ अर्ब २१ करोड १३ लाख ७५ हजार र समिति तथा अन्य संस्थातर्फ १० कार्यालयको रु.३४ करोड ८२ लाख ५० हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोवारको लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :-

१. **कार्य जिम्मेवारी** : प्रदेश सरकार कार्यविभाजन नियमावली अनुसार कार्यक्षेत्र र कार्य जिम्मेवारीमा तोकिएका ५८ कार्यमध्ये प्रदेशस्तरको विश्वविद्यालय तथा उच्चशिक्षा, ध्वनि, हावाको गुणस्तर, समाज कल्याण र संघसस्था सम्वन्धी, भाषा, लिपि, संस्कृति, ललितकला र धर्मको संरक्षण, ऐतिहासिक, धार्मिक, साँस्कृतिक एवं कला र वास्तुकला, सुर्ती, मदिरा र लागू पदार्थजन्य बस्तु, औषधिजन्य तथा स्वास्थ्य प्रविधि सम्बन्धी प्रादेशिक नीति, कानुन निर्माण र नियमन गर्ने कार्य कार्यान्वयन गरेको देखिएन । साधन श्रोत व्यवस्थापन गरी क्रमिक रूपले कार्यान्वयन गर्नुपर्दछ ।

२. **नीति तथा कार्यक्रम कार्यान्वयन** : प्रदेश सरकारको नीति र कार्यक्रम तथा बजेटबीच समामङ्गस्यता हुनुपर्दछ । मन्त्रालयसँग सम्बन्धित प्राविधिक जनशक्ति उत्पादन गर्न एक जिल्ला एक बहुप्राविधिक कलेज स्थापना गर्ने, संघीय सरकारको समन्वयमा मेडिकल कलेज संचालनमा ल्याउने, तालिम प्राप्त स्नातकलाई स्वयंसेवक बनाई कर्णाली विकास सेवामा परिचालित गर्ने, पर्यटकको सुविधाको लागि सिमीकोट, रारा र शे–फोक्सुण्डोमा विद्युतीय पुस्तकालय स्थापना गर्ने, स्थानीय तहमा १५ सैय्याको अस्पताल निर्माण गर्ने, सिंजामा नेपाली तथा साहित्य विश्व सम्मेलन गर्ने, उपयुक्त स्थानमा हिमाली चिडियाखाना स्थापना जस्ता कार्यक्रमलाई बजेटले सम्वोधन गरेको छैन । नीति कार्यक्रम अनुसार बजेट तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

३. **विनियोजन दक्षता** : यो वर्ष मन्त्रालयलाई रु.५३ करोड ४७ लाख ६४ हजार बजेट बाँडफाँट तथा विनियोजन भएकोमा रु.११ करोड ६० लाख १३ हजार खर्च भएको छ । पुर्णरूपले वार्षिक कार्यक्रम संचालन हुन नसक्दा वित्तीय कार्यसम्पादन २१.६९ प्रतिशत रहन गई विनियोजन दक्षता न्युन देखिएको छ । मन्त्रालयको भवन निर्माण, पर्वतीय विज्ञान तथा प्रविधि विश्वविद्यालयको विस्तृत परियोजना प्रतिवेदन तयारी, एक जिल्ला एक बहुप्राविधिक उच्च शिक्षालय स्थापना तथा प्राविधिक उच्च शिक्षा संचालन गर्ने,क्याम्पसको भौतिक सुधार,कर्णालीलाई साक्षर प्रदेश घोषणा गर्ने,रुकुम पश्चिममा कृषि विज्ञान प्रतिष्ठान स्थापना गरी संचालन गर्ने,घुम्ति अस्पताल स्थापना, भाषा, कला, साहित्य प्रतिष्ठान गठन, लगायतका कार्यक्रम संचालन गरेको छैन। कार्यक्रम कार्यान्वयन दक्षता बढाउनुपर्दछ ।

४. **लक्ष्य प्रगति :** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५को नियम २६ अनुसार मन्त्रालयले तोकिएको ढाँचामा वार्षिक प्रगति विवरण तयार गर्नु पर्दछ। प्रदेश अन्तर्गतका १० जिल्लाका २७ कार्यालय र मन्त्रालयसमेतको विकास कार्यक्रमका समष्टिगत प्रगति विवरण निर्धारित ढांचामा तयार गरेको छैन। मन्त्रालयले प्रगति प्रतिवेदन तयार गर्नुपर्दछ ।

५. **हेलिकप्टर भाडा :** प्रदेश भ्रमण खर्च नियमावली, २०७५ को नियम ४ (१) अनुसार सरकारी खर्चमा भ्रमण गर्ने पदाधिकारी वा कर्मचारीले सम्भव भएसम्म किफायती र कम खर्चिलो साधन प्रयोग गरी भ्रमण गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले मुख्यमन्त्री, सामाजिक विकास मन्त्री, प्रमुख सचिव र स्वास्थ्य सेवा कार्यालयका निर्देशकसहितको टोलिले सुर्खेतबाट मुगु, कालीकोट, हुम्ला र जुम्लामा सामुदायिक नर्सिङ सम्वन्धी कार्यक्रमको स्थलगत अनुगमन गरेवापत हेलिकप्टर भाडा रु.१० लाख भुक्तानी गरेको छ । कार्यालयबाटै अनुगमन गर्न सकिने सामान्य कार्यक्रमको लागि हेलिकप्टर चार्टर गरी निरीक्षण गर्ने कार्यमा उपयुक्त सुधार हुनुपर्दछ।

स्वास्थ्य सेवा कार्यालयहरू

६. **उपभोक्ता समितिबाट खरिद :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ अनुसार उपभोक्ता समितिबाट निर्माण कार्य मात्र गराउन सकिनेमा जिल्ला स्वास्थ्य कार्यालय हुम्लाले उपभोक्ता समिति मार्फत रु.३४ लाख ७६ हजारको स्वास्थ्य सामग्री, फर्निचर र उपकरण खरिद गरेको छ ।

७. **प्राविधिक जाँच पास :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सामान प्राप्त भएपछि स्पेसिफिकेशन अनुसार सामान प्राप्त भए नभएको सम्बन्धमा सम्बन्धित विषयका प्राविधिकबाट जाँच पश्चात जिन्सी दाखिला गरी रकम भुक्तानी दिनुपर्ने उल्लेख छ । स्वास्थ्य सेवा कार्यालय, रुकुम पश्चिमले आइ-सि.यू.भेन्टिलेटर मेसिन, इ.सि.जि. मेसिन, अटोमेटेड डिस्ट्रिब्यूटर, यू.एस.जि. लगायतका रु.९८ लाख ७६ हजारका सामान खरिद गरेकोमा नियममानुसार सामानको प्राविधिक जाँच पास गरेको छैन । साथै उक्त स्वास्थ्य उपकरण कार्यालयमा दाखिला भएको छैन । प्रचलित कानुन अनुसार प्राविधिक सामानको गुणस्तर परीक्षण तथा जिन्सी आम्दानी नगरेको सम्वन्धमा सम्बन्धितलाई जिम्मेवार बनाउनु पर्दछ ।

प्रदेश अस्पताल सुर्खेत

८. **अक्सिजन प्लान्ट निर्माण :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ मा सम्झौता कार्यान्वयन सम्वन्धी व्यवस्था छ । सार्बजनिक निकायले सामान खरिद गर्दा सम्झौता अनुसार तोकेकै समयमा उपलव्ध गराउने व्यवस्था गर्नुपर्दछ । अस्पताललले अक्सिजन प्लान्ट निर्माण गर्न दुई निर्माण व्यवसायीसँग २०७७।३।२५ मा कार्य सम्पन्न गर्ने गरी रु.२ करोड ९२ लाख ८३ हजारमा सम्झौता गरेकोमा आर्थिक वर्षको अन्त्यसम्म रु.१ करोड ८९ लाख ५५ हजारको काम गरी २०७७।९।१५ सम्म म्याद थप गरेपनि काम सम्पन्न हुन सकेको छैन । अक्सिजन प्लान्ट स्थापना गर्ने कार्यमा ढिलाई हुँदा बजारबाट खरिद गरी उपचार गर्नु परेकोले सो प्लान्ट स्थापनाको उद्देश्य पुरा भएको छैन । प्रथम चरणको कोभिड १९ महामारीबाट संक्रमितको उपचार गर्न उक्त काम शुरु गरिएतापनि निर्माण व्यवसायीको ढीलाईको कारण कार्य सम्पन्न नगर्दा पनि कारवाही गरेको छैन । नियमावलीको व्यवस्था अनुरुप समयमा कार्य सम्पन्न गर्नुपर्दछ ।

९. **फोहोरमैला व्यवस्थापन :** अस्पतालले फोहोरमैला व्यवस्थापनको लागि २०७७/२/२५ मा रु.४९ लाख ५८ हजारमा अटोक्लेभ मेसिन खरिद गरेकोमा खरिद सम्झौता अनुसार २ वर्षको वारेन्टी अवधि देखिएतापनि विग्रिएको मेसिन आपूर्तिकर्ताबाट मर्मत गराएको छैन ।

१०. **दरभाउ पत्रबाट खरिद :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ (१क) मा रु. पचास लाख सम्मको मात्र औषधीजन्य मालसामान सिलवन्दी दरभाउपत्र मार्फत खरिद गर्न सकिने र सो भन्दा बढी मुल्यको त्यस्ता सामान बोलपत्र मार्फत खरिद गर्नुपर्ने उल्लेख छ । सो अनुसार अस्पतालले नियमित प्रयोगका औषधी खरिदको लागि छुट्टाएको बजेट टुक्राई सिलबन्दी दरभाउपत्र मार्फत रु.३ करोड ४८ लाख ६९ हजारको औषधी खरिद गरेको छ । खरिद कार्य प्रतिस्पर्धात्मक हुनुपर्दछ ।

११. **मेसिनको उपयोग :** अस्पतालले स्थापना र संचालन गर्ने भवन, जनशक्ति आदि पूर्वाधार तयार गरेपछि मेडिकल उपकरण खरिद गर्नु पर्दछ । प्रादेशिक अस्पतालले अस्पताल सेवा विस्तारको लागि पूर्वाधार बेगर लेजर सिस्टम,मोडुलर ओ.टि.,लन्ड्रि समेत ५ प्रकारका मेसिन रु.७ करोड ४७ लाखमा खरिद गरी मौज्दात राखेको छ । मेसिन जडान तथा संचालन नगरी राखेकोले उद्देश्यअनुरुप सेवा विस्तार हुन सकेको छैन । उक्त मेसिन जडान गरी प्रयोग गर्नुपर्दछ ।

१२. **आय दाखिला :** फार्मेसी सेवा संचालन निर्देशिका, २०७२ को बुंदा न. १५ र १६ अनुसार औषधी विक्रीको १० प्रतिशत र खुद नाफाको ९० प्रतिशत अस्पतालको मुल खातामा दाखिला गर्नु पर्ने व्यवस्था छ । अस्पतालले यस वर्ष खुद नाफा रु.१ करोड ९५ लाख ४६ हजार गरेकोमा उक्त व्यवस्थाअनुसार हुने रु.१९ लाख ५५ हजार मुल खातामा दाखिला गरेको छैन । रीतपूर्वक दाखिला गर्नुपर्दछ ।

१३. **लागत अनुमान :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ अनुसार मालसामान खरिदको लागत अनुमान तयार गर्दा सम्बन्धित वा जिल्लामा रहेको अन्य निकाय, स्थानीय वजारभाउ, अन्य वजारको भाउ आदिलाई आधार लिनु पर्दछ । प्रादेशिक अस्पताल सुर्खेतले यस वर्ष रु.४ करोड ३३ लाख ७५ हजारमा मोडुलर लेवोरेटोरी सेटअप र मोडुलर ओटी खरिद गर्दा लागत अनुमान तयार गरेको आधार नखुलाई एकमुष्ट लागत अनुमान तयार गरेको छ । प्रक्रिया पुरा गरी लागत अनुमान तयार गर्नु पर्दछ ।

कोभिड १९ सम्बन्धी कारोबार

१४. अस्पतालले कोभिड १९ रोकथाम तथा नियन्त्रण र व्यवस्थापनको लागि रु.६ करोड ८९ लाख १६ हजार खर्च गरेको विवरण पेश गरेको छ । यस सम्वन्धमा देखिएका ब्यहोरा निम्न छन् :-

१४.१ **पिसिआर मेसिन खरिद :** स्पेसिफिकेसन र लागत अनुमान तयार गरी खरिद गरेको समान विल बमोजिम भुक्तानी दिनु पर्दछ । अस्पतालले विलबेगर शिक्षण अस्पतालबाट एक पिसिआर मेसिन खरिद गरी रु.३२ लाख १० हजार भुक्तानी दिएको छ । उक्त मेसिन खरिद गरेको केहि समय पश्चात बिग्रिएकोले अर्को मेसिनबाट पिसिआर परीक्षण भई रहेको छ । त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल पिसिआर मेसिन बिक्रेता नभएको र पुरानो मेसिन सरकारी निकायहरू वीच खरिद विक्रिको सट्टा हस्तान्तरण गरी प्रयोग गर्न सकिनेमा विल बेगर खरिद विक्रि गरेको विषयमा एकीन गर्नुपर्दछ।

१४.२ **पिसिआर किट :** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ४७(१) मा कार्यालय प्रमुखले खरिद वा हस्तान्तरणबाट प्राप्त हुन आएको जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई जिन्सी किताबमा सात दिन भित्र आम्दानी बाँधी श्रेस्ता समेत खडा गरी अद्यावधिक गरी राख्नु पर्ने उल्लेख छ।

यस वर्ष अस्पतालको सहायतामा प्राप्त ७६८ समेत ४ हजार ६६८ पिसिआर किट आम्दानी देखिएकोमा १५ हजार ७४५ पिसिआर परीक्षण गरेको छ । अस्पतालमा प्राप्त किट आम्दानीमा नदेखाई खर्च गर्ने अनियमित कार्य नियन्त्रण गर्नु पर्दछ ।

सामाजिक विकास कार्यालयहरू

१५. **ठेक्काबाट काम गराएको :** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ (१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र निर्माण व्यवसायीबाट काम गराउन नमिल्ने उल्लेख छ। सामाजिक विकास कार्यालय, डोल्पाले उपभोक्ता समितिसँग कभर्ड हल तथा खेल मैदान निर्माण कार्य गर्ने सम्झौता गरेकोमा उपभोक्ता समितिले एक निर्माण व्यवसायीबाट कार्य सम्पन्न गराई रु.२० लाख भूक्तानी दिएको छ ।

१६. **कार्यक्रम फरक पारी खर्च :** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ३६ मा स्वीकृत कार्यक्रम र बजेट भित्र परेको रकम खर्च गर्न पाउने व्यवस्था छ । यसै गरी सोही नियमावलीको नियम २५ मा कार्यक्रम कार्यान्वयन गर्ने सिलसिलामा कार्यक्रमलाई संसोधन गर्न आवश्यक भएमा मन्त्रालयको स्वीकृती लिई लागत नबढाई संशोधन गर्न सकिने व्यवस्था छ ।सामाजिक विकास कार्यालय, हुम्लाले सामुदायिक क्याम्पसलाई भवन निर्माण कार्यका लागि रु.२० लाख निकासा दिएकोमा भवन निर्माण नगरी फिल्ड बनाउने तथा ग्याविन वाल निर्माण कार्यमा खर्च गरेको छ ।कार्यक्रम फरक पारी स्वीकृत वेगर अनियमित खर्च गर्ने पदाधिकारीलाइ जिम्मेवार बनाउनु पर्दछ ।

१७. **जिन्सी दाखिला :** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ४७ (१) मा प्राप्त हुन आएको जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई जिन्सी किताबमा ७ दिन भित्र आम्दानी बाध्नु पर्ने व्यवस्था छ । सामाजिक विकास कार्यालय जुम्ला, डोल्पा र हुम्लाले शैक्षिक उपकरण तथा विद्युतिय सामाग्री खरिद गरी रु.१ करोड ३४ लाख ४७ हजार विद्यालयलाई भुक्तानी दिएकोमा उक्त विद्यालयले ती सामाग्रीहरू विद्यालयको जिन्सी किताबमा आम्दानी बाधेको प्रमाण पेश गरेका छैनन् ।सम्बन्धित विद्यालयबाट जिन्सी दाखिलाको प्रमाण पेश गर्नु पर्दछ ।

१८. **भौतिक निर्माण तथा मर्मत संभार :** प्रदेश आर्थिक कार्यविधि नियमावली,, २०७५ को नियम ७८ मा आर्थिक वर्षको अन्त्य सम्म काम हुन नपाई बजेट फ्रिज हुन नदिने उदेश्यले पेश्कि दिन नहुने उल्लेख छ । कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६।७७ को क्रियाकलाप नं ८.२(छ) मा भौतिक संरचना निर्माण गर्न विद्यालयसँग सम्झौता भएपछि ३० प्रतिशत,, स्ट्रक्चरल पार्टको काम सम्पन्न भएपछि ५० प्रतिशत र कार्य सम्पन्न तयार भएपछि बाँकी २० प्रतिशत अनुदान उपलब्ध गराउनु पर्ने र विद्यालयले यस वर्षको जेष्ठ मसान्तसम्म निर्माण तथा मर्मत सम्भार कार्यसम्पन्न गर्नु पर्ने उल्लेख छ।शिक्षा विकास निर्देशनालय, सुर्खेतले २७ विद्यालयलाई निर्माण तथा मर्मतसम्भार कार्यको लागि विभिन्न ३ किस्तामा रु.५ करोड ४२ लाख ६९ हजार निकासा दिएको छ ।उक्त विद्यालयबाट कार्य सम्पन्न प्रतिवेदन पेश भएको छैन।नियमको पालना गराई कार्य सम्पन्न गराउनु पर्दछ ।

- **बेरुजुको स्थिति :** मन्त्रालय र मातहतका २७ निकायमा यो वर्ष रु.३१ करोड २८ लाख ४ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.१० लाख ७१ हजार फर्स्यौंट गरेकाले रु.३१ करोड १७ लाख ३३ हजार फर्स्यौंट गर्न बाँकी रहेको छ ।सोमध्ये रु.८ करोड ३७ लाख ९५ हजार पेस्की बेरुजु रहेको छ । यससम्बन्धी विवरण **अनुसूची-१० र ११** मा छ ।

मुख्य न्यायाधिवक्ताको कार्यालय

नेपालको संविधानको धारा १६० मा मुख्य न्यायाधिवक्ता सम्बन्धी व्यवस्था छ । प्रदेश सरकारको मुख्य कानूनी सल्लाहकार हुने र संवैधानिक एवं कानूनी विषयमा प्रदेश सरकार वा प्रदेश सरकारले तोकिदिएका अन्य अधिकारीलाई राय सल्लाह दिने मुख्य न्यायाधिवक्ताको कर्तव्य हुने उल्लेख छ । प्रदेश सभामा आवश्यकता अनुसार कानूनी प्रश्नहरूमा आफ्नो राय व्यक्त गर्ने र अर्धन्यायिक निकायमा प्रदेश सरकारको तर्फबाट मुद्दा मामिलामा प्रतिनिधित्व र प्रतिरक्षा गर्ने जिम्मेवारी समेत मुख्य न्यायधिवक्ताको रहेको छ ।

यो वर्ष विनियोजन रु.९३ लाख ९७ हजार र धरौटी रु.२ लाख ४६ हजार समेत रु.९६ लाख ४३ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । लेखापरीक्षणबाट देखिएका मुख्य ब्यहोरा निम्नानुसार छन्:-

१. **बहस, पैरवी र कानूनी राय** : मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्वन्धी ऐन, २०७५ को दफा ४(१)(क) बमोजिम प्रदेश सरकार बादी वा प्रतिवादी भएको मुद्धामा प्रदेश सरकारको तर्फबाट उपस्थित भई बहस वा पैरवी गर्ने गराउने र दफा ८(१) मा प्रदेश सरकार मातहतका कार्यालयले कुनै संवैधानिक वा कानुनी प्रश्नमा मुख्य न्यायाधिबक्तासँग राय माग गर्ने व्यवस्था रहेको छ । यस वर्ष प्रदेश सरकारका बिरुद्ध विभिन्न निकायलाई बिपक्षी बनाई सर्वोच्च अदालत, उच्च अदालत सुर्खेत र उच्च अदालत जुम्ला इजलासमा ३० मुद्धा दायर भएकोमा कार्यालयको तर्फबाट बहस पैरवी भई एक (१) मुद्धामा फैसला भएको छ । मातहतका कार्यालयले कुनै संवैधानिक वा कानुनी प्रश्नमा मुख्य न्यायाधिवक्तासँग राय माग नगरेकोले कानूनी राय नदिएको कार्यालयको भनाई रहेको छ ।

२. **निरीक्षण तथा अनुगमन** : मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्वन्धी ऐन,२०७५ को दफा ४(१क) बमोजिम प्रदेश स्थित हिरासत तथा थुनुवा कक्षमा रहेका थुनुवालाई आफन्तसँग वा कानुन व्यवसायी मार्फत भेट्न नदिएको वा मानवोचित व्यवहार नभएको उजुरी परेमा वा जानकारी हुन आएमा मुख्य न्यायाधिवक्ताको कार्यालयसँग समन्वय गरी सम्बन्धित अधिकारीलाई आवश्यक निर्देशन दिने व्यवस्था छ ।यस वर्ष सल्यान, रुकुम पश्चिम र सुर्खेत जिल्लाको हिरासत कक्ष तथा कारागारका कैदी बन्दीहरूको अवस्थाको निरीक्षण अनुगमन गरी प्रतिवेदन तयार गरेको पाईयो । प्रदेशस्थित सबै हिरासत तथा थुनुवा कक्ष र कैदी बन्दीहरूको निरीक्षण अनुगमन हुनुपर्दछ ।

- **बेरुजुको स्थिति** : कार्यालयको यो वर्ष रु.१ लाख २५ हजार बेरुजु देखिएकोमा फर्स्यौट हुन सक्ने प्रतिक्रिया तथा प्रमाण प्राप्त नभएकोले बाँकी रहेको छ ।यससम्बन्धी विवरण **अनुसूची–१०** मा छ ।

परिच्छेद-४

प्रतिवेदन कार्यान्वयन स्थिति

प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३५ बमोजिम महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण भई प्रारम्भिक प्रतिवेदनमा औल्याइएका बेरुजुका सम्बन्धमा सो बेरुजुको सूचना प्राप्त भएको ३५ दिनभित्र सम्बन्धित कार्यालयले तोकिए बमोजिम फर्स्यौंट तथा सम्परीक्षण गरी महालेखापरीक्षकको कार्यालयलाई जानकारी गराउनुपर्ने व्यवस्था छ । यस सम्बन्धी ब्यहोरा निम्न छन्:-

१. **प्रतिवेदन कार्यान्वयन** : प्रदेशको सार्वजनिक लेखा समितिमा महालेखापरीक्षकको वार्षिक प्रतिवेदनको ब्यहोरामा छलफल हुने व्यवस्था भएतापनि हालसम्म महालेखापरीक्षकको वार्षिक प्रतिवेदन प्रदेश सभामा पेश भएको छैन । प्रतिवेदन उपर छलफल प्रारम्भ गरी बेरुजु किनारा लगाई वित्तीय अनुशासन कायम गर्नुपर्दछ ।

२. **बेरुजु फर्स्यौंट** : यो वर्ष प्रदेशको सरकारी कारोबारतर्फ विनियोजन, राजस्व, धरौटी तथा अन्य कारोबारको ११८ कार्यालय र अन्य संस्था तथा समितितर्फ १० निकायको लेखापरीक्षण भएकोमा १०१ कार्यालयको बेरुजु रु.२ अर्ब ५४ करोड २२ लाख ८३ हजार रहेको छ । लेखापरीक्षण भएको १५ कार्यालयको प्रमाण तथा प्रतिक्रियाको आधारमा लगती दफा ४६ बाट रु.१ अर्ब ७० करोड ७५ लाख २ हजार फर्स्यौंट भई रु.८३ करोड ४७ लाख ८१ हजार बाँकी रहेको छ । समिति तथा अन्य संस्थातर्फ लेखापरीक्षण भएका १० समितिको लेखापरीक्षण हुँदा बेरुजु देखिएको छैन ।

गत वर्ष प्रदेशको सरकारी कारोबार र समिति तथा अन्य संस्था तर्फको रु.५१ करोड ७१ लाख ७० हजार बेरुजु फर्स्यौंट गर्न बाँकी रहेकोमा यो वर्ष रु.४ करोड ४ लाख २ हजार फर्स्यौंट भई रु.४७ करोड ६७ लाख ६८ हजार कायम भएको छ । कानुन बमोजिम बाँकी बेरुजु फर्स्यौंट गर्नुपर्दछ ।

३. **बेरुजु न्यूनीकरण** : प्रदेश सरकारको आर्थिक कारोबारमा महालेखापरीक्षकबाट औंल्याइएको त्रुटीलाई सुधार गरी आर्थिक अनुशासनको स्थिति मजबुत बनाउनु पर्दछ । प्रदेश कार्यालयहरू स्थापनाको सुरुवाती चरणमा रहेकाले आन्तरिक नियन्त्रण प्रणाली स्थापना, प्रभावकारी आन्तरिक लेखापरीक्षण, आर्थिक कार्यविधि, खरिद लगायतका कानुनमा रहेका जटिलता र अपर्याप्तता एवम् पालनामा कमी, कमजोरीको अनुगमन तथा नियमन र कर्मचारीतन्त्रमा जिम्मेवारी वहनको स्थितिमा बढोत्तरीमार्फत सुरु देखिनै बेरुजु न्यूनीकरणमा ध्यान दिनु पर्दछ ।

परिच्छेद-५

सुधारका क्षेत्रहरू

सार्वजनिक जवाफदेहिता, पारदर्शिता र वित्तीय अनुशासनको माध्यमबाट वित्तीय सुशासन कायम गर्न मद्दत पुग्दछ । स्रोत र साधनको प्राप्ति एवम् परिचालनबाट प्रदेशका विकास निर्माण, सेवाप्रवाहका गतिविधिलाई पारदर्शी, जवाफदेही, मितव्ययी र सुशासनयुक्त एवम् प्रभावकारी बनाउन शासन संचालन तथा आर्थिक कार्य प्रणालीमा सुधार गर्ने विषय निम्न छन् :

१. नीतिगत तथा कानुनी व्यवस्था

१.१. प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ अनुसार विभिन्न मन्त्रालयहरूलाई तोकिएका तर सम्पादन नभएका कार्य जिम्मेवारीहरूलाई नीति तथा कार्यक्रममा समावेश गरी कार्यान्वयन तालिका बनाई कार्यान्वयन गर्नुपर्दछ ।

१.२. नेपालको संविधानको धारा ५७ (६) बमोजिम प्रदेशले पहिचान गरेका क्षेत्रमा कानुन र कार्यविधि संघीय कानुनसँग सामन्जस्यता हुने गरी निर्माण गर्नुपर्दछ । कार्यविधि तर्जुमा गर्दा प्रत्यायोजित विधायनको स्रोत खुलाउनु पर्दछ ।

२. वित्तीय व्यवस्थापन

२.१. प्रदेशले दिगो विकासका लक्ष्यलाई आन्तरिकीकरण गरी ती लक्ष्य प्राप्त गर्न आवधिक योजना र बार्षिक बजेट तर्जुमा गर्ने, खर्च व्यवस्थापनमा सुधार गर्ने, खर्च र उपलब्धिलाई कार्य सम्पादन मूल्यांकनसँग आबद्ध गर्ने लगायतका काम गर्नुपर्दछ । दिगो विकास लक्ष्य कार्यान्वयन सम्बन्धमा प्रदेशस्तरीय निर्देशक एवं विषयगत समिति गठन गर्नुपर्दछ ।

२.२. बजेट प्रणालीमा सुधार गर्न प्राथमिकतामा रहेका कार्यक्रममा बजेट विनियोजन गर्ने, मध्यमकालीन खर्च संरचना तयार गरी सोही आधारमा बजेट तर्जुमा सोही आधारमा गर्ने, शुरुमा बजेट विनियोजन नगरी रकमान्तर तथा अबण्डा राखी खर्च गर्ने कार्यमा नियन्त्रण, विस्तृत परियोजना प्रतिवेदन तयार भएका योजनामा मात्र विनियोजन गर्ने, धेरै कार्यक्रमभन्दा उपलब्धिमूलक कार्यक्रमलाई प्राथमिकताका आधारमा बजेट तर्जुमा गर्ने लगायतका कार्यहरू गर्नुपर्ने देखिएका छन् ।

२.३. बजेट कार्यान्वयन र खर्च व्यवस्थापनमा सुधार गर्न निर्देशनालय प्रमुख, कार्यालय प्रमुखसँग कार्य सम्पादन सम्झौता गरी बजेट विनियोजन, खर्च र उपलब्धिलाई कार्य सम्पादन मूल्याङ्कनसँग आवद्ध गर्नुपर्दछ । चालुखर्च नियन्त्रण गर्न मितव्ययिता सम्बन्धी निर्देशिका र मापदण्ड बनाई लागू गर्ने, अनुत्पादक खर्च नियन्त्रण गर्ने र आयोजना व्यवस्थापनमा सुधार गरी पुँजीगत खर्च वृद्धि गर्नुपर्दछ ।

२.४. प्रदेश तथा स्थानीयतहले खर्च गरेका वैदेशिक सहायताको संघीय सरकारमा प्रतिबेदन गर्ने र समयमै सोधभर्ना माग गर्ने उपयुक्त ब्यवस्था मिलाउनुपर्दछ ।

३. **आयोजना व्यवस्थापन :** सम्भाव्यता अध्ययन, आयोजना छनौट, बजेट तथा कार्यक्रम स्वीकृति, कार्यान्वयन, सुपरिवेक्षण, अनुगमन मूल्याङ्कन लगायत विभिन्न चरण पालना गर्दै आयोजना स्वीकृत र संचालन गर्नुपर्दछ । आयोजना सम्पन्न भएपछि प्रतिफलको लेखाजोखा गर्नुपर्दछ । प्रदेश गौरवका आयोजना छनौटको कार्यविधि निर्माण गर्नुपर्दछ ।

३.१. आयोजनाको बिस्तृत संभाव्यता अध्ययन गरी लागत लाभ बिश्लेषणबाट उपयुक्त देखिएका आयोजना छनौटमा प्राथमिकता दिने, सम्पन्न नभएका आयोजनाहरूको विश्लेषण गरी कार्यतालिका बमोजिम कार्य गरी अधुरा आयोजना सम्पन्न गर्ने नीति लिनुपर्दछ । परियोजना बैंक तयार गरी प्राथमिकता प्राप्त आयोजनाको छनौट गरी पूँजीगत खर्चलाई उपलब्धिमुलक क्षेत्रमा परिचालन गर्नुपर्दछ ।

३.२. संघीय सरकारबाट हस्तान्तरण भइ आएका आयोजनाहरूमा पर्याप्त बजेट व्यवस्थापन गरी कार्यान्वयन गर्नुपर्दछ । निश्चित मापदण्ड निर्धारण गरी संघ र स्थानीय तहसँग दोहोरो नपर्ने गरी आयोजना कार्यान्वयन हुनुपर्दछ ।

३.३. आयोजनाको अनुगमन र मूल्याङ्कन कार्यलाई आयोजना कार्यालय, मन्त्रालय स्तर, प्रदेश नीति तथा योजना आयोग र मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयले अनुगमन मुल्याङ्कन सम्बन्धी आधुनिक विधिहरू प्रयोगमा ल्याई प्रभावकारी बनाइनुपर्दछ । संघ र प्रदेशबाट संचालन हुने आयोजनासँग सम्बन्धित सूचनाहरूलाई ब्यबस्थित गर्न एवं प्रगतिको अनुगमन गर्न आयोजना व्यवस्थापन सूचना प्रणाली तर्जुमा गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

४. **खरिद व्यवस्थापन** : सार्वजनिक निकायले खरिद गुरुयोजना तथा वार्षिक खरिद योजना तयार गरी प्रतिस्पर्धात्मक रूपमा खरिद कार्य गर्नुपर्दछ । परामर्श सेवा खरिदमा आन्तरिक जनशक्तिको अधिकतम परिचालन गरी अपनत्वको विकास गर्नुपर्दछ । साथै परामर्श सेवाको नर्म्स तयार गरी लागू गर्नुपर्दछ ।

४.१. निर्माण कार्य अधुरो रहँदा सरकारलाई ठूलो रकमको दायित्व सिर्जना हुने तर तोकिएको समयमा प्रतिफल प्राप्त नहुँदा लाभग्राहीले सेवाबाट वञ्चित भई नागरिकको जीवनस्तरमा अपेक्षित सुधार हुन सकेको छैन । निर्माण व्यवसायीलाई समयमा कार्यसम्पन्न गर्ने वातावरण तयार गर्ने र आईपरेका बाधा व्यवधान समाधान गर्न कार्यमा सम्बन्धित सार्वजनिक निकायले अग्रसरताका साथ सहयोग र सबै पक्ष निकायबीच समन्वय तथा सहकार्य हुने व्यवस्था गर्नुपर्दछ ।

४.२. खरिद कानुनमा उल्लेखित सीमाभन्दा बढीको काम टुक्राटुक्रा पारी उपभोक्ता समितिलाई दिने, उपभोक्ता समितिहरूले निर्माण व्यवसायीबाट काम गराउने कार्य नियन्त्रण गर्नुपर्दछ । उपभोक्ता समितिले समेत सार्वजनिक खरिद कानुन प्रयोग गर्ने व्यवस्था मिलाउनु पर्दछ ।मेशिन प्रयोग गर्नु नपर्ने श्रममूलक काममा मात्र उपभोक्ता समितिलाई सीमित गर्नुपर्दछ । उपभोक्ता समितिहरूबाटि गरिने कार्यमा जनसहभागिता सुनिस्चित गर्ने तथा निर्माण सम्पन्न पश्चात मर्मत संभारको जिम्मेवारीसहित हस्तान्तरण गर्नुपर्दछ ।

५. **खर्च व्यवस्थापन :** एउटै उद्देश्यमा बेग्लाबेग्लै निकायमा स्रोत विभाजन गरी खर्च गर्ने कार्यमा नियन्त्रण गर्ने, मन्त्रालयहरू कार्यक्रम/आयोजना कार्यान्वयन गर्ने कार्यको सट्टा नीतिगत निर्णय, अनुगमन र मूल्यांकनमा संलग्न हुनुपर्ने, पुँजीगत खर्चलाई कार्यक्रम, समय, बजेट परिचालनसँग आबद्ध गर्नुपर्ने विषयमा सुधार हुनुपर्दछ । साथै खर्च सम्बन्धी मापदण्ड तयार गरी मितव्ययी तवरले खर्च गर्ने व्यवस्था हुनुपर्दछ ।

६. **परामर्श खर्च** : सम्भाव्यता अध्ययन, विस्तृत परियोजना प्रतिवेदन लगायतका कार्य सकभर आन्तरिक जनशक्तिबाट गराउन पहल गर्ने, बाह्य जनशक्तिबाट गराउनु पर्ने अवस्थामा प्याकेज बनाई प्रतिस्पर्धात्मक तरिकाले खरिद गर्ने, प्राप्त प्रतिवेदन उपर छलफल गरी वस्तुनिष्ठ बनाउने र अध्ययन भएका योजना वार्षिक कार्यक्रममा समावेश गर्ने लगायतका कार्य गरी परामर्श खर्चलाई प्रभावकारी बनाउनु पर्दछ ।

७. **अनुदान** : अनुदान कार्यक्रमहरूलाई व्यवस्थित रूपमा कार्यान्वयन गर्न आवश्यक पर्ने निर्देशिका र कार्यविधि ऐन तथा नियमावलीको आधारमा तर्जुमा गर्ने, दोहोरो अनुदान नियन्त्रण गर्ने, अनुदानमा समान पहुँचको सुनिश्चतता गर्ने, लाभग्राहीको लागत सहभागिता नहुने गरी निजी संथालाई अनुदान दिने परिपाटी अन्त्य गरिनुपर्ने तथा अनुदानको अनुगमन मूल्याङ्कन गर्ने लगायतका कार्य गरी उपलब्धि सुनिश्चित गरिनुपर्दछ । नतिजा वा उत्पादनका आधारमा अनुदान दिने नीति अबलम्बन गर्नुपर्दछ ।

८. **सार्वजनिक सम्पत्तिको उपयोग र संरक्षण** : सरकारी जग्गा तथा वन क्षेत्रको लिज, उपयोग, भोगाधिकार दिने तथा खानी उत्खनन् लगायत प्राकृतिक स्रोत साधनको उपयोगलाई व्यवस्थित गर्न स्पष्ट मापदण्ड तयार गरी सोको समुचित उपयोग र प्रतिफल प्राप्त हुने ढङ्गले व्यवस्थापन एवं अनुगमन गर्नुपर्दछ ।

संघबाट प्रदेश तथा स्थानीय तहमा जिन्सी सामान, सवारी साधन, भवन हस्तान्तरण गरिएका विवरण तथा वर्तमान अवस्थाको अभिलेख राख्ने एवं अद्यावधिक गरी प्रकाशन गर्नुपर्दछ ।

९. **सेवा प्रवाह** : सार्वजनिक स्रोत र साधनको अधिकतम उपयोग गरी सेवा प्रवाहलाई मितव्ययी, प्रभावकारी र दक्षतापूर्वक संचालन गर्न चक्रीय समय प्रणाली, टोकन प्रणाली, एकद्वार सेवा प्रणाली र हेल्पडेस्क प्रणाली कार्यान्वयनमा ल्याउन आवश्यक व्यवस्था मिलाउनुपर्दछ । सेवाग्राहीको समय र लागत घटाउन विद्युतीय माध्यमबाट सेवा प्रवाह गर्ने व्यवस्था मिलाउनुपर्दछ । यसैगरी प्रदेश तहबाट प्रवाह हुने सेवालाई व्यवस्थित गर्न, घुम्ती सेवा प्रदान गर्ने, सेवा मापदण्ड निर्धारण गर्ने, अनुगमन संयन्त्र बनाउने र गुनासो सुनुवाई सयन्त्रको व्यवस्था र आवधिक रूपमा सार्वजनिक सुनुवाई गर्ने प्रक्रिया अवलम्वन गर्नुपर्दछ ।

९.१. सेवा प्रवाहमा संलग्न पदाधिकारी र जनशक्तिको विद्यमान घुमाउरो उत्तरदायित्व प्रणाली अन्त गरी सेवाग्राहीप्रति सिधै उत्तरदायी र जवाफदेही हुनुपर्ने प्रणाली लागु गर्नुपर्दछ । यसका लागि गुनासो सुनुवाईको विश्वसनियता अभिवृद्धि गर्न गुनासो व्यवस्थापनमा सामाजिक सञ्जाल र विद्युतिय माध्यमको प्रयोग गरी तालुक निकाय र स्वतन्त्र निकायको अनुगमन मूल्यांकन प्रणालीलाई व्यवहारिक रूपमा कार्यान्वयन गर्नुपर्दछ ।

९.२. सार्वजनिक परीक्षण, सामाजिक परिक्षण, सार्वजनिक सुनुवाई, पत्रकार सम्मेलन, सार्वजनिक सवाल जवाफका माध्यमबाट सार्वजनिक सेवाका सम्बन्धमा प्राप्त पृष्ठपोषण अवलम्बन गरी सेवा प्रवाह सुदृढीकरण गर्न सार्वजनिक सेवाको गुणस्तर मापदण्ड निर्धारण गरी लागु गर्नुपर्दछ ।

१०. **बिपद व्यवस्थापन** : विपद् व्यवस्थापन लगायतका कोषहरूको उपयोग, परिचालन सम्बन्धमा मापदण्ड तयार गरी कोष परिचालनलाई प्रभावकारी बनाउनु पर्दछ ।

कोभिड १९ को रोकथाम तथा नियन्त्रणको लागि अपनाउनु पर्ने सावधानी तथा सतर्कताको लागि सूचना प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ । अस्पतालको क्षमता विकास, जनशक्ति व्यवस्था गरी उपचार सेवामा सुधार गर्नुपर्दछ । मानवीय जीवनलाई नै प्रधानता दिई सबैलाई खोपको समन्यायिक व्यवस्थापन गरिनुपर्दछ ।

११. **संगठन र कर्मचारी व्यवस्थापन** : प्रदेशस्तरको कार्य सम्पादनमा प्रभावकारिता ल्याउन सबै सरकारी निकायको सँगठन तथा व्यवस्थापन सर्भेक्षण र व्यवस्थापन परीक्षण गरी विकास निर्माण, सेवा प्रवाहका

गतिविधिलाई प्रभावकारी बनाउन एकीकृत एवं समन्वयात्मक रूपले कार्य सम्पादन गर्न दोहोरो नपर्ने गरी सँगठन संरचना स्वीकृत गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

१२. **राजस्व सङ्कलन** : अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्रदेश सरकारको अधिकार क्षेत्रमा पर्ने घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, कृषि आयमा कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क लगायतका क्षेत्र परिचालन गरी अधिकार क्षेत्र अन्तर्गत पर्ने विषयमा राजस्व सङ्कलनलाई प्रभावकारी बनाउनुपर्दछ ।

१३. **लेखाङ्कन प्रतिवेदन र लेखापरीक्षण**

१३.१. आन्तरिक नियन्त्रणसम्बन्धी व्यवस्थालाई प्रभावकारी वनाउन प्रदेश मन्त्रालय र अन्तर्गत निकायबाट सम्पादन गर्ने कार्य मितव्ययी, दक्ष र प्रभावकारी ढंगबाट सम्पादन गर्न वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन तथा प्रचलित प्रदेश कानूनबमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्दछ ।

१३.२. सार्वजनिक निकायको लेखा प्रणाली, लेखा ढाँचाको स्वीकृति तथा वित्तीय प्रतिवेदन प्रणालीमा समयसापेक्ष सुधार गरी सार्वजनिक कोषको पारदर्शिता र विश्वसनीयता प्रबर्द्धन गर्न सार्वजनिक क्षेत्रको लागि नेपाल सार्वजनिक क्षेत्र लेखामान (नेप्सास) प्रदेशका सबै निकायहरूमा कार्यान्वयनमा ल्याउनु पर्दछ ।

१३.३. तोकिएको समयमा केन्द्रीय हिसाब र वित्तीय विवरण तयार गरी आन्तरिक एवं अन्तिम लेखापरीक्षण समयमा सम्पन्न गरी प्रतिवेदनको कार्यान्वयन गर्ने, सूचना प्रविधि प्रयोगमा ल्याउनुपर्दछ।

१३.४. संसदीय समिति, मन्त्रिपरिषद्का निर्णय तथा निर्देशनहरू तथा प्रदेश समन्वय परिषदको निर्णय कार्यान्वयन र पालना सम्बन्धमा अनुगमन संयन्त्र निर्माण गरी कार्यान्वयनको सुनिश्चितता गर्नुपर्दछ ।

१३.५. अन्तर सरकारी वित्तीय व्यवस्थापन ऐन, २०७४ बमोजिम आफू अन्तर्गतका स्थानीय तहबाट आयव्ययको विवरण लिई एकीकृत गरेर संघीय अर्थ मन्त्रालयमा पठाउने व्यवस्था गर्नुपर्दछ ।

१४. **अन्तरनिकाय समन्वय** : नेपालको संविधानले संघ र प्रदेशबीच सहकार्य र समन्वय हुनुपर्ने व्यवस्था गरेको छ । तीन तहका सरकार रहेको अवस्थामा प्रदेश सरकारले स्थानीय तह र संघीय सरकारबीच पुलको रूपमा कार्य गर्न तथा योजना तथा कार्यक्रमहरू संचालन गर्दा अन्तर सरकारबीच दोहोरो नपर्ने गरी योजना छनौट, बजेट विनियोजन तथा संचालन हुनुपर्नेमा सरकारबीच समन्वयको अभावले एउटै योजनामा पनि तीन वटै तहका सरकारबाट बजेट विनियोजन तथा संचालन भएको देखिएकोले तीनै तहका सरकारबीच समन्वय स्थापित हुनुपर्दछ ।

१५. **गुणस्तर परीक्षण** : सार्वजनिक निर्माण कार्यालई दीगो र प्रतिफलमूखी बनाउन स्पेसिफिकेशन र गुणस्तर आश्वस्तता योजना अनुसार निर्माण सामाग्रीहरूको गुणस्तर परीक्षण नगरी भुक्तानी दिने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

१६. **कानुन पालना** : विद्यमान खरिद, आर्थिक कार्यविधि र अन्य प्रचलित कानुनहरूको प्रभावकारी पालना गरी आर्थिक अनुशासन कायम गर्दै आर्थिक अनियमितता घटाउनु पर्दछ ।

उपर्युक्त बमोजिम नीतिगत, कानुनी, व्यवस्थापकीय, प्रक्रियागत, प्रणालीगत, सुधार कार्य हुनसकेमा वित्तीय व्यवस्थापनमा सुधार भई वित्तीय सुशासन कायम हुने अपेक्षा गर्न सकिन्छ ।

अनुसूचिहरू

अनुसूची-१

(प्रतिवेदनको परिच्छेद १ दफा १ सँग सम्बन्धित)

लेखापरीक्षण गरीएका सरकारी कार्यालयहरू

(विनियोजन, राजस्व, धरौटी र अन्य कारोवार)

(रु.हजारमा)

क्र.सं.	**मन्त्रालय र निकायको नाम**	**कार्यालय संख्या**	**बेरुजु भएका कार्यालय संख्या**	**बेरुजु रकम**
१.	प्रदेश सभा सचिवालय	१	१	२९२३
२.	मुख्य मन्त्री तथा मन्त्रिपरिषदको कार्यालय	३	२	०
३.	आर्थिक मामिला तथा योजना मन्त्रालय	११	२	१०९
४.	आन्तरिक मामिला तथा कानुन मन्त्रालय, सुर्खेत	१	१	५००
५.	उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	२३	१९	१२०७६६
६.	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	२६	२३	१९८३८७
७.	भौतिक पुर्वाधार विकास मन्त्रालय	२५	२५	२००२३८
८.	सामाजिक विकास मन्त्रालय	२७	२७	३११७३३
९.	मुख्य न्यायाधिवक्ताको कार्यालय	१	१	१२५
	जम्मा	**११८**	**१०१**	**८३४७८१**

अनुसूची-१(क)
(प्रतिवेदनको परिच्छेद १ सँग सम्बन्धित)

लेखापरिक्षण गरीएका कार्यालयहरूको विवरण

२०७६/७७

क्र.सं.	मन्त्रालय रनिकायको नाम	कार्यालय संख्या
१.	**प्रदेश सभा सचिवालय**	**१**
२.	**मुख्य मन्त्री तथा मन्त्रिपरिषदको कार्यालय**	**३**
२.१.	मुख्य मन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सुर्खेत	१
२.२.	महिला विकास प्रशिक्षण केन्द्र, सुर्खेत	१
२.३.	कर्णाली प्रदेश योजना आयोग, सुर्खेत	१
३.	**आर्थिक मामिला तथा योजना मन्त्रालय**	**११**
३.१.	आर्थिक मामिला तथा योजना मन्त्रालय, सुर्खेत	१
३.२.	प्रदेश लेखा नियन्त्रकको कार्यालय, सुर्खेत	१
३.३.	प्रदेश लेखा ईकाई, जाजरकोट	१
३.४.	प्रदेश लेखा ईकाई, डोल्पा	१
३.५.	प्रदेश लेखा ईकाई, कालिकोट	१
३.६.	प्रदेश लेखा ईकाई, जुम्ला	१
३.७.	प्रदेश लेखा ईकाई, दैलेख	१
३.८.	प्रदेश लेखा ईकाई, सल्यान	१
३.९.	प्रदेश लेखा ईकाई, रुकुम पश्चिम	१
३.१०.	प्रदेश लेखा इकाई, हुम्ला	१
३.११.	प्रदेश लेखा इकाई, मुगु	१
४.	**आन्तरिक मामिला तथा कानुन मन्त्रालय, सुर्खेत**	**१**
५.	**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय**	**२३**
५.१.	उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, सुर्खेत	१
५.२.	वन तथा वातावरण निर्देशनालय, सुर्खेत	१
५.३.	डिभिजन वन कार्यालय, सुर्खेत	१
५.४.	डिभिजन वन कार्यालय, दैलेख	१
५.५.	डिभिजन वन कार्यालय, सल्यान	१
५.६.	डिभिजन वन कार्यालय, जाजरकोट	१
५.७.	डिभिजन वन कार्यालय, रुकुम पश्चिम	१
५.८.	डिभिजन वन कार्यालय, जुम्ला	१
५.९.	डिभिजन वन कार्यालय, हुम्ला	१
५.१०.	डिभिजन वन कार्यालय, मुगु	१
५.११.	डिभिजन वन कार्यालय, डोल्पा	१
५.१२.	डिभिजन वन कार्यालय, कालिकोट	१
५.१३.	उद्योग तथा उपभोक्ता हित निर्देशनालय, सुर्खेत	१

५.१४.	उद्योग तथा उपभोक्ता हित कार्यालय, दैलेख	१
५.१५.	उद्योग तथा उपभोक्ता हित कार्यालय, सल्यान	१
५.१६.	उद्योग तथा उपभोक्ता हित कार्यालय, जाजरकोट	१
५.१७.	उद्योग तथा उपभोक्ता हित कार्यालय ,रुकुम पश्चिम	१
५.१८.	उद्योग तथा उपभोक्ता हित कार्यालय, जुम्ला	१
५.१९.	उद्योग तथा उपभोक्ता हित कार्यालय, हुम्ला	१
५.२०.	उद्योग तथा उपभोक्ता हित कार्यालय, मुगु	१
५.२१.	उद्योग तथा उपभोक्ता हित कार्यालय, डोल्पा	१
